# संघीय संसद

# राष्ट्रिय सभा

# बाह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# ३० असार २०७९

# बिहीवार

# बैठक सङ्ख्या— ३७

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको ११:०० बजे प्रारम्भ भयो ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नको लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु । शून्य समयमा बोल्नको लागि प्रत्येक माननीय सदस्यहरूलाई एक/ एक मिनेटको समय निर्धारण गरेको छु । माननीय गंगा कुमारी बेलवासे ।

**<u>माननीय श्री गंगा कुमारी बेलवासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**ः- सम्माननीय अध्यक्षज्यू, अहिले हामी असारको अन्तमा छौं । एकातिर अतिवृष्टि र एकातिर खडेरीको समस्या भइरहेको छ । पश्चिम नेपालमा पानी परिरहेको छैन । धान रोप्ने बेलाको बिउ तयार भएको छ तर खडेरीको समस्या भएको छ । र अगाडि आएको, समयभन्दा अगाडि नै आएको बाढीले धेरै ठाँउमा बाढी र पहिरोको समस्याहरू भएको थियो । र अहिले यो समस्यालाई सरकारले समयमै ध्यान दिनका लागि कति

चुस्त दुरुस्त संयन्त्रहरू बनाइरहेको छ । त्यसको अनुगमन कसरी भइरहेको छ र त्यसलाई व्यवस्थापन कसरी भइरहेको छ भन्ने कुराको .....(समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय गोपाल भट्टराई ।

**<u>माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्षज्यू, म रुपन्देही जिल्लाको बुटवल उपमहानगरपालिका वडा नं. ३ मा पर्ने र ज्योतिनगर भन्ने ठाँउमा वर्षेनी पहिरोले करिब दुई सय घर विस्थापित भइसकेका छन् । र यो वर्ष पनि दुइटा घर विस्थापित भा' छन् थप र त्यो पहिरो कहाली लाग्दो छ । र त्यसको कारणले बुटवल नगरपालिका नै जोखिममा रहेको छ । त्यहाँको पुरानो क्याम्पस बुटवल बहुमुखी क्याम्पस सबै लेदोले पुरिएर हिलाम्मे छ । अब त्यसलाई विस्थापन गर्नुपर्ने अवस्था देखिएको छ । सरकारको ध्यान त्यतातिर खासै छैन । .....(समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय जग प्रसाद शर्मा ।

**<u>माननीय जग प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, नियम, कानुन, विधि, पद्धति, मूल्य मान्यता र नैतिकता गल्ती, कमजोरी र अपराध गर्नेलाई दण्ड, सजाय र राम्रो गर्नेलाई पुरस्कार र प्रोत्साहन गर्नलाई मात्र होइन बरु सव्य सुन्दर समाज निर्माण गर्नका लागि हो । यो समाज सुसंस्कृत र श्रेष्ठ संस्कार स्थापना गर्नलाई हो । सकेसम्म अभियान नचलाएर, सङ्घर्ष नगरेर, दबाब नदिएर, आन्दोलन नगरेर यो नैतिकतालाई स्थापित गर्न पाए राम्रो हुन्थ्यो भन्ने प्रतिपक्ष दलको नेताको उद्घोषलाई यति खेर पुनःआत्मसाथ गर्नुपर्ने आवश्यकता देखिन्छ । बाहिर पत्र पत्रिका, आम मिडियामा चर्चा परिचर्चा छ । प्रतिपक्ष दल एमालेका अर्थ विभागका योजना एम अधिकारी, सदस्य एम अधिकारी र राष्ट्र बैङ्कका गभरर्नर महाप्रसाद अधिकारी एउटै हुन् या फरक हुन् यसको छानबिन गरेर सरकारले सत्य तथ्य छानबिन गरोस् भन्ने अध्यक्ष महोयमार्फतमा व्यक्त गर्न चाहन्छु । र उनले नेपाली अर्थतन्त्र .....(समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय शारदा देवी भट्ट ।

**<u>माननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, सुस्त अर्थतन्त्र, बढ्दो बरोजगारी, चरम् गरिबी, महङ्गो स्वास्थ्य उपचार यस्ता अनेकौं समस्याबाट गुज्रिरहेका जनताको थाप्लोमा अहिले बजारमा बढिरहेको महङ्गी हुँदा खानै नहुँदा भोकै बस्ने जनताको झनै कठिन स्थिति भएको अवस्था छ । एउटा साधारण आम्दानी हुने परिवारलाई बिहान, बेलुकाको दुई छाक टार्न पनि समस्या भइरहेको छ । बजारमा गयो चारैतिर महङ्गी व्याप्त छ । यस्तो लाग्छ उनीहरूलाई नियन्त्रण गर्ने कुनै निकाय छैन । सरोकारवाला र सरकारवाला मौन छ । उनीहरूको सिद्धान्त छ तैं चुप मै चुप । यस्तो अवस्था कहिलेसम्म रहने हो? दुई छाक खान पाउने जनताको अधिकार कहिलेसम्म हनन हुने हो? सरकारसँग मेरो प्रश्न छ । यसतर्फ सरकारले समयमै ध्यान दिनुस् । सम्माननीय अध्यक्षज्यूमार्फत नेपाल सरकारको ध्यान आकर्षण गराउन चाहन्छु । धन्यावाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सुमित्रा वि.सी. ।

**<u>माननीय श्री सुमित्रा वि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- यो सरकारले विभिन्न महत्त्वपूर्ण विधेयकहरू नागरिकता विधेयक, हात हतियार किन्ने विधेयक, महिला हिंसा, यौन हिंसाका विधेयकहरू हतार हतारमा ल्याएर यो छलफल पनि गर्न नपाएर जुन हतार हतारमा विधेयकहरू ल्याएको छ यो महिला हिंसा, यौन हिंसासम्बन्धीको सङ्कल्प प्रस्ताव राष्ट्रिय सभामा पास भइसकेकोले यो हद म्यादको बारेमा सरकारले पुनर्विचार गरोस् । र यो भोकमारीले, महामारीले आक्रान्त भएका जनताहरूलाई अहिले आवश्यक नहुँदाका बेलामा पनि हात हतियार किनेर, गोली गट्ठा किनेर, बन्दुक किनेर चैं जनतालाई सुरक्षित गर्छौं भन्ने कुरो यो बेठिक कुरा हो । र सम्बन्धित निकायले यो आवश्यक छैन भन्दाभन्दै पनि रातारात प्रतिपक्षको विरोध आयो भनेर बालुवाटार बोलाएर विज्ञप्ति निकाल्न लगाउने कुरो बेठिक छ र यसको बारेमा सभाले .....(समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम २० को उपनियम (६) तर्फ माननीय सदस्यहरू तथा मन्त्रीहरूको ध्यान आकर्षण गराउँदछु । माननीय सदस्यहरू, विशेष समयमा बोल्नको लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु ।

माननीय प्रकाश पन्थ । समय ८ मिनेट । यसपछि माननीय भैरव सुन्दर श्रेष्ठ ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, हामी जति नै धेरै धेरै ठुल्ठुला कुरा गरे पनि नेपालीहरू श्रमको लागि विदेश जाने क्रम रोकिएकै छैन । अझै पनि हाम्रो नीतिले, कार्यक्रमले उनीहरूलाई नेपालमै रोक्ने र विदेश गएकालाई पनि फर्काउने खालको खास स्पष्ट कार्यक्रमहरू पनि देखिएको पनि छैन । अब यति हुँदाहुँदै पनि लाखौं युवाहरूले मुलुक छोडिरहेकै छन् । लाखौं युवाहरूले रगत पसिना बगाएर रेमिट्यान्स पठाएकै छन् । मुलुक चलेकै छ र सरकारले यसैमा आफूलाई गोरवान्वित ठानिरहेको स्थितिहरू पनि छ ।

अब यहीनेर अलिकति फेरि के छ भने वैदेशिक रोजगारमा पनि विभेदका कुराहरू छ । नेपालको वैदेशिक रोजारमा अलिकति विभेद देखियो । मन्त्रालयले लिने नीतिहरूमा । त्यो विभेद के हो भन्दाखेरि श्रम अवधि सकिएका व्यक्ति र श्रम अवधिमै रहेका व्यक्तिहरूको बिचमा राज्यले एक किसिमको विभेदहरू गरेको छ । नेपालमा वर्तमान अवस्थालाई हेर्ने हो भने नेपालमा विमानस्थाल प्रयोग गरेर अहिले पनि दैनिक १२ सयभन्दा बढी नेपालीहरू श्रमको लागि विदेश गइरहेको कुराहरू हामीले दिनदिनौं देखिरहेका छौं र यो सङ्ख्या बढेको छ । निरन्तर बढिरहेको छ । र अहिले यो कहाली लाग्दो स्थिति पनि छ ।

रेमिट्यान्सकै आधारमा नेपालको जीडीपी मा झन्डै यता ३० पर्सेन्ट त्यसले चैं ओगटेको, त्यसले लिएको कुराहरू राष्ट्र बैङ्कलगायतको तथ्याङ्कमा हामीले हेर्न सक्छौं । अब यो खाली रेमिट्यान्स पठाइद्या' छ उनीहरूले अनि फेरि सरकारले चैं जिल्ला प्रशासन कार्यालयले पासपोर्ट बनाइदेकै छ । त्यो बाहेक अनि अब ऋण, धन गरेर उनीहरूले बैङ्कबाट, अरू ठाँउबाट लोन लिएकै, ऋण लिएकै छन् । यसमा त्योभन्दा बाहेक राज्यको संरक्षण अभिभावकत्व चैं अलिकति कमी नै देखियो ।

के छ भने अब यो नेपालमा यहाँ समस्या के भयोभन्दा खेरि नेपालमा श्रम गरेर विदेश गएका व्यक्तिको मृत्यु, वहाँ विदेशमा मृत्यु भयो भने पनि, उनीहरूले अब त्यो अङ्ग भङ्ग भयो भने पनि र त्यसपछि त्यस कल्याणकारी कोषलगायत कार्यक्रमहरूबाट केही पैसाहरू सहयोग गर्ने त्यहाँबाट ७ लाख आउँछ अहिले र अनि पछि बिमाहरूलगायत अरू कार्यक्रमबाट चैं १४ लाखहरू पाउने स्थिति नेपालमा अहिले छ । र श्रमिकका छोराछोरीहरूलाई छात्रवृत्तिलगायतका सुविधाहरू पनि छ । तर अब श्रम अवधि सकिएको २ वर्ष अहिले नेपालमा श्रम अवधि जम्मा २ वर्ष । सम्माननीय अध्यक्ष महोदय, यो २ वर्षको अवधिले गर्दाखेरि २ वर्षबाट १ दिन मात्र कट्यो भने यी सबै सुविधाबाट ऊ वञ्चित हुन्छ । अनि यो २ वर्षबाट १ दिन कटेसी यी सबै वञ्चित हुनेको मृत्यु भयो भने पनि केही सहायताहरू, अरू कल्यणकारी कार्यक्रमहरू, अरू सुविधाहरू केही पनि नपाउने स्थितिहरू चैं त्यो छ । र अब त्यसपछि उसले जम्मा २५ हजार पाउँछ । उसले त्यो ७ लाख पाउँथ्यो । उसले त्यो बिमाबाट १४ लाख पाउँथ्यो । कम्तीमा उसले २१ लाख त न्यूनतम पाउनेमा अब उसले चैं त्यो १ दिन मात्रै कट्यो भने, त्यो २ वर्षबाट १ दिन मात्र कट्योपछि उसले जम्मा २५ हजार मात्र पाउने स्थिति छ । ऊ मृत्यु भए पनि, अङ्ग भङ्ग भए पनि अरू जे जे भए पनि त्यो खालको अलिकति विभेद देखियो ।

मानिस रहरले होइन बाध्यताले विदेश गइरहेको स्थितिहरू हामीले देखेकै छौं । यो यस्तो विभेद कार्य नीतिले विदेशमा रहेका श्रमिकहरू, नेपालीहरूलाई राज्यको अभिभावकत्वबाट राज्यले स्वयम् आफ्नै दायित्वबाट पनि विमुख भएको हो कि भन्ने अनुभूतिहरू चैं भ'को छ । राज्यबाट प्राप्त हुने त्यो अभिभावकत्वको महसुसै उनीहरूले फिलिङ गर्न सकिरहेको स्थितिहरू पनि छैन । र फेरि के छ भने १/२ वर्ष कटेका मान्छेहरू नै धेरै रेमिट्यान्स पठा'का छन् । मान्छेहरू ३ वर्ष, ४ वर्ष अरू थप वर्ष बस्छ । ऋण तन गरेर गा'को हुन्छ २ वर्षमै फेरि त्यो नवीकरण गर्न पर्ने कुराहरू अलि सान्दर्भिक पनि देखिएको छैन । र अब यो २ वर्षमा फर्किन सकेन नेपालमा, २ वर्षमा अब वहाँ राजदूतावासहरूबाट त्यो नवीकरण गर्न पनि सकेन । अनलाइनमार्फत पनि त्यो स्वीकृति लिने ठाँउ चैं छ तर त्यो एकदम निकै झन्झटिले छ । निकै एकदम गाह्रो छ । त्यो श्रमिकहरूले वहीं बसेर आफ्नो कार्यरत ठाँउबाटै त्यसलाई त्यति सजिलैसित त्यो नवीकरण सक्ने स्थितिहरू छैन । त्यहीबिचमा पनि फेरि एकथरि बिचौलियाहरूले उनीहरूलाई सताइर'को स्थितिहरू पनि छ ।

त्यही भएर यो अलिकति २ वर्ष छ अनि फेरि २ वर्ष १ दिन कटेसी त्यस्तो खालको समस्या छ केही पनि सुविधा नपाउने । फेरि त्यसलाई अनि नवीकरण गर्ने कुराहरूलाई पनि निकै झन्झटिले छ । त्यहाँ बिचौलियाहरू छिर्नेदेखि लिएर अरू थुप्रै कुराहरू छ । र यो अलिकति यसलाई २ वर्षमै फर्केर आएसी उसले आफ्नो ऋण, धन र दुनिया कुराहरूलाई उसले मेन्टेन गर्न सक्छ कि सक्दैन? कहिले ऋण तिर्ने? कहिले कमाउने? कहिले आउने? भन्ने कुरा पनि छ । त्यो भएर यसलाई अलिकति अवधिलाई कि चैं यो अवधिलाई अलिकति बढाउनै पर्यो ३, ५ वर्ष बनाउने हो कि के गर्ने हो त्यसलाई बढाउनुपर्यो । बढाउन सकिन्न भने पनि त्यो श्रमिकले चाहनेबित्तिकै, सकिनेबित्तिकै त्यो रिन्यू हुने खालको प्रक्रिया दूतावासहरूबाट हुन्छ, कहाँ कहाँबाट हुन्छ हाम्रो श्रमसम्बन्धी थुप्रै कार्यालयहरू पनि छ । त्यहाँबाट यसलाई अलिकति सजिलो बनाइदिनुपर्यो । त्यहाँ बिचौलियाहरूले फेरि अरू रगत, रगत, पसिना बगाएर कमाको'लाई पनि खाइद्या छ, लिद्या छ । त्यस्तो खालको देख्या छ । मैले सरकारलाई यसतर्फ विशेष ध्यानाकर्षन गराउन चाहन्छु ।

र अब यो अर्कोतर्फ के छ भन्दाखेरि अब यो हामीकहाँ ल केही व्यक्ति बाहिर गए । वहाँ उको श्रम गर्दागर्दै मृत्यु भयो । उसका जहान, परिवारहरू, त्यत्रो उच्च शिक्षित त्यो त सबै कुराहरू सचेतना हाई भ'को मान्छेहरू पनि हुन्नन् । गाउँकै सोझा, साझा जनताहरू नै हुन्छन् । उनीलाई के छ भने अब त्यो मान्छे त वितिसक्यो त्यसपछाडि कतिपय गल्फ कन्ट्रीहरूबाट पनि त्यो नेपालमा त्यो शव पठाउने कुराहरू निकै झन्झटिलो छ । कम्तीमा पनि २/३ वर्षसम्म पनि लागेको कुराहरू हामीले अब यो दुबईदेखि लिएर अरू साउदीलगायतका ठाँउहरूमा त्यो २ वर्षभन्दा बढी पनि समयसम्म पनि शवहरू नेपाल नआएको, ल्याउन नसकेको स्थितिहरू त्यो हामीले अहिले यहाँ कन्सुलर विभागमा गएर हेर्यो भने ती महिलाहरू उनी ती छोराछोरीहरू त्यो लाइन बसिरा' छ । अब त्यो आफ्नो बा, आमा बितिसक्यो, श्रीमान् बितिसक्या छ । अब त्यो सबै त्यो शोकबाट पनि उठेर फेरि त्यहाँ आएर लाइन बसेर त्यो खालको एउटा एकदम मानवीय संवेदनशीलता पनि त्यहाँ छैन । त्यो खालको अब उनीहरूलाई त्यो छिटो ल्याउने कुराहरूमा दूतावासहरूले, नेपाल सरकारले, सबैले त्यसलाई एकदम छिटो गर्ने कुराहरूमा चैं त्यो खालको कोसिसहरू पनि होस् । वर्षौं लागेर उतै सड्ने, उतै हराउने खालका कुराहरूलाई यसलाई हामीले रोक्न आवश्यक छ । र त्यहीबिचमा उनीहरू पाउने यो ७ लाख बिमाको कुरा भयो, यो कल्याणकारी कोषबाट पाउने वैदेशिक रोजगार

बोर्डबाट पाउने ७ लाख रुपैयाँ । त्यसपछि बिमाबाट आउने १४ लाखलगायत अरू थुप्रै सुविधाहरू पनि त्यहाँ हुन्छ हुन चैं । तर फेरि त्यो सुविधा लिने क्रममा नेपालभित्रै उसका आफन्तदेखि लिएर अरू बिचौलियहरूले फेरि त्यहीं पनि गडबड गर्दिहाल्ने । उसले ७ लाख पाउने ठाँउमा १४ लाख पाउँदै छ भने ७ लाखभन्दा बढी ८, १० लाखै खाइदिने खालको परिपाटी पहिलै पैसा लिइदिने ।

अब सरकारले चैं खातामा पैसा पठाउँछ । खातामै हो पैसा हाल्ने भन्छ उसले सिधै जिल्ला प्रशासन कार्यालयमार्फत खातामै पैसा हालेर पठाइदिएको हुन्छ । तर तिनीहरू यसो गर्छ कि सबै काठमाडौं गयो यतिचोटि गयो, यतिचोटि आयो तेरो काम यस्तो गर्यो, यो गर्यो, ऊ गर्यो भनेर त्यो पहिलै उनीहरूसित उसको खाताको चेक पहिलै लिइदिने खाली चेकमा सही गराएर । त्यस्तो खालको परिपाटीहरू, त्यस्तो उजुरीहरू पनि बोर्डहरूमा यो श्रम मन्त्रलयमा उजुरीहरू पनि परिरहेको स्थितिहरू पनि छ । त्यसले त्यसप्रति अलि निरुत्साहित गर्ने । एउटा मान्छे शोकमा परेको हुन्छ । उसलाई सबै कुरा थाहा पनि हुन्न । अनि यी सबै बहानाहरूमा त्यो एउटा पीडित श्रमिकहरू यसै पनि पीडित हुन्छ । तैमाथि श्रमिकका फ्यामेलीहरू, जहान केटाकेटीहरू झन् त्योबाट पनि पीडित भइरहेको हुन्छ । त्यस्तो पीडामा पनि तिनीहरूको आशु नै पिउने खालको, आशुनै खाने खालको, तिनीहरूलाई झन् दुःखमा दुःख दिने खालको परिपाटीहरू यो मानवीय हाम्रो नेपाली संस्कार त यो होइन । तर उनीहरूले यसलाई अलिकति त्यो संवेदनशीलतामा पनि अलिकति चलखेल गर्ने, पैसा खाइदिने, बिचौलिया गर्ने यस्ता खालको कुराहरू छ । यसतर्फ सरकारले अलिकति सचेतना, अलिकति यो पैसा खर्च हुँदैन त्यो ७ लाख, १४ लाख, २१ लाख पाउने कुरामा कुनै खर्चै हुँदैन । यो कसैलाई पैसा दिनुपर्दैन भन्ने खालको एउटा चेतनाका कुराहरू त्यसपछि त्यसरी कसैले लिइहाल्यो भने पनि त्यसलाई अलिकति कडा कारबाही गर्ने, त्यस्तो अपराधहरूलाई रोक्ने खालको उनीहरूलाई अलिकति सचेत नै बनाउने खालको, अलिकति कडा रूपमानै यसलाई चैं गर्ने खालको तरिकाले पनि सोच्नुपर्ने छ ।

म सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलगायत सबै सरोकारवालाहरूलाई यो एउटा चैं त्यो विभेदकारी २ वर्षको त्यसलाई अलिकति मिलाउनुपर्यो । त्यसपछि शव चाँडै ल्याउने कुरा, त्यसपछि त्यो राहत सुविधा पाउने कुरामा पनि बिचौलियाले छिरेर खाइद्या हुन्छ त्यसलाई रोक्ने कुरामा सचेतनादेखि लिएर

दण्ड सजाय कडाइहरू होस् भन्ने कुरामा गम्भीर ध्यान आकर्षण गराउन चाहन्छु । धन्यवाद । जय नेपाल ।

**<u>पीठासीन</u>**:- माननीय श्री दिल कुमारी रावल थापा (पार्वती) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय भैरव सुन्दर श्रेष्ठ । समय १५ मिनेट । त्यसपछि नारायण काजी श्रेष्ठ ।

**<u>माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, मैले चैं विशेष समयमा केही कुराहरू राखुभन्दा पूर्व म जाजरकोट जिल्ला, कर्णाली प्रदेश जाजरकोट जिल्ला त्यहाँ अस्तिमा मात्रै यही असार महिनाको २८ गते अविरल वर्षाका कारणले गर्दाखेरि ठुलै पहाड खसेको अवस्था छ । त्यो बारेकोट गाउँपालिका वडा नं. २ को अवस्था हो । र त्यो पहाड खसेसँगै आवत जावत गर्न बन्द भ'को छ । त्यहाँ ट्याक्टर जाने कुराहरू, मोटरसाइकल जाने कुराहरू र मान्छेलाई आवत जावत गर्ने कुरा पनि बन्द भ'को स्थिति छ र त्यसै गरी त्यही बारेकोट गाउँपालिका जानेका निम्ति नलगाड नगरपालिका भएर जाने गरिन्छ । जहाँ चै ४ सय १७ मेगावाटको विद्युत् नलगाड हाइड्रोपावरको ड्यामको क्षेत्र चैं हो त्यो । त्यो बाटो जुन ठेकेदारले काम मैले कम्प्लिट गरें भन्नु त भयो तर त्यो अविरल वर्षाका कारणले ठाँउ ठाँउमा चिरा परेर अरू यातायातका साधन जाने कुरा टाढा भयो सामान्य पैदल यात्रीहरू पनि त्यो ठाँउमा जान निकै ग्राहो भ'को छ । यी दुई कुराहरूलाई नेपाल सरकारको तर्फबाट ध्यान जाओस् ।

पूर्ववर्ती सरकार केपी ओली नेतृत्वको सरकारको बेला यस्तै बाढीगाढ गाउँपालिकामा ठुलो भयावह अवस्था आउने गरी अविरल वर्षाका कारणले ठुलो क्षति भ'को थियो । त्यतिखेर १२ जना मान्छे पुरिएका थिए । घरहरू ढप्केका थिए । बाटोहरू आवात जावत बन्द भ'को थियो । त्यो कुरा भइसकेपछि हामीले तत्काल त्यो बेलाको सरकालाई ध्यान आकर्षण गयौं र तत्काल केन्द्र र प्रदेश सरकारको तर्फबाट राहतका प्याकेजहरू त्यहाँ पुर्याएर राहत दिइएको थियो । र त्यसै गरी अहिलेको यो सरकारले पनि त्यो संवेदनशीलतालाई हेरेर त्यो भेगबाट जुन खालको चैं भ'को छ यो अविरल वर्षाका कारणले आवत जावत बन्द भ'को छ त्यसतर्फ म नेपाल सरकारका अब

गृह मन्त्रीज्यू पनि यहीँ रहनुभ'को छ र त्यस बारेमा बुझिदिएर त्यहाँ तत्काल के गर्न सकिन्छ भन्ने कुरातर्फ ध्यान जाओस् भन्ने कुरा म सम्माननीय अध्यक्षज्यूमार्फत नेपाल सरकारको ध्यान आकर्षण गराउन चाहन्छु ।

मैले यो विशेष समयमा केही कुराहरू राख्नका निम्ति अब मैले यो प्रतिपक्ष बेन्चबाट बोल्दा जहिले पनि प्रतिपक्षहरू नेगेटिभ रूपमाबाट मात्र बोल्ने गर्नुहुन्छ । सकारात्मक कुराहरू, रचनात्मक कुराहरू बोल्ने गर्नुहुन्न भन्ने कुराहरू पनि लाग्न सक्छ । वास्तवमा त्यो कुराहरूबाट म मुक्त छु । नेकपा एमाले त्यो कुराबाट मुक्त छ । र अहिलेको यो परमादेशी सरकार बनेको १ वर्ष आज १ दिन भ'को छ । यो परमादेशी सरकार वास्तवमा अदालतको आदेशद्वारा बनेको थियो । र त्यति खेर हामीले भनेका थियौँ हाम्रो देशको संविधानले सरकार बन्नका निम्ति संसदलाई त्यो अधिकार दिएको छ । संसदले आफ्नो अधिकार प्रयोग गर्न नपाएर मुद्दा हालेर अदालतमार्फत आएको यो सरकार भएको कारणले यो सरकार नेपाली जनता र नेपाल राष्ट्रप्रति जवाफदेही हुने छैन । यो अरूका निम्ति त्यो सरकार बन्नुभन्दा पूर्व भनिएको थियो एउटा शब्द हामी कम्फर्टेवल सरकार भनेर विदेशी दातृ राष्ट्रहरूको निम्ति कम्फर्टेवल बन्नुपर्छ भन्ने खालका कुराहरू आ'का थियो र हामीले आशङ्का गरेका थियौँ कि यो सरकार देशप्रति प्रतिबद्धता रहने छैन । भन्न त उसले भन्ला तर व्यवहारमा चैं सरकारले गर्ने काम कारबाहीहरू अरूकै निम्ति फलदायी हुन्छन्, अरूकै निम्ति अब त्यो लागि हुनेछन् र समग्रमा देश र जनताका लागि हुनेछैनन् भन्दै आएका थियौँ र त्यस्तै कुरा अहिले देखिएको छ ।

र सरकारले मैले पत्रिकाहरू पनि हेरें । सरकारको अब यो सामाजिक सञ्जालमा आ'का कुराहरू पनि हेरें । सरकारले आफ्नो यो कार्यकालमा धेरै राम्रा कामहरू गरेको र करिब ६० वटा बुँदाहरू इन्डिकेट गरेर राम्रा काम गरेको कुराहरू त लिएर आ'को छ । वास्तवमा ती कुराहरू फेरि पनि जनतालाई भ्रमित पार्नका निम्ति ल्याइएका छन् र त्यो एउटा यथार्थपरक छैनन् ती । ती एउटा बनवटी ढङ्गले ल्याएकाबाहेक अरू केही पनि छैनन् । त्यसकारण यो परमादेशी सरकारबाट धेरै कुराको आशा गर्न सकिन्न । यसको एउटै मात्र विकल्प के हो भन्दाखेरि बहिर्गमन । जति दिन यो परमादेशी सरकार रहन्छ, जति दिन नेपालमा यो सरकार रहन्छ त्यति खालको समस्याहरू, त्यति खालको जनता र राष्ट्र ठुलठुला समस्याहरू बेहोर्नुपर्ने छ । अन्ततः के हो भन्दाखेरि भन्न त यहाँ हामी के भनिरहेका छौं भन्दा यस्तै यस्तै हाम्रा आर्थिक परिसूचकहरूले के देखाउँछ

भन्दाखेरि सरकार कुन बाटोतर्फ उन्मुख भ'को छ भन्ने कुरो ती आर्थिक परिसूचकहरूले देखा'का छन् । त्यो मैले चैं कुनै मन बनाएर मैले आफ्नै मनमा उल्लेख गरेर त्यो भनेको कुरा होइनन् । यसले गर्दाखेरि सरकार यसतर्फ उन्मुख छ र ती सूचकहरूले के भन्छन् भन्दाखेरि हामी अब यो श्रीलङ्का मात्रै भन्दिँदाखेरि सरकारमा रहने पार्टी, सरकारमा रहने माननीय सांसदज्यूहरूलाई अलिकति पिन्च पर्या जस्तो हुने कुरा हामीलाई लागिरहेको छ । वास्तवमा त्यस्तो होइन त्यो । यथार्थ कुरा त्यही हो । श्रीलङ्का आज जुन बाटोमा ग'को छ, जुन अवस्था भोगिरहेको छ नेपाल पनि त्यहीतर्फ उन्मुख भ'को कुराहरू हरेक सूचाङ्कहरूले त्यो कुरा देखाइरहेको छ । र यही सेरोफेरोभित्र मैले आफ्नो कुराहरू राख्न चाहन्छु ।

यो गत वर्ष यही महिनाको यही यो असारको लास्ट लास्ट समयमा ती पूर्ववर्ती सरकारको पालामा आर्थिक मूल्य दर कति थियो भन्दाखेरि मूल्य वृद्धि ३.६ पर्सेन्ट थियो । आज त्यो मूल्य वृद्धि ८.५६ पर्सेन्ट वृद्धि भ'को छ । र सोघान्तर बचत १ अर्ब २३ करोड थियो त्यो बजेट चैं । आज त्यो बचत हामीसँग छैन । विदेशी मुद्राको सन्चती भनेको हिजोको सरकारको पालमा १३ खर्ब ९९ अर्ब करिब १४ खर्ब बजेट त्यो चैं छ जसको १३ महिनासम्म पुग्न सक्थ्यो त्यो सेवा र वस्तुको आयातमा त्यति कुरा पुर्याउन सक्थ्यो भनेपछि अहिले केवल त्यो घटेर ११ खर्ब ५६ अर्ब छ । र जसको यो साढे ६ महिना मात्रै पुग्ने भ'को थियो । यही अवस्थामा, यही डर लाग्दो अवस्था अगाडि बढ्दै गयो भने हाम्रो देश असफल राष्ट्र तर्फ हुन के बेर । म यही कुराहरू पनि पछि भन्दै गरौंला ।

त्यसै गरी रेमिटयान्स पूर्ववर्ती सरकारका पालामा ती यही समयमा ९ खर्ब ६१ अर्ब थियो भने अहिले ज्येष्ठको यो मसान्तसम्म मैले यो डाटा ले'को छु । डाटा यो ९ खर्ब ४ अर्ब चैं छ र करिब ५७ अरब घाटामा छ वैदेशिक यो रेमिटयान्सका कुराहरू । आयातको अवस्था कस्तो छ भन्दाखेरि यो आयातको अवस्थामा जुन घाटा भन्दै गरेका छौं यो पूर्ववर्ती सरकारका पालामा १५ खर्ब २९ अर्ब थियो भने अहिले त्यो बढेर १७ खरब ६३ अरबमा पुगेको छ । यसैले समग्रमा व्यापार घाटा १८ खर्ब भ'को छ र निर्याततर्फ केवल २ खर्ब छ । वैदेशिक व्यापार घाटा करिब १६ खर्ब रुपैयाँ हामीले बेहोर्नुपर्ने परिरहेको छ । र विकास निर्माणका सबालमा ती अहिलेसम्म लिएका पटक पटकका सरकारले लिएका ऋणको समग्र अहिलेसम्मको २०७८/७९ सम्मको १८ खर्ब ५५ अर्ब छ । अब २०७९/८० मा प्रस्तावित गरेको ४ खर्ब ९८ अर् जोड्ने हो भने

२३ खर्ब ५३ अर्ब हुन्छ । र यो चैं समग्रमा २३ खर्ब ५३ अर्बको सावाँ र ब्याज हामीले दातृ निकायहरूलाई बुझाउनुपर्दाखेरि करिब प्रत्येक वर्ष १ खर्ब रुपैयाँ हामीले विदेशीलाई अथवा दातृ निकायलाई बुझाउनुपर्ने अवस्था छ । यस्तो अवस्थाबिचबाट हामीले सरकार छोडिरहेको छैन भने सरकार चैं यही अवस्था अर्कै हुँदै गयो, यही अवस्थामा अगाडि बढ्दै गयो भनेपछि श्रीलङ्काकै अवस्थामा पुगेकै त होइन त । पुग्नका निम्ति यो बाटाहरू अवलम्बन गरिएका छन् । बाटाहरू खोलिएका छन् । यसतर्फ सरकारको ध्यान ग'को छैन । आज यस्तो अवस्था किन भो'भन्दा रेमिटयान्स चैं हामीसँग आउन सकेको छैन । कम आइरहेको छ ।

त्यसै गरी पर्यटन अनुगमन जो पर्यटन आगमन हुन्थ्यो त्यसमा पर्यटकहरू देशभित्र आउन कम भो' । के कारणले पर्यटकहरू आउन सकेनन्? योतर्फ हामीले ध्यान दिनुपर्यो । त्यसै गरी गैरसरकारी सङ्घ, संस्थानहरूमार्फत विदेशी मुद्राहरू देशभित्र आउँथ्यो । त्यो बजेट अहिले आउन सकेन । त्यसै गरी सरकारले विदेशीसँग ऋण मागेको छ । त्यो ऋण प्राप्त गर्न सकिरहेको छैन । सरकारले त्यसै गरी विदेशसँग अनुदान मागेको छ । आज त्यो अनुदानको अङ्क घटेको छ । समग्रमा यी सुचाङ्कहरूले गर्दाखेरि सरकार गलत बाटोतर्फ उन्मुख भ'को छ । र यसले गर्दाखेरि देशभित्र यस्तो अवस्था आइपुग्दाखेरि कम से कम राजनीतिक पार्टीको बिचमा राष्ट्रलाई केन्द्रविन्दुमा राखेर हामी किन सर्वदलीय सहमति गर्न सक्दैनौं? सर्वदलीय सहमति भनेको सरकारमा जानुभन्या कुरा होइन । देशको यस्तो अवस्था आउनुका पछाडिका कारणहरू के हुन्? यसलाई सुधार्नुको निम्ति प्रतिपक्ष बेन्चको सहयोग लिनुपर्छ कि पर्दैन? अथवा अन्य पक्षको सहयोग लिनुपर्छ कि पर्दैन?

र यो सरकार हामीलाई आफैलाई पनि अचम्म के लाग्छ भन्दाखेरि बजेट निर्माण जस्तो महत्त्वपूर्ण थलो जहाँ चैं बजेट निर्माण गरिन्छ त्यो एउटा संवेदनशील क्षेत्र हो त्यो । संवेशनशील विषय पनि हो । त्यो बजेट निर्माणका सवालमा ती बजेट निर्माण गरिरहँदा एउटा अनाधिकृत व्यक्तिहरूका मान्छेहरूलाई लिएर आएर बजेट बनाइन्छ भने हामी कुन दिशातर्फ उन्मुख छौं? आज त्यो कारणले अर्थमन्त्रीले त राजीनामा दिनु भो' । अर्थमन्त्रीको मात्र एकल प्रयासले त्यस्तो भ'को होइन यो । त्यसभित्र जोडिएका अन्य पाटोहरू छन् । यद्यपि प्रतिनिधि सभाबाट संसदीय छानबिन समिति बनेको छ । त्यो छानबिन समितिले रिपोर्ट ल्याएर हामी आशा गर्न चाहन्छौं र त्यो के हो भन्दाखेरि जनतालाई भ्रममा पार्नका निमित्त तत्कालीन अवस्थामा जो विरोध सुरु भो', नागरिक

समाजबाट समेत विरोध भो', सर्वत्र विरोध भइसकेपछि राजीनामाका माध्यमबाट भए पनि सरकारलाई जोगाउनुपर्छ भन्ने नाममा उहाँलाई राजीनामा दिलाइयो । तर यसैमा जोडिएका अरू विषयहरु योसँग जोडिएका पात्रहरू को को छन् भन्ने कुरा हामी सबैलाई थाहा भएको कुरा हो ।

आज यो सेनेटरी प्याडमा जसरी छुट दिइयो यस्तै छुटहरू उद्योग र अरू साना व्यवसायहरूलाई दिनुपर्थ्यो कि पर्दैन? हामी दलाल पुँजीवाद का कुराहरु गर्छौं त्यो सेनेटरी प्याड भनेको नेपालमै बन्छ । त्यो उद्योग स्थापना भ'को छ । करिब ६ अर्ब रुपैयाँ लगानी गरेर नेपाल उद्यम व्यवसायहरूले एउटा उद्योग खोलेका छन् र करिब त्यसमा ९० करोड हामी क्षमताको त्यो मेसिन हामीसँग छ । र अहिले ३० करोड उत्पादन भ'को छ । र यो फेरि पनि विदेशबाट बनेका सामानहरू जहाँ नेपालीको कुनै पनि कन्ट्रिव्युसन छैन विदेशी दलालहरूले बनाएका कम्पनीहरू अथवा विदेशी दलालहरूले ती कम्पनीबाट ल्याएका सामानलाई प्रसय निम्ति फेरि कुन चैं राजनीतिक पार्टीको नेताको नाम जोडेको छ भन्दाखेरि सम्माननीय प्रधानमन्त्रीजीको छोराको नाम चैं त्यसमा जोडिएको छ । के यो देशमा काम गर्ने खाने मान्छे भनेका सम्माननीय प्रधानमन्त्रीका छोरा मात्रै हुन् त यिनी । जसलाई ९० पर्सेन्ट छुट दिएको छ भन्सार छुट दिएको छ, अन्त शुल्क छुट दिएको छ त्यस्तै शुल्कहरू, यस्तै अन्तशुल्कहरू, यस्तै भन्सार छुटहरू अरु उद्योग, व्यवसायले पाउने कि नपाउने? आज यो कारणले गर्दाखेरि यो करका दायराहरू, कारका दरहरू हेरफेर गर्नेका निम्ति त्यो सम्मानित ठाँउमा बस्नुभएका अर्थ मन्त्रालयका सचिवज्यूहरू बाहिर बस्नुभो' । सहसचिवहरूले ल्याएको बाहिरको रिपोर्ट हो त्यो । देशलाई यो करिब ६ अर्बदेखि ९ अर्बसम्म घाटा भएको छ भन्ने कुरा मैले यहाँबाट बोलेको हैन यो । मन्त्रालयका सहसचिवहरूले सर्वजनिक ढङ्गले बोल्नुभ'को छ । र आज चौधरी ग्रुपलाई प्रष्टै हुने गरी छुट दिने गरी करका दरहरू हेरफेर गरिएको छ ।

त्यसै गरी अर्को विशाल ग्रुपलाई, जगदम्बा ग्रुपलाई, ती विविध खालका निश्चित केही घरानाका व्यक्तिहरूलाई जसले उद्योग खोलेका छन्, जसले सरकारलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा धेरै धनराशिहरू बुझा'का छन् त्यस्ता उद्योगपतिहरूलाई प्रसय दिनका निम्ति अहिलेको बजेट आएको छ । यो बजेटलाई भन्छौं हामी अत्यन्तै उत्पादनमूलक छ, अत्यन्तै निर्यातमूलक छ यो अत्यन्त राम्रो भन्छौं हामी । शब्दमा राम्रो चैं छ, शब्दमा सुन्दाखेरि आयातलाई प्रतिस्थापन गर्ने नाममा आएको यो बजेट र यो चालु

बजेटमा त्यही कुरा भनेको थिएँ । हिजो बजेटलाई केपी ओली नेतृत्वको पालामा ल्याएको त्यो समृद्ध नेपाल र सुखी नेपालीको अभियानलाई सफल पार्नका निम्त ल्याएका बजेटका धेरै राम्रा कुराहरू, धेरै राम्रो पक्षहरूलाई त्यसलाई क्यान्सिल गरेर प्रतिस्थापनको नाममा लिएर आइएर के भन्यो भन्दाखेरि चालु बजेटमा हामी उत्पादनलाई वृद्धि गर्ने छौं । आज त्यो उत्पादनमा वृद्धि कुराहरू अहिले यो असार मसान्तसम्म कतिको उत्पादनमा वृद्धि भएर हामीले कति निर्यात गर्यौं र यसबाट देशलाई कति घाटा बजेट भन्ने कुरा सरकारले भन्नु पर्छ कि पर्दैन? यसले गर्दाखेरि वास्तवमा यो अहिलेको सरकारले जे खालको बजेट लिएर आ'को छ यो बजेट हामीले जुनसुकै नजरले हेर्दाखेरि पनि श्रमजीवी वर्गबाट हेर्दाखेरि आज श्रमजीवी वर्गहरू आज यसप्रति खुसी छैनन् । मध्यम आयस्तर भएको नजरबाट हेर्दाखेरि मध्यमा आयस्तर भएका मान्छेहरू पनि यो बजेटप्रति सन्तुष्ट छैनन् । साना किसानहरू छैनन्, राष्ट्रिय पुँजीवादी वर्गहरूको छैन । यो सीमित व्यक्ति, सीमित घरानाका व्यक्तिहरूको निम्ति आएको बजेट हो । त्यसकारणले हामी परमादेशी सरकारलाई के भन्न चाहन्छौं भन्दाखेरि यो जनताप्रति र देशप्रति बफादार हुनुको निम्ति आएको यो सरकार होइन । केवल जसका निम्ति कम्फर्टेबल बनेको थियो त्यसैको निम्ति यो सरकारले आफ्ना काम कारबाही गरेको छ र अनि उनीहरूले राम्रो काम गरेको कुराहरू बाहिर भन्देका छन् त्यसैप्रति यो सरकार होमिएको छ । त्यसैप्रति यो सरकारले आफ्नो गौरव गर्छ ।

यसै गरी यो हामी पूर्ववर्ती सरकार केपी ओलीको पालमा केही कुराहरू भ'का थिए । र चाहे त्यो सदनबाट होस् चाहे त्यो सडकबाट होस् ती कुरा उठाउने गरिन्थ्यो । के भनिन्थ्यो भन्दाखेरि कि आफू शक्तिशाली बनेका निम्ति केपी ओली नेतृत्वको सरकारले राष्ट्रिय अनुसन्धान विभागलाई आफ्नो मातहतमा लिएर आयो, प्रधानमन्त्री कार्यालयमा लिएर आयो । सम्पत्ति शुद्धीकरण तथा अनुसन्धान विभागलाई आफ्नो मातहतमा लिएर आयो । र राजस्व अनुसन्धान विभागलाई आफ्नो मातहतमा लिएर आएर आज केपी ओली सर्वत्र रूपमा पावरफुल पीएम, पावरफुल प्रधानमन्त्री हुन चाहनुभ'को छ र शक्ति केन्द्रित गर्ने चाहनुभएको छ भन्नेकुरा उहाँलाई आरोप लाग्ने गर्ने गर्थ्यो । हामी चाहन्थ्यौं यो सरकार बन्नेबित्तिकै यी कुराहरूलाई तत् तत् रिटर्न गर्नुपर्थ्यो । तत्काल तत्काल मन्त्रालयमा रहने गरी पठाउनुपर्थ्यो । आज ती कुराहरू जस्ताका तस्तै छन् । अनि भन्ने एउटा गर्ने एउटा आरोपको लागि आरोप चैं लगाउने वास्तवमा केपी ओली नेतृत्वको सरकारले जे गरेको थियो राष्ट्रका निम्ति, देशका निम्ति,

जनताका निम्ति निकै राम्रो काम गरेका गरेको थियो भन्ने कुरा घटनाक्रमले प्रस्टै पारेको छ ।

संवैधानिक परिषद्सम्बन्धीको व्यवस्था संवैधानिक परिषद्सम्बन्धीको जुन व्यवस्था छ त्यो (अध्यक्षज्यू एक मिनेट थप्न चैं माग गर्न चाहन्छु) संवैधानिक परिषद्सम्बन्धीमा ती विभिन्न सम्बन्धी आयोगहरूको ती निकायहरू खाली रह्यो, रित्तो रह्यो, रही सकेपछि त्यति बेलाको सरकारले संवैधानिक नियुक्तिको सम्बन्धी धेरैपटक सभामुख त्यसको सदस्य हुने, अरू पनि सदस्य हुने व्यवस्था भएपछि धेरैपटक बोलाएर संवैधानिक पारिषद्को बैठक बनाउनुभो' । त्यो बैठकमा कुनै पनि सभामुखलगायतका केही सदस्यहरू, प्रमुख प्रतिपक्ष दलको नेता त्यसमा उपस्थित हुनुभएन । र भन्दाखेरि के भन्ने भन्दाखेरि संवैधानिक आयोगहरू रित्तो छ । यो सरकारले केही पनि काम गर्न सकेन । अनि आउनुस् म काम गर्छु भनेर त्यो बैठकमा बोलाउँदा उहाँहरू जानुहुन्न । बाध्य भएर सरकारले अध्यादेशमार्फत त्योबाट अवलम्बन गर्यो । आज त्यही कुरालाई सिद्ध गर्नका निम्ति, त्यही कुरालाई ल्याउनका निम्ति फेरि पनि यो राष्ट्रिय सभाको गरिमामय बैठकमा त्यो अध्यादेशलाई विधेयकको रूपमा जस्ताका त्यस्तै पेस गरेको छ । हामी सोध्न चाहन्छौं यो सरकार कुन बाटोमा गएको छ? यो सरकार कहाँ जाँदै छ? यो लोकतन्त्रलाई यसको शुद्धीकरण गर्ने, लोकतन्त्रलाई संस्थागत गर्ने, विकास गर्नका निम्ति उद्धत छ कि यो केतर्फ उद्धत छ भन्ने कुरो प्रष्ट भ'को छ । हामीले अहिले यो गरेको सरकारले गरेका यी यावत् कामहरूले गर्दाखेरि सरकार यो अहिले यो व्यवस्थालाई फेरि पनि प्रश्न चिह्न लागाउने र अरू केहीहरू सडकमा देखिन्छ? स्वतन्त्र व्यक्तिहरू अरू माध्यमबाट बोल्ने कुराहरू पनि हामीले सुन्ने गर्छौं । र यो व्यवस्थाप्रति प्रश्न चिह्न खडा गराउने काम आज कोबाट भ'को छ भन्दाखेरि यही सत्तापक्ष, यही प्रधानमन्त्री क्रियाकलाप यिनै मनत्री मण्डला क्रियाकलापहरूले गर्दा त्यस्तो कुरा भ'को छ ।

अर्को कुरा (सम्माननीय अध्यक्षज्यू एकैछिन) अर्को कुरा के हो भन्दाखेरि केपी ओली नेतृत्वको सरकार भ'को बेला आफ्ना मन्त्री मण्डलमा आफ्नालगायत मन्त्री मण्डलमा रहेका सबै मन्त्रीहरूको सम्पत्ति सार्वजनिक गर्नु भनिएको थियो । तर आज यो सरकार बनेको १ वर्ष भइसक्यो हामी समेत अब ..... तर पनि मन्त्रीहरूको सम्पत्ति, प्रधानमन्त्रीको सम्पत्ति कति छ भन्ने कुरो आज राज्यले थाहा पा'को छैन । यस्तो अवस्थामा भएको सरकारलाई फाल्नको निम्ति हामी सबैले (**सम्माननीय अध्यक्ष**ः- समय सकिएयो, टुङ्ग्याऊँ माननीयज्यू) यी कुराहरू राख्दै आफ्ना मैले टुङ्ग्याउँछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः-** माननीय नारायण काजी श्रेष्ठ । समय २२ मिनेट । त्यसपछि माननीय डा. वेदुराम भुसाल ।

**माननीय श्री नारायण काजी श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):-** (अहिलेसम्मको समय चैं गर्निंदैन है अध्यक्ष महोदय) । सम्माननीय अध्यक्षज्यू, यही गरिमामय राष्ट्रिय सभाको बैठकमा केही समयअगाडि मैले नेपालको भूराजनीतिक संवेदनशीलता र नेपालको राष्ट्रिय सामूहिकता र स्वाधीनतासँग सम्बन्धित रहेर केही गम्भीर विषयहरूमा बोलेको थिएँ । त्यस क्रममा मैले त्यति खेर चर्चामा रहेको अमेरिकासँग, अमेरिकाको एउटा राज्य उत्ताहा राज्यको नेशनल गार्डसँग नेपाली सेनाले, नेपाल सरकारले गर्ने भनेको स्टेट पार्टनरसिप प्रोग्राम एसपीपी एग्रिमेन्टका बारेमा बोलेको थिएँ । हामी सबैले पनि राष्ट्रिव्यापी बहस गर्यौं । र हामीले एक स्वरले भन्यौं कि त्यो नेपालको राष्ट्रिय सामूहिकता र स्वाधीनताको विरुद्ध हुन्छ र नेपाललाई कुनै एउटा सैन्य मोर्चामा, गठबन्धमा सामान गर्ने दिशातिर धकेल्ने कार्य हुन्छ । त्यसकारणले त्यसलाई अगाडि बढाउनुहुन्न रोक्नुपर्छ भनेर भन्यौं । र त्यसको परिणाम स्वरूप सरकारले त्यसलाई अगाडि नबढाउने निर्णय गर्यो र त्यसको सार तत्त्वमा त्यसलाई अस्वीकार गर्ने निर्णय गर्यो । सरकारलाई म यस निम्ति धन्यवाद दिन चाहन्छु ।

अहिलेको एसपीपी मात्र होइन यस प्रकार सैनिक गठबन्धन वा शक्ति राष्ट्रहरूसँगको संलग्नता अन्तर्निहित कुनै पनि सम्झौता वा कुनै पनि प्रकारको कदम चाल्ने कुरामा नेपाल सरकार तयार नभएको कुरा प्रष्ट पार्दै त्यस दिशामा दृढतापूर्वक अगाडि बढ्न पनि म विशेष अपिल गर्न चाहन्छु । तर एउटा पक्षमा म अझै ध्यानाकर्षण गरउन चाहन्छु । माननीय वरिष्ठ मन्त्री यहीँ हुनुहुन्छ । प्रधानमन्त्रीज्यूलाई पनि भनिएको छ । तर सरकारले अहिलेसम्म पत्र लेखेन । पत्र लेख्नुपर्यो । कि हामी अहिलेको यो एसपीपीलाई अगाडि नबढाउने र यस प्रकारका सम्झौताहरू नगर्ने निर्णयमा पुगेका छौं भनेर त्यस सम्बन्धमा औपचारिक जानकारी अमेरिकी सरकारलाई, अमेरिकाको सम्बन्धित राज्यलाई हामीले लेखिहाल्नुपर्छ । तर लेखिएको छैन । त्यसमाथि परराष्ट्र मन्त्रालयको १ जना आधिकारिक व्यक्तिले यस बारेमा हामी अध्ययन गरिराखेका छौं भनेर बोल्नुभयो । परराष्ट्र मन्त्रालयले अध्ययन गर्ने विषय होइन । सरकारले, मन्त्रिपरिषद्ले निर्णय गरिसकेपछि मन्त्रिपरिषद्को निर्णयलाई कार्यान्वयन गर्ने दिशामा परराष्ट्र मन्त्रालयले कूटनीतिक पत्रचार गर्ने हो । त्यसकारणले यो बारेमा गम्भीरतापूर्वक पत्र लेख्ने काम तत्काल गर्न म सरकारलाई विशेष अनुरोध गर्न चाहन्छु ।

यही गल्ती तत्कालीन केपी ओलीको सरकारले गरेको थियो । केपी ओलीको सरकारले २०१९ मा यही एसपीपी सम्बन्धमा जब आईपीसको रिपोर्टमा एसपीपीलाई

स्वीकार गरेको पार्टको रूपमा श्रीलङ्का र नेपाललाई समावेश गरेको रिपोर्ट सार्वजनिक गरियो । त्यसपछाडि त्यति खेरको विदेश सचिव अहिलेका मुख्य सचिवको नेतृत्वमा एउटा अध्ययन कार्य दल बनेको थियो । र त्यो कार्य दलले यसलाई अगाडि बढाउन उपयुक्त नहुने निष्कर्ष निकालेको भन्ने कुरा आएको थियो । र त्यतिखेर पनि औपचारिक पत्र पठाइएन । त्यतिखेर पनि आधिकारिक पत्र पठाइएन र त्यतिकै कार्यदलको निष्कर्ष यस्तो भयो भनेर छोडियो । त्यति मात्रै होइन तत्कालिम केपी ओलीको सरकारले २०१५ मा एसपीपीको निम्ति पत्र लेखेको भन्ने कुरा आयो । तत्कालीन प्रधानमन्त्री केपी ओलीले त्यो होइन भनेर आफ्नो विचार व्यक्त गर्नुभयो । तर तत्कालीन रक्षा सचिव जो अहिले निर्वाचन आयोगको माननीय सदस्य हुनुहुन्छ उहाँले आफू रक्षा सचिव हुँदा प्रधानमन्त्रीसँग नै सोधेर यो पत्र पठाइएको हो भनेर भन्नु भा'को छ । अनि त्यसको आधिकारिक खण्डन गर्नुपर्दैन? आफ्नो अध्ययन कार्य दलको रिपोर्ट त औपचारिक रूपमा अमेरिकालाई जानकारी दिँदै दिनुभएन । तर अहिले, अहिले पनि एउटा संवैधानिक निकायमा कार्यरत व्यक्तिले त्यसरी चैं मैले नै अनुमति लिएको हुँ भनेर भन्दाखेरि त्यस बारेमा ठोस रूपमा स्पष्टीकरण नआउनु, खण्डन नआउनुले गम्भीर आशङ्का पैदा गर्छ । या त आफूले स्पष्ट खण्डन गरेर सम्बन्धित व्यक्तिलाई कठघरामा उभ्याउनुपर्यो । या आफ्नो गल्ती कमजोरी भए राष्ट्रिसामु आत्म आलोचना गर्न, कमी कमजोरी स्वीकर गर्न तयार हुनुपर्यो । यस निम्ति पनि म ध्यानाकर्षण गराउन चाहन्छु ।

दोस्रो कुरा एमसीसीका बारेमा पनि म फेरि चर्चा गर्न चाहन्छु । हाम्रो पार्टीको केन्द्रीय समितिको बैठक हालै सम्पन्न भयो । केन्द्रीय समितिको बैठकले एमसीसीको बारेमा पनि चर्चा गर्यो । हाम्रो पार्टीसमेत संलग्न भएर १२ बुँदे व्याख्यात्मक घोषणासहित एमसीसीलाई पारित गरिएको हो । राष्ट्रव्यापी रूपमा भएको बहस र हाम्रो पार्टीभित्र पनि त्यस बारेमा भएको मतभेद र बहसको बारेमा म अहिले चर्चा गर्न चाहन्नँ । तर त्यो पारित भयो । त्यो अनुमोदित भयो । अनुमोदित हुँदाखेरि म फेरि दोहोर्याएर भन्न चाहन्छु १२ बुँदे व्याख्यात्मक घोषणासहित त्यो अनुमोदन भएकोले एमसीसी अमेरिकाले त्यो व्याख्यात्मक घोषणा स्वीकार नगरेको खण्डमा त्यो एमसीसी सम्झौता स्वतः खारेज हुने व्याख्या संसदमै गरिएको थियो । प्रतिनिधि सभाको बैठकमा गरिएको थियो । तर अहिलेसम्म एमसीसी एमेरिकाले त्यसबारेमा कुनै प्रतिक्रिया व्यक्त गरेको छैन ।

हाम्रो पार्टीको अहिलेको समितिको केन्द्रीय समितिको बैठकले अत्यन्तै गम्भिरतापूर्वक निर्णय गरेको छ कि एमसीसी अमेरिकाले अहिलेसम्म १२ बुँदे व्याख्यात्मक घोषणाका बारेमा कुनै पनि प्रतिक्रिया दिएको छैन । हामी यो स्मरण गराउन चाहन्छौं कि हाम्रो संसदले १२ बुँदे यो व्याख्यत्मक घोषणा अमेरिकाले स्वीकार नगरेको खण्डमा यो एमसीसी सम्झौता स्वतः खारेज हुन्छ भनेर संसदमै घोषणा गरिएको थियो । त्यसैले सरकारले तत्काल एमसीसीको अनुमोदन गर्दा जुन बुँदे व्याख्यात्मक

घोषणा पारित गरिएको थियो त्यसको बारेमा एमसीसी अमेरिकाको धारणा प्रस्ट गर्नको निम्ति तत्काल पत्र लेख्नुपर्छ भन्ने प्रस्ताव पनि हाम्रो अहिलेको केन्द्रीय समितिको बैठकले गरेको छ । यही सदनमार्फत पनि म सरकारलाई तत्काल त्यो पत्र लेख्न पहलकदमीको लागि अनुरोध गर्दछु । अन्यथा हामीले अत्यन्तै जटिल परिस्थितिको सामना गर्नुपर्ने हुन्छ वा यो सम्झौतालाई नयाँ ढङ्गले सोच्ने बिन्दुमा पुग्नुपर्ने हुन्छ । यो बारेमा म गम्भीरतापूर्वक ध्यानकार्षण गराउन चाहन्छु ।

तेस्रो कुरा हालै मात्र हाम्रो स्थानीय चुनाव सम्पन्न भयो । यो स्थानीय चुनाव सम्पन्न गर्दा निर्वाचन आयोगले कुनै पनि विदेशी राष्ट्र वा वैदेशिक संस्थाहरूसँग सहयोग लिएन । र नेपाल सरकारकै आर्थिक फन्ट कोषअन्तर्गत सम्पन्न गर्यो । र धेरै राम्रो गर्यो । त्यसको निम्ति निर्वाचन आयोगलाई र आवश्यक आर्थिक व्यवस्था गर्ने सरकारलाई पनि आफ्नो दायित्व पूरा गरेकोमा धन्यावद हामी दिन चाहन्छौं । तर करिब केही महिनापछाडि आम निर्वाचन हुन गइराख्या छ सङ्घ र प्रदेशको । त्यो निर्वाचनको सन्दर्भमा पनि निर्वाचन आयोगले कुनै विदेशी सरकार वा संस्थासँग प्रत्यक्ष आफैले सम्पर्क र लेनदेन सम्झौता गरेर सहयोग नलियोस् भनेर म विशेष अनुरोध गर्न चाहन्छु । त्यस प्रकारको सहयोग आवश्यक हुन सक्छ । तर त्यो सहयोग लिँदाखेरि अर्थमन्त्रालयमार्फत, अर्थ मन्त्रालयलाई सहयोग गर्ने गरेर मात्रै त्यो लिने प्रक्रियाअगाडि बढाओस् भन्ने पनि म अनुरोध गर्न चाहन्छु । र यो कुरा कति किन गम्भीर छ भने हाम्रो कुनै पनि संवैधानिक निकाय वा हाम्रा सरकारी कार्यलयहरूले सफ्टवेयर वा अरू कुनैका निम्ति विदेशी सरकार वा संस्थाहरूसँग प्रत्यक्ष सम्झौता गरेर लेनदेन गर्ने काम गर्नु उपयक्त हुँदैन । यो गम्भीर कुरा हो । त्यसैले लिनुपर्दा अर्थ मन्त्रालयमार्फत नै, नेपाल सरकारमार्फत नै लिने काम गरोस् र आफूले प्रत्यक्ष त्यस प्रकारको कुनै सम्झौता नगरोस् भनेर म अनुरोध गर्न चाहन्छु । र साथै अहिले नै निर्वाचन आयोगमा मेरो जानकारीमा भएसम्म यूएनडीपी र आईफेस भन्ने एउटा अन्तर्राष्ट्रिय संस्थाको लागि कार्यालय कोठा उपलब्ध गराइएको छ । निर्वाचन आयोगसँग लेनदन वा सम्झौता वा त्यस्तै सहयोगात्मक कार्यक्रमको निम्ति आफ्नै कार्यलयमा यूएनडीपी र अर्को संस्थालाई कार्यालय उपलब्ध गराउनु कुनै पनि कोणबाट उपयुक्त हुँदैन । यो सामान्य जस्तो देखिन्छ एउटा कोठा काम गर्नेलाई दिएको जस्तो हो नि भन्ने देखिन्छ तर यसले सही दिशातिर लैजाँदैन । यसतर्फ पनि निर्वाचन आयोगको गम्भीर ध्यानकार्षण म गराउन चाहन्छु ।

यसपछाडि म विधिको शासन, लोकतान्त्रिक नैतिक मूल्य मान्यतासँग सम्बन्धित केही विषयहरूमा चर्चा गर्न चाहन्छु । भरखरै यहाँ अलिकति चर्चा भो' । हाम्रो राष्ट्र बैङ्कको गभर्नर महा प्रसाद अधिकारी हुनुहुन्छ । उहाँ सर्ट फर्ममा एम अधिकारी हो कि भन्ने चर्चा अहिले छ । नेकपा एमालेको अर्थ तथा योजना विभागको एक जना सदस्य जो ७३ सालमा महाप्रसाद अधिकारीको नाममा हुनुन्थ्यो त्यही महाप्रसाद अधिकारीको नाममा

भएको व्यक्ति अहिले एम अधिकारीमा रूपान्तरित भएर अर्थ तथा योजना विभागमा राखिएको छ । अहिले प्रश्न छ, प्रश्न मात्र होइन आम रूपमा भित्र भित्र सबैको जसको बुझाइ छ कि उहाँ नै त होला किनभने पहिला त उहाँ नै हो भनेर घोषित थियो महाप्रसाद अधिकारी । त्यही महाप्रसाद अधिकारीकै नाममा एम अधिकारी त्यही जिल्लाको अर्को को होला त? उहाँ नै त हुनुहोला भन्ने लागेको छ । त्यस्तो चर्चा छ । नेकपा एमालेले वा गभर्नर अधिकारीले त्यस बारेमा विश्वनीय ढङ्गले खण्डन गर्नुभएको छैन । गर्न सक्ने स्थिति पनि होला कि नहोला भन्ने प्रश्न गम्भीर छ ।

राष्ट्रिय बैङ्कको ऐन, २०५८ को दफा २१ ले गभर्नर, डिप्युटी गभर्नर र सञ्चालक समितिको कुनै सदस्या वा पदाधिकारी कुनै पनि राजनीतिक दलमा संलग्न हुनुहुँदैन भनेर प्रष्ट भन्छ भने उहाँ त्यहाँ बसिरहन मिल्छ कि मिल्दैन? एकछिनलाई मान्दिनुस् पुष्टि भा'को छैन । अलमलमा छ । तर पनि विवाद भएर सबैलाई त्यस्तै त्यस्तै लाग्या छ । कि त होइन भने पुष्टि गर्ने विश्वसनीय कागजात चाहियो । महाप्रसाद अधिकारी नाम गरेको अर्थ तथा योजना विभागको त्यही जिल्लाको मान्छे फल्ना हुन्थ्यो । २०७३ सालको चैं उहाँ नै हो । अहिले जो गोभर्नर हुनुन्छ अहिलेको चैं अर्को हो भनेर गर्नुपर्यो । होइन भने जे सुकै बोलेर यता उता भएकै भए पनि कम से कम विवाद भयो, अन्योल भयो भन्ने मात्रै तर्क गरेर उहाँले राजीनामा दिइदिनु, पद छोडदिनु बेस हुन्छ । विधि र नैतिक मूल्य कही त लागु हुनुपर्यो । अर्कालाई भन्दाखेरि हुने म कुनै एउटा पार्टीलाई मात्र भनिराख्या छैन । आफैले गर्नुपर्दा तर्क ढाँट छल गर्ने कहाँ कहाँ पाइन्छ भनेर खोज्ने । यो प्रवृत्ति नेपालमा मौलाएर जाँदा कता पुग्छ देश? सबैले आफ्नो आफ्नो समिक्षा गरौं न । मेरो यो बिचारमा, मेरो यो विषयमा यो बिचार छ । म त्यसमा गम्भीर ध्यानाकार्षण सम्बन्धित पार्टी र सम्बन्धित मित्रको गराउन चाहन्छु । कहीं न कहीं सुरुवात त गरौं ।

यद्यपि मेलै एउटा कुरा सम्माननीय अध्यक्षज्यू भन्ने गर्या छु बारम्बार गठबन्धनको बैठकमा, विभिन्न सर्वदलीय बैठकमा, सार्वजनिकमा पनि भन्ने गर्या छु एउटा त गलत काम यो देशमा पार्टीहरू, नेताहरूले, हामीहरूले गरेकै छौं । राजनीतिक नियुक्ति राष्ट्रिय सेवा गर्ने राजनीतिक नियुक्तिहरूमा जो पार्टीमा छैन, पार्टीसँग सम्बन्धित छैन त्यो रोस्टरमै पर्दैन । एउटा देश भक्त, एउटा स्वच्छ, एउटा क्षमता सम्पन्न प्रतिभाशाली नागरिक छ । ऊ विभिन्न सेवा गर्न उपयुक्त हुन्छ । राजदूत वा जीएम वा अरू त्यस्तै आयोगहरूमा तर कुनै पार्टीको छैन भने ऊ कहिल्यै रोस्टरमै आउँदैन र त्यो मान्छेले राष्ट्रिय सेवा गर्नै पाउँदैन । त्यो मान्छेलाई देशमा तँ नबस विदेश जा भनेर भनेकोबाहेक के अर्थ लाग्छ? यसमा थोरै पनि आत्मलोचक हुन भनेर भन्दाखेरि नयाँ ढङ्गले जाऊँ भन्दाखेरि नगर्ने बेलासम्म सबै नेताहरू तयार अहिले नै निर्णय नगर्ने बेलासम्म चैं एकदम ठिक हो यो कुरा त सारै भा' छ भनेर सबै भन्छन् । निर्णय गर्ने बेलामा चैं काँ हुन्छ अहिले त सकिन्नँ नि यो त फलना हाम्रो मान्छेलाई दिनपर्या छ

भन्छन् सबै जनाले । यी के हत्य हो भने नि यो । त्यसैले त्यस्तो पनि हालत छ भनेपछि खोज्दै जाँदा यस्तै यस्तै पनि कहाँ कहाँ छन् म चैं क्लिन चिट दिन अहिले सक्दिनँ । तर पनि आइसक्यो विधि त पालना गर्नुपर्यो नि । त्यसकारणले एकातिर दृष्टिकोणमा परिवर्तनको आवश्यकता छ । कार्यशैलीमा परिवर्तनको आवश्यता छ भने अर्कोतिर विधि त लागु गर्नुपर्छ । त्यसकारण त्यो ढङ्गले म सम्बन्धितहरूको ध्यानाकार्षण गराउन चाहन्छु ।

अर्को कुरा अहिले भरखरै यहाँ चर्चा भयो म सत्तारुढ गठबन्धनको एउटा जिम्मेवार सदस्य हो । म गठबन्धनको केन्द्रीय समन्वय समितिमै छु । तर दुःखका साथ भन्नुपर्छ । संवैधानिक परिषद्सम्बन्धी, संवैधानिक परिषद् ऐन संशोधन विधेयक कसरी आउन सक्यो हाम्रो सरकारबाट? तत्कालीन प्रधानमन्त्री केपी ओलीले अध्यादेशको रूपमा यो लिएर आउँदाखेरि, यही सार तत्वको अध्यादेश लिएर आउँदाखेरि हामीले विरोध गर्यौं । त्यतिखेर पार्टी नेकपा एकीकृत थियो । त्यहीभित्र मतभेद भो' नेपाली काँग्रेसको अहिलेको प्रधानमन्त्री नेपाली काँग्रेसको सभापतिले वक्तव्य दिनुभो' । देशमा एउटा ठुलो विषय बन्यो । र हामीले पहिलोपटक त्यसलाई फिर्ता लिन बाध्य बनायौं । दोस्रोपटक पनि हामी त्यसको विरोध गरिराख्यौं । अहिले हामीले त्यही सार तत्त्वको विधेयक ल्याउन मिल्छ भनेर कसरी सक्ने के? डबल स्ट्यान्डर कहिलेसम्म हाम्रो देशमा? सरकार नहुँदा एउटा कुरा, ..... एउटा कुरा, विपक्षमा हुँदा आफूलाई चाहिँदा अर्को कुरा गर्न मिल्छ भन्या? यहि हो त लोकतन्त्रको विधि र नैतिकता? त्यसो गर्न मिल्दैन । कुनै पनि हालतमा मिल्दैन । यो संवैधानिक परिषद् ऐनको संशोधन विधेयक तत्काल सरकारले फिर्ता गर्नुपर्छ । अर्को इफ, बट हुनै सक्दैन । म त्यसमा जोडदार ध्यानाकार्षण गराउन चाहन्छु ।

त्यसै गरी अर्को नागरिकता ऐन संशोधन विधेयक आएको छ । नेपालमा दुःखका साथ भन्नुपर्छ । २०१५ मा संविधान जारी गरिसकेपछि त्यो संविधानअन्तर्गत नागरिकता पाउने थुप्रै नेपालका नागरिकहरूले अहिलेसम्म नागरिकता प्राप्त गर्न सकेका छन् र पीडा झेलिराखेका छन् । र हाम्रा प्रतिनिधि सभा र राष्ट्रिय सभाका सांसदहरूलाई हरेक दिन एसएमएस आउँछ । हामी नागरिकता नपाउने? हामी नागरिकताविहीन हुनुपर्ने? भन्ने छ । खालि त्यस्तो नागरिकताविहीन हुनुपरेको कुरा मात्रै छैन । उनको दैनिक कामकाज चलिराख्या छैन । अध्ययनदेखि लिएर सरकारी कामकाजदेखि लिएर सबै कुरामा अवरुद्ध छ । त्यसकारणले संविधानले भनेअनुसारको नेपाली बाउ आमा नेपाल नागरिक बाउ आमाका सन्तानहरूले निश्चित रूपमा नागरिकता पाउनुपर्छ । त्यसको कानुन व्यवस्था यति ढिलो हामीले गर्नै हुँदैन्थ्यो । त्यो एक प्रकारको ठुलो अपराधसम्म पनि भएको छ । त्यसको निम्ति हामीले कानुनी व्यवस्था त गर्नै पर्थ्यो, गर्नुपर्छ । त्यसमा कुनै द्विविधा छैन । त्यसमा आम सहमति पनि छ ।

तर अहिले सरकारले के गर्यो भने त्यो मात्रै गरेन । राज्य व्यवस्था समितिको बहमतले जुन विधेयक संसदमा पठा'को थियो त्यो विधेयक त्यहाँ पठाउँदाखेरि बहुमत र अल्पमत भा' थियो र केही मुद्दामा विशेषत वैवाहिक आङ्कृत नागरिकतासम्बन्धी मुद्दामा मतभेद थियो । त्यो मतभेदले बहुमतमा सदनमा पठायो । त्यसको सामान्य विधि के हो भने अब सदनमा छलफल गरेर जे निर्णय हुन्छ त्यसलाई स्वीकार गर्ने । तैपनि सकेसम्म राष्ट्रिय सहमति होस् यस्तो संवेदनशील मुद्दा भनेर सोच्नुलाई नराम्रो मान्न सकिँदैन । त्यसैले संवैधानिक रूपले नै प्रत्याभूत गरिसकेका नेपाली नागरिक भएका बाउ आमाका सन्तानहरूले नागरिकता पाउने कुरालाई सुनिश्चित तत्कालै गरिहाल्ने । जुन विषयमा मतभेद छ त्यो मतभेदको विषय चैं पछाडि छलफल गर्ने गरी अहिलेलाई थाती राख्नेसम्म गरेको भए पनि सोच्ने भन्न सकिन्थ्यो । फेरि अर्को एउटा चैं विधेयक हामीले ल्याउनुपर्थ्यो पछाडि । तर एकछिन क्या, एकछिन छातीमा हात राखेर सोचौं । यसरी संसदीय मर्यादा लोकतान्त्रिक विधिको कार्यान्वयन कसरी हुन्छ? कुनै एउटा समितिमा कुनै विषयमा मतभेद भयो बहुमतले संसदमा एउटा विल पठायो । सरकारले त्यसलाई फिर्ता लिने अनि त्यो फिर्ता लिएर अल्पमतमा परेको चिज लागु हुने गरी कानुनी व्यवस्था गर्न अगाडि बढ्न मिल्छ भन्या? यी संसदीय गरिमा, मर्यादा र लोकतान्त्रिक मूल्य मान्यताअन्तर्गत हुन्छ त? यो सत्तारुढ गठबन्धनको बैठकमा नि छलफल भएकै विषय थियो । त्यहाँ हाम्रो कुरा के भएको थियो भने यो नेपाली नागरिक बाउ आमाका सन्तानहरूले नागरिकता नपाएको पीडादायक स्थिति तत्काल अन्त गर्नुपर्छ । जुन विषयमा हाम्रो मतभेद छ त्यो मतभेदको अर्को विषयका कारणले त्यसले पनि नागरिकता नपाउने स्थिति त भएन भनेर त्यसलाई नागरिकता दिलाउने व्यवस्था गरिहालौं भन्यौं हामीले । तर त्यसो गर्दा जो बहुमत र अल्पमतको विषय थियो त्यसलाई फेरि छलफल गरेर अर्को ढङ्गले पछि गरौंला तर अहिले त्यो सबै स्थगित गरौं भन्यौं । त्यसो गर्दा पहिलाको नागरिकता ऐनमा भएको प्रावधान पनि केही समयको लागि स्थगित गर्न जरुरत थियो । हाम्रो सम्झदारी त्यस्तो थियो । वैवाहिक आङ्कृतसम्बन्धी । तर अहिले त के भो भने त्यो जुनमा सहमति छ त्यो चैं लागु गर्ने । अल्पमतमा परेको चैं पहिलेकै कानुनअनुसार लागु भइरहने भने त अर्को विधेयकै आउँदैन अब नागरिकता ऐनसम्बन्धी । त्यसो गर्न मिल्छ त? संसदीय पद्धति, विधिको शासन र नैतिकता यो कोणबाट हेरौं त । यसो गर्न मिल्छ? यो मिल्दैन । त्यसैले यो बारेमा पनि गम्भीर होस् । अहिले संविधानले दिएका बाउ आमाका सन्तानहरू जो नेपाली नागरिक छन् तिनले पाउने कुरालाई ग्यारेन्टी गरौं । मतभेद भएको कुरालाई चैं हामीले कसरी अगाडि बढ्ने भन्ने बारेमा अल्पमतका कुरा स्वतः लागु हुने स्थिति गरेर गयौं भने यो संसदीय पद्धति नै चल्दैन । त्यस बारेमा पनि ध्यानाकर्षण म गराउन चाहन्छु ।

अब (**<u>सम्माननीय अध्यक्षः-</u>** समय सक्यो माननीयज्यू) आज चैं मैले सम्माननीय अध्यक्षज्यूलाई एउटा सिङ्गै विषयमा बाँकी भएको भएर समय माग्दिनँ । अस्ति त मैले

समय अलिकति मागेकै हो । आज थप समय माग्दिनँ । अर्को एउटा महत्त्वपूर्ण विषयमा मैले बोल्नु छ । यही सदनमा बोल्छु । मैले अहिले कुनै मिडियामा अन्तरवार्ता दिएको छैन ८ महिना भो' । टीभीमा दे'को छैन, प्रिन्ट मिडिमा दे'को छैन, अनलाइनमा दे'को छैन । बाहिर मिडियासँग बाइट पनि दे'को छैन । अस्ति बाध्य भएर चिनियाँ मित्रसँग भेट्दाखेरि चैं हामीले त्यो बाहिर मात्र बोलें । अहिलेसम्म बोल्या छैन । मैले हाउसमा मात्रै बोल्या छु । हाउसमा एउटा गम्भीर विषय जसको ध्यानाकार्षण मैले गर्न खोजेको छु र केही सङ्केत गरेको छु त्यो बारेमा अर्को समय लिएर म गम्भीरताको विषय राख्ने छु । अहिलेलाई विदा हुन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय डा. वेदुराम भुसाल । समय १२ मिनेट । त्यसपछि माननीय खिमलाल देवकोटा ।

**माननीय डा. वेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**ः- सम्माननीय अध्यक्ष महोदय, अहिले मुलुकमा धेरै खालका समस्याहरू देखा परिरहेकै छन् । महङ्गीले आकाश छुँदै छ । आकाशिँदै छ महङ्गी । अहिलेसम्म पनि किसानहरूले पर्याप्त मात्रामा मल पाउन सकेका छैनन् । अहिले आएर बाढी पहिरोको समस्या बढ्दै गइरहेको छ । यी यावत् विषयहरूमा हामीले छलफल गर्नुपर्ने हो, बोल्नुपर्ने हो । तर हिजो मात्रै महालेखापरीक्षक प्रतिवेदन राष्ट्रपति महोदयकहाँ बुझाइयो । त्यसले इङ्गित गरेका आर्थिक परिसूचकहरू हेर्दाखेरि अर्को चिन्ता लाग्दो अवस्था छ । यो वर्ष मात्रै १५ प्रतिशत, १५ दशमलब ४६ प्रतिशत बेरुजु बढेको छ । यसले हाम्रो मुलुकको सुशासन कता जाँदै छ भन्ने कुरा सङ्केत गर्छ भन्ने मलाई लाग्छ । हामीले सुशासनको कुरा गरिरहेका छौं । तर बेरुजु बढ्दै गइरहेको छ । यसले सुशासन होइन आर्थिक अराजकतातर्फ मुलुक गइरहेको छ भन्ने सङ्केत गर्छ भन्ने मलाई लाग्छ । यो विषयमा पनि छलफल गर्नुपर्ने हो । तर मलाई आज यस्ता विषयमा भन्दा पनि यो हाम्रो आफनै सभाको विषयमा कुरा गर्न मन लागिरहेको छ ।

हाम्रो संविधानको धारा ८३ ले राष्ट्रिय सभा र प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदनसहितको एक सङ्घीय व्यवस्थापिका हुने छ जसलाई सङ्घीय संसद भनिने छ भनेर लेखिएको छ । यहाँ प्रष्ट भनेको दुई सदनसहितको एक सङ्घीय व्यवस्थापिका, त एक सङ्घीय संसद । यहाँ कुनै विभेद गरेको म देख्दिनँ । संविधानले हाम्रा दुइटा सभालाई प्रतिनिधि सभा र यो राष्ट्रिय सभालाई कुनै विभेद गरेको देखिँदैन । तर जब व्यवहारमा हेरिन्छ या जब म व्यवहार हेर्छु, मैले धेरैतर्फ धेरै सबालहरूमा, धेरै विषयहरूमा प्रतिनिधि सभा अलि विशेष हो र यो राष्ट्रिय सभा गौण हो । यसलाई त्यति धेरै महत्त्व दिनुपर्दैन भन्ने ढङ्गले व्यवहार भएको म देख्छु, म पाउँछु । यसका थुप्रै

उदाहरणहरू छन् । तर म दुई, तीनटा उदाहरण मात्रै आज यहाँ राख्न चाहन्छु । मैले धेरै बोल्नुपर्ने ठानिरहेको छैन ।

सबैभन्दा पहिलो कुरा त सरकारी सञ्चार माध्यमहरूले गर्ने प्रचारलाई मैले हेरिरहेको छु । जुन दिन प्रतिनिधि सभा र राष्ट्रिय सभाका दुवै सभाहरूका बैठक हुन्छ त्यो दिन प्रतिनिधि सभाको बैठकको मात्रै समाचार बजाउँछन् । हाम्रा राष्ट्रिय समाचार, राष्ट्रिय सञ्चार माध्यमहरूले अरू निजी माध्यमहरूको निजी सञ्चार गृहहरूको म कुरा गर्दिनँ । उनीहरूको निजी मामला होला । तर सरकारका सञ्चार माध्यमहरूले दुइटा सभामध्ये एउटा सभालाई प्राथमिकता दिन मिल्छ कि मिल्दैन? मेरो विचारमा त्यो नमिल्नुपर्ने हो । तर त्यो गरिरहेको छ । प्रतिनिधि सभाका सदस्यहरूले बोलेको कुरालाई प्रत्येक सदस्यको नामसहित उहाँले यसो भन्नु भो' भनेर प्रचार गरिन्छ तर राष्ट्रिय सभाको गरिदैन । यदि दुवै सभाको बैठक भएको छ भने राष्ट्रिय सभाको नि बैठक भयो भनेर एक वाक्यमा सकिन्छ । त्यहाँ के भो? के पास गर्यो? के बोले? कसले के भने? केही पनि भनिँदैन । यो नै विभेदकारी व्यवहार हो । सबभन्दा पहिलो कुरा सरकारका सञ्चार माध्यमहरूले गर्ने यो विभेदकारी व्यवहार हो ।

अर्को व्यवस्थापकीय व्यवहार हो भन्ने म देख्छु । प्रतिनिधि सभाका कतिपय बैठकहरूको लाइभ प्रसारण गरिन्छ । तर राष्ट्रिय सभाको कहिले पनि गरिदैन । मैले पाएको छैन, देख्या छैन मैले । यो खालको विभेदको व्यवहार यही भइरहेको छ । सर्वोच्च निकाय विधि निर्माण गरी निकायको बिचमा दुइटा एक संसदको दुई अङ्गको बिचमा यो खालको विभेद गरिरहेको छ पहिलो कुरो । यो प्रसारको क्षेत्रमा गरिएको उपेक्षा यसरी भइरहेको छ । दोस्रोः निर्णयहरू र निर्देशहरूको कार्यान्वयनको सन्दर्भमा त्यस्तै नै उपेक्षा गरिएको छ । राष्ट्रिय सभाबाट भएका थुप्रै निर्णयहरू, निर्देशहरू, राष्ट्रिय सभाका समितिहरूले गरेका निर्णय र निर्देहरूको कार्यान्वयन भएको देखिँदैन । पूरै यो उपेक्षा गरिन्छ । समितिका प्रतिवेदनहरू हामी यहाँ पास गर्छौं त्यसतर्फ ध्यान पुर्याएको देखिँदैन । कैयन सङ्कलप प्रस्तावहरू पास गरेर गएका पठाएका हुन्छौं त्यसतर्फ ध्यान दिएको देखिँदैन । अस्ति भरखर पनि हामीले एउटा सङ्कल्प प्रस्ताव पास गरेका छौं यौन हिंसासम्बन्धी । त्यसपछि आएको विधेयकले त्यो सङ्कलप प्रस्तावलाई सम्बोधन गर्यो कि गरेन? प्रश्न उठिरहेको छ । यस्ता थुप्रै क्षेत्रहरू छन् कामका, निर्णयका, निर्देशका त्यहाँ ध्यान दिएको र तिनीहरूको कार्यान्यवयन गरेको पाइँदैन । कार्यान्वयनमा उपेक्षा गरेको पाइन्छ । दोस्रो कुरा ।

तेस्रोः पधादिकारीहरूको व्यवस्थापनका सन्दर्भमा उपेक्षा भएको देखिरहेको छु मैले । हाम्रो यो सभाको उपाध्यक्षको पद लामो समयदेखि खाली छ । पूर्ति गरिदैन । किन गरिएको छैन? किन गरिदैन? यसो हो प्रतिनिधि सभामा पनि खाली थियो उपसभामुखको पद । त्यहाँ कम से कम अब निर्वाचन गर्ने भन्ने भएछ । तर यो राष्ट्रिय

सभालाई त फेरि पनि सम्झिएन । फेरि पनि राष्ट्रिय सभाको उपाध्यक्षको निर्वाचनतर्फ ध्यान गएन । किन हो? त्यति मात्रै होइन समितिका सभापतिहरू खाली छ । त्यसमा ध्यान गइरहेको छैन । त्योप्रति गर्नेतर्फ ध्यान गइरहेको छैन । दलका नेताहरू र सचेतकहरूको सन्दर्भमा व्यवस्था, व्यवस्थापनको कुनै त्यहाँ कुनै ध्यान दिइएको छैन । जब कि प्रतिनिधि सभाका विभिन्न दलका नेता, सचेतकहरूलाई पदाधिकारी नै मान्छ क्यारे । त्यस हिसाबले त्यहाँ व्यवस्थापनको कुरा गरिएको छ । तर यो राष्ट्रिय सभामा गरिदै । यस खालका विभेदकारी व्यवहारहरू यो हाम्रो माथिल्लो निकायमा किन हुन्छ? भन्ने प्रश्नले मलाई चैं सताइरहेको छ । त्यसकारण मैले यो विषय यहाँ राख्न चाहेको हुँ ।

त्यसै गरीकन सबैभन्दा गम्भीर विषय भनेको विधि निर्माणको सन्दर्भमा छ । विधि निर्माणमा पनि प्रतिनिधि सभाले गरेपछि पुगिहाल्यो भने खालको जुन मानसिकता, मनस्थिति देखिन्छ; यो वास्तवमा धेरै चिन्ताजनक छ । दुई सदनको व्यवस्था हामीले किन गर्यौं? प्रतिनिधि सभाले ल्याएको प्रस्ताव या प्रतिनिधि सभाले पारित गरेको विधेयकलाई राष्ट्रिय सभाले जस्ताका त्यस्तै पारित गर्नुपर्ने हो भने यो राष्ट्रिय सभा केका निम्ति हो? अहिले भरखरै माननीयज्यूहरूले अनुरोध गरिरहनुभा' छ कि हामी तलबाट आएकोलाई यहाँ नरोकदिनुस् । संशोधन नहाल्दिनुस् । संशोधन फिर्ता गर्दिनुस् भन्या भन्यै हुनुन्छ । समय सकियो । समयभित्र किन काम नगरेको सरकारले? माननीय मन्त्रीज्यूहरूले समयभित्र किन नल्याउनु भ'को? अन्तिममा आजै लानुपर्छ, आजै लानुपर्छ ल संशोधन फिर्ता गर्दिनुस् कि फिर्ता गर्दिनुस् यहींबाट सिधै पास गरौं । यहाँबाट सिधै पास गर्ने भए यहीं किन ल्याउनुपर्यो? अध्यादेश एउटा विशेष अवस्थामा सरकारले अत्यावश्यक भएर ल्याएको हुनाले त्यसलाई प्रतिस्थापन विधेयकमा लाँदाखेरि ठिक छ त्यसलाई संशोधन धेरै नगरौं । यसलाई फेरि अरू तरिकाबाट गरौंला भन्दाखेरि सकारात्मक ढङ्गले लिन सकिन्छ । सबै कुरालाई नकारात्मक ढङ्गले लिनुपर्छ भन्ने छैन । तर त्यसका निम्ति कम से कम केही दिन राखेर ल्याए त हुन्थ्यो नि । केही छलफल गरेर अगाडि बढ्ने वातावरण बनाए त हुन्थ्यो नि । केही पनि नगरीकन ल तपाईंको संशोधन फिर्ता लिइदिनुस् । अप्ठ्यारोमा पारेर फिर्ता नलिऊँ सरकारलाई असहयोग गर्ने, सरकालाई असहयोग गरेको ठहर्ने । फिर्ता लिऊँ फिर्ता लिन मन छैन । यस्तो खालको परिस्थिति सिर्जना गर्ने ।

त्यति मात्रै होइन नयाँ विधेयक, एकदमै नयाँ विधेयक आइरहेको छ प्रतिनिधि सभाबाट । प्रतिनिधि सभामा २०७६ सालमा प्रस्तुत गरिएको विधेयक ३ वर्ष त्यहाँ लड्काएर राखियो । यहाँ अस्ति गत हप्ता पनि भ'को छैन । ७ दिन भ'को छैन राष्ट्रिय सभामा ल्याएको ल आजै पास गर्दिनुपर्यो भनेर भन्दै हुनुन्छ । यो खालको यो राष्ट्रिय सभालाई यस ढङ्गले उपेक्षा गर्ने कुरा स्वीकार्य हुन सक्दैन । यस ढङ्गले उपेक्षा गर्ने भए त्यस भए यहाँ नल्याउँदा हुन्छ नि । किन ल्याउने यहाँ? यसलाई स्वीकार गर्न

सकिदैन । कम्सेकम म चैं यसलाई स्वीकार गर्न सक्दिनँ । मेरो धारणा चैं त्यो छ । के कारणले नयाँ विधेयक पनि छलफल नै नगरीकन अगाडि लानुपर्ने? ल अध्यादेशालाई विस्थापित गर्ने विधिको सन्दर्भमा एउटा प्रसङ्ग होला । नयाँ बिशुद्ध, नयाँ ढङ्गले विधेयक लेरा'को छ । थुप्रै असङ्गतिहरू छन् । थुप्रै नमिलेका कुराहरू छन् । मिलाउनुपर्ने छ । त्यसका निम्ति दुई चार दिन छलफल गरौं, बहस गरौं, कति मिलाउनुपर्छ मिलाएर जाऔं भन्ने कुरा छैन आजका आजै पास गर्दिनुस्, भोलिका भोलि पास गर्दिनुस् समिति लाने भएर यहीबाट पास गर्दिनुस् । यो ढङ्गले माननीय मन्त्रीज्यूहरू प्रस्तुत भइरहनुभा' छ । यो भनेको राष्ट्रिय सभालाई पूर्णतः उपेक्षा गर्ने कुरा । यो राष्ट्रिय सभालाई यस हिसाबले उपेक्षा गर्ने हो भने यसको कुनै काम छैन । यसको कुनै प्रयोजन छैन भनेर संविधान संशोधन गर्नेलाई खारेज गर्ने दिशामा जाऔं । होइन भने यो राष्ट्रिय सभा प्रतिनिधि सभाले गरेका कामको रेखदेख गर्ने सभा हो । त्यसले गरेका गल्तीहरूलाई सच्चाउने हो यो सभा । त्यसले गरेका कमजोरीहरूलाई सच्चाएर अगाडि बढाउने सभा हो यो सभा । यसले त्यहाँ अवसर पाउने कि नपाउने? यसले त्यो मौका पाउने कि नपाउने? पाउनुपर्छ । यो हाम्रो अधिकारको कुरा हो । यो संविधानले दिएको अधिकारको कुरा हो । त्यसो भएर म सरकारसँग र हाम्रो संसद सचिवालयका पदाधिकारीहरूसँग पनि र स्वयम् हाम्रा अध्यक्ष महोदयसँग पनि, सम्माननीय अध्यक्ष महोदयसँग पनि के अनुरोध गर्न चाहन्छु भने यी विषयमा यस ढङ्गले जाने काम चैं नगरियोस् । सम्माननीय अध्यक्ष महोदयको पनि ध्यानाकार्षण होस् भन्ने अनुरोध गर्न चाहन्छु । यस हिसाबले हाम्रो सिङ्गो यो सभालाई उपेक्षा गर्ने कुरालाई हामी स्वीकार गर्न सक्दैनौं । त्यस हिसाबले यसरी उपेक्षा गर्ने कुरामा हामीले सहमति दिने काम चैं नगरौं । र यसमा आइन्दा दुई सदनको बिचमा विभेद हुने खालका कुनै पनि व्यवहार नगरियोस् भन्ने अनुरोधका साथ बिदा हुन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय खिमलाल देवकोटा । समय ५ मिनेट । त्यसपछि माननीय डा. विमला राई पौडयाल ।

**माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**ः- सम्माननीय अध्यक्ष महोदय, यो संसदको अभिभावक राष्ट्रिय सभाको अध्यक्षको गरिमामय पदलाई अवमूल्यन हुने गरी यही संसदले यही कानुनमा लिपिबद्ध गरेको दृष्टान्तबाट आफ्नो भनाइ सुरु गर्छु । संघीय संसद सचिवालयसम्बन्धी ऐन, २०६४ लाई संघीय संसदको तेस्रो अधिवेशनमा संशोधन गरिएको रहेछ । तेस्रो अधिवेशन, २०७५ पुस, माघमा भएको थियो । यस ऐनको दफा ६ मा संघीय संसद र सचिवालयको रेखदेख, नियन्त्रण र सुपरिवेक्षणलगायतको लागि प्रतिनिधि सभाका सभामुखको सभापतित्वमा एउटा समितिको व्यवस्था छ । संसदका महासचिव, सचिवलगायतकाहरू सदस्य हुने यस समितिका राष्ट्रिय सभाका अध्यक्षलाई

सदस्यमा राखिएको छ । महासचिवको नियुक्ति पनि सभामुख र अध्यक्षको संयुक्त सिफारिसमा राष्ट्रपतिबाट हुने हो । मेरो प्रश्न छ, मेरो प्रश्न छ राष्ट्रिय सभाका अध्यक्षको सिफारिसमा नियुक्ति हुने महासचिव, सचिव र अध्यक्षको स्ट्याटस पनि कहीँ एउटै हुन्छ? यो सिङ्गो संसदलाई मेरो प्रश्न । यस्तो पनि कहीँ दुनियाँमा हुन्छ? अध्यक्ष महोदय, संघीय संसद भनेको प्रतिनिधि सभा र राष्ट्रिय सभाको संयुक्त स्वरूप हो भरखरै हाम्रो डा. वेदुराम भुसालले पनि बताउनुभा'को छ । मैले त्यस बेलाको बैठकको रेकर्डमा पनि हेरेँ । संघीय संसद सचिवालयसम्बन्धी विधेयक राष्ट्रिय सभाको यो हाउसले समेत सर्वसम्मत रूपले अनुमोदन गरेको रहेछ । प्रतिनिधि सभाका माननीयहरूले त विवेक पुर्याएनन् पुर्याएनन् कम्तीमा राष्ट्रिय सभाका माननीयहरूको ध्यान जानुपर्दथ्यो कि पर्दैनथ्यो? मैले बुझेको प्रतिनिधि सभाका सभामुख र राष्ट्रिय सभाका अध्यक्ष संविधानतः पदीय रूपमा बराबर हैसियतका पद हुन् । दुवैलाई सभापति राखेर पालैपालो अध्यक्षता गर्ने गरी बनाउन सकिन्थ्यो कि सकिदैनथ्यो? सभापतिमा कुरा मिलेन, भएन । एकछिनलाई मानौँ प्रतिनिधि सभा मानेन । उपसभापति राखेको भए के हुन्थ्यो? यो विधेयकको उठान कानुन मन्त्रालय वा संघीय संसद कहाँबाट भएको हो यसलाई तुरुन्त संशोधन गरियोस् ।

अध्यक्ष महोदय, मलाई खड्केको अर्को विषय पनि छ । संघीय संसदको दुवै सदनको संयुक्त बैठकको अध्यक्षता पनि हो, अध्यक्षता पनि हो । संयुक्त बैठक प्राय सरकारको नेतृत्व कार्यक्रम र राजस्व र व्ययको अनुमान प्रस्तुतिको समयमा हुन्छ । एउटा बैठकको सदस्यता सभामुख र अर्कोको राष्ट्रिय सभाको अध्यक्षले गर्ने गरी संयुक्त बैठक कार्य सञ्चालन नियमावलीमा राख्न सकिँदैन? यसमा पनि बहस होस् छलफल होस् । अध्यक्ष महोदय, मैले सुरुमा नै भनिसकेँ राष्ट्रिय सभाको अध्यक्ष यो संसदको अभिभावक पनि हो । जब अभिभावक कमजोर हुन्छ, कमजोर बनाइन्छ भने निश्चित रूपमा हाम्रो भूमिका पनि कमजोर हुन्छ । मैले यहाँ व्यक्तिको कुरा गरेको होइन विधि तथा पदीय मर्यादाको कुरा पनि गरेको हो । भोलि राष्ट्रिय सभाको अध्यक्ष वा सांसदहरू प्रतिनिधि सभाका सभामुख हुन सक्लान् । प्रतिनिधि सभाका सभामुख वा सांसदहरू राष्ट्रिय सभाका अध्यक्ष पनि होलान् । हामीले प्रद्धतिको निर्माण गर्ने हो । अन्तर्राष्ट्रिय अभ्यास र अनुभवको आधारमा पनि उपल्लो सदन राष्ट्रिय सभाको गरिमा जोगाउने हो ।

अध्यक्ष महोदय, के एकात्मक के सङ्घात्मक संसारभरका प्राय सबै खालका शासन व्यवस्था अङ्गालेका मुलुकहरूको अभ्यास हेर्ने हो भने माथिल्लो सदनको भूमिका कानुन निर्माणमा चैं अहम् छ । विशेष गरी कानुन निर्माणमा अहम् छ, प्रभावकारी छ । अमेरिका र क्यानडाको सिनेट, बेलायतको हाउस अफ लर्डस्, स्विट्जर्ल्याण्डको काउन्सिल अफ स्टेट्स, जर्मनीको बुन्डेसट्र्याट आदि उपल्लो सदनहरू कानुन तर्जुमामा चैं एकदम सक्रिय छन् । उनीहरूको भूमिका एकदम महत्त्वपूर्ण छ । तर राष्ट्रिय सभाको मेरो छोटो अनुभवले भन्छ यसको गरिमालाई संविधानले पनि कमजोर बनाएको छ ।

संविधानले नि कमजोर बनाएको छ । अगि डा. वेदुराम भुसालले व्यवहारमा त कमजोर बनाइएको छँदै छ तर संविधानले पनि यसलाई अलि कमजोर बनाएको छ । जस्तो विधेयकै सन्दर्भमा प्रतिनिधि सभाबाट स्वीकृत भएर आएको अर्थ विधेयक राष्ट्रिय सभाले १५ दिनभित्र पठाएन भने प्रतिनिधि सभाले प्रमाणीकरणका लागि राष्ट्रपतिकहाँ पठाउन सक्छ । राष्ट्रिय सभाको यो सिङ्गो हाउसले अर्थ विधेयक अस्वीकृत गरे तापनि केही फरक पर्दैन स्वीकृत हुन्छ । राष्ट्रिय सभाबाट उत्पति भएको विधेयकलाई प्रतिनिधि सभाले अस्वीकार गर्‍यो भने दुवै संसदको संयुक्त समितिमा पठाउनुपर्ने व्यवस्था छ । यस समितिमा राष्ट्रिय सभाका ५ जना र प्रतिनिधि सभाका २० जना सांसद हुनुन्छन् । वान इज टु फोको रेसियोको संरचनाले स्वतः प्रतिनिधि सभाहरूले जो चाहयो त्यही भयो ।

दोस्रो विषयः (मैले थोरै समय माग गरे अध्यक्ष महोदय, आधा मिनेट मात्रै) प्रतिनिधि सभाले पारित गरी राष्ट्रिय सभामा पठाएको अर्थ विधेयकबाहेक अन्य विधेयक राष्ट्रिय सभाले ६० दिनभित्र फिर्ता गरेन भने पनि प्रतिनिधि सभाले प्रक्रिया पूरा गरी प्रमाणीकरणको लागि राष्ट्रपतिसमक्ष पेस गर्न सक्छ । तर राष्ट्रिय सभाले पारित गरेर प्रतिनिधि सभामा पठाएको विधेयकहरूको कुनै समय, सीमै छैन । यही भएर होला विगत साढे ३ वर्षदेखि राष्ट्रिय सभाले पठाएका विधेयकहरू अड्किएका छन् । हाम्रो माननीय देवेन्द्र दाहाल, बामदेव गौतम, वेदुराम भुसाललगायतकाले यो विषय पनि भनिसक्नुभा'को छ । अन्तमा सङ्कट कालको समयको भूमिकालाई आधार मान्ने हो भने राष्ट्रिय सभाको भूमिका अतुलनीय हुन सक्छ । यसैमा सन्तोष मान्ने हो भने त केही भन्नु छैन तर पनि कानुन निर्माणमा प्रतिनिधि सभा बारबारीको भूमिका बनाइएन भने कालान्तरमा राष्ट्रिय सभाको औचित्यमा पनि प्रश्न चिह्नमा लाग्ने निश्चित प्राय छ । यसमा सरोकारवाला विशेष गरी प्रमुख राजनीतिक दलहरूको ध्यान जानका लागि सम्माननीय अध्यक्षज्यूमार्फत अनुरोध गर्दछु । हवस् त धन्यवाद । नमस्कार ।

**सम्माननीय अध्यक्ष**ः- माननीय डा. विमला राई पौडयाल । समय ५ मिनेट । त्यसपछि माननीय विमला घिमिरे ।

**माननीय डा. विमला राई पौडयाल (मनोनीत)**ः- सम्माननीय अध्यक्षज्यू, हिजो मलाई एक जना वरिष्ठ पत्रकारले एउटा अन्तरवार्तामा बोलाउनुभयो । उहाँको पहिलो प्रश्न थियो कानुन बनाउने ठाँउमा बस्नु भा' छ । यति धेरै कानुनहरू अड्किराखेका छन् । तपाईंहरूले कानुन नबान'र प्रदेशले काम गर्न पाइन भन्छ । तपाईंहरूले कानुन नबना'र झन्डै ९, १० लाख भइसकिसके नागरिकताविहीन नागरिकहरू छन् । तपाईंहरूले कानुन नबाना'र प्रदेशमा, स्थानीय तहमा कर्मचारी पुगेनन् । तपाईंहरूलाई

ग्लानि हुँदैन? यो मलाई पत्रकारले सोधेको प्रश्नले खुतुकै भएँ हिजो । धेरै घरमा गएर सोचें पनि आफैले । अनि राष्ट्रिय सभामा के छ त भनेर सोच्दाखेरि राष्ट्रिय सभामा वास्तवमा हामीले कानुन अड्काएर राखेका छैनौं । विधेयकहरू अड्काएर राखेका छैनौं । हामीले जति पनि विधेयकहरू आ'का छन् राष्ट्रिय सभामा समयमै छलफल गरेर पठाएका छौं । आएर छलफल गर्न पाइएको हकमा । कतिपय कुराहरू छलफल गर्न पाइँदैन अगि पूर्ववक्ता माननीयज्यूले भनिसक्नुभयो । मैले त्यो दोहोर्याउदिनँ । अहिले राष्ट्रिय सभाबाट हामीले पठाएका, पास गरेर पठाएका र प्रतिनिधि सभामा अड्किएका मात्रै करिब १२ ओटा विधेयक रहेछन् । ती १२ ओटा विधेयक अत्यन्तै महत्त्वपूर्ण ज्येष्ठ नागरिक ऐनको संशोधन छ, इन्जिनियरिङ परिषद् बिल छ, मिडिया काउन्सिलको बिल छ, काठमाडौं उपत्यका सार्वजनिक यातायातसम्बन्धी बिल छ, नीति अनुसन्धान प्रतिस्थानसम्बन्धी बिल छ । २०७५ सालदेखि २०७५, २०७६, २०७७ मा पठाइएका यी बिलहरू अहिलेसम्म पनि प्रतिनिधि सभाले हामीलाई पठाएको छैन । यो एउटा प्रावधान छ रे हामीले प्रतिनिधि सभाले पठाएको बिल हामीले चैं २ महिनाभित्रमा केही गरेनौं भनेदेखि उहाँहरूले ढुस बनाइदिने हामीलाई अनि उहाँहरू अगि बढ्न पाउने तर हामीले पठाएका बिलहरू चैं उहाँहरूले वर्षौंसम्म थन्क्याएर राख्दा पनि केही पनि नगर्ने । सभामुखज्यू के गर्दै हुनुन्छ? यो सभामुखज्यूको काम होइन? राष्ट्रिय सभाबाट गएका बिलहरूलाई समितिहरूमा पठाएर, छलफल गराएर यहाँ फिर्ता पठाउने यो दायित्व हो कि होइन उहाँको? कि उहाँ चै अझै पनि मुद्दा मामिला गर्ने भनेर कसको कसको विरुद्धमा मुद्दा लेख्दै सर्वोच्च अदालत धाइराखुभा' छ? गर्दै के हुनुहुन्छ सभामुखज्यूले? मैले म ग्लानि भएँ । हिजो एउटा पत्रकारले सोध्दा म ग्लानि भएँ । यो १२ ओटा बिलहरू, १२ ओटा विधेयकहरू हामीले छलफल गरेर निकाल्दाखेरि करिब ५ करोड खर्च भा'को छ भन्ने मैले बुझेको छु । ५० ओटाभन्दा बढी विधेयक अहिले प्रतिनिधि सभामा अड्किएर बसेका छन् । त्यसमा कति खर्च भएको होला? अनि अब सुन्दै छु ३० गतेपछाडि गठबन्धन दलहरूबिचमा यो छलफल भएर टुङ्गिसक्यो रे ३० गतेपछाडि हाउस चल्दैन रे, बन्द हुन्छ रे अनि चुनावमा जाने रे । उहाँहरूलाई त के छ र अब उहाँहरू प्रतिनिधि सभा सदस्य रहनुहुन्न । चुनावमा जानुहुन्छ फेरि जिते भने पास गर्छु भन्नुहुन्छ । हामी त सधैं रहन्छौं नि । राष्ट्रिय सभा त सधैं रहन्छ नि । हामीले के मुख देखाउने? यतिका बिलहरू ढुस बनाउने । यत्रो ठुलो राज्य कोष खर्च भइसकेको छ यो विधेयकहरूमा । त्यो विधेयकहरू छलफल गर्नुपर्दैन? विधेयकहरू पास गर्नुपर्दैन? चुनाव गर्नुभन्दा अगाडि सबै बिल पास गरेर जानुपर्दैन हामीले? नत्र हामीले खा'को तलब

कहाबाट पचाउने हो? यो प्रश्नले मलाई एकदमै धेरै ग्लानि भा'को छ । र म यो दुःख, यो खेद आज म आफैलाई त ग्लानि भयो भयो प्रतिनिधि सभाको कानमा पुगोस् । प्रतिनिधि सभाका सभामुखको कानमा पुगोस् भनेर मैले यहाँ उठाउन खोजेको हो र उठाउँदै छु ।

दोस्रो ग्लानिको विषयः कानुन बनाउने ठाँउमा हामी कमजोर भयौं भन्दे मैले । दोस्रो ग्लानिको विषय देशको आर्थिक अवस्था बिग्रँदो छ । हामीले भने पनि बिग्रँदो छ, नभने पनि बिग्रँदो छ । जनतालाई उक्साउन भनिराख्या होइन । साच्चि नै बिग्रँदो छ । धेरै सूचकहरू हेर्नुस् बिग्रिरहेको छ । देशको ढुकुटीमा राम्रै ब्रह्मलुट भ'को छ तर हामीले सरकारलाई जवाफदेही बनाउन सकेका छैनौं । म उदाहरण दिन्छुः हिजो मात्रै सार्वजनिक भएको महालेखापरीक्षक कार्यालयको वार्षिक प्रतिवेदनले भन्छ यो आर्थिक वर्षमा २०७७, २०७८ मा मात्रै १ खर्ब १५ अर्ब हाराहारी कोष रित नपुर्याइकन खर्च भएको छ । रित नपुर्याइकन, अनि रित नपुर्याइकन खर्च गर्ने सबैभन्दा पहिलो को हो था' छ? अथमन्त्रालय । रित नपुर्याइकन खर्च गर्ने पहिलो मन्त्रालय अर्थ मन्त्रालय । अर्थ मन्त्रालयले यति धेरै कोषहरू चैं रित नपुर्याइकन खर्च गरेको छ । र यो वर्ष मात्रै १५.४६ प्रतिशतले बेरुजु बढेर ४ खर्ब ८३ अर्ब ५९ करोड पुगेको छ । यो कसले भर्ने? कहिले भर्ने? यो ग्लानिको विषय हो कि होइन? अनि अर्थ मन्त्री त अहिले राजीनामा दिएर चुप लागेर बस्नुभा' छ । मेले सुन्दै छु फेरि त्यहि दलले उहाँ चोखिनुभयो भने फेरि फिर्ता पठाउने रे उहाँलाई नै भनेर सुन्दै छु । यो बेरुजुको खर्च चैं कसले फस्टाउने हो मलाई थाहा छैन । त्यो सँगसँगै अहिले अर्थ मन्त्रालयको जिम्मरेवारी लिनुभएको प्रधानमन्त्री आउनुपर्छ कि पर्दैन? मैले अहिले यहाँ अध्यक्षज्यूमार्फत माग गर्न चाहन्छु प्रधानमन्त्रीज्यू आएर अहिले यहाँ श्रीलङ्का यो खराब अर्थनीतिले मात्रै डुबेको होइन । श्रीलङ्का डुब्नुको कारण देशको चरम यो राज्यकोषको दुरुपयोग पनि हो । र यही दुरुपयोग देशमा हाम्रो त्यही लाइनमा जाँदै छ भने प्रधानमन्त्रीले आएर अहिलेको अवस्था तथ्य तथ्य यहाँ बुझाउनुपर्छ, बुझाउनुस् अनि बल्ल श्रीलङ्का हुन्छ कि हुँदैन यो देश भनेर हामीले छलफल गर्छौं । (**सम्माननीय अध्यक्षः** समय सकियो माननीयज्यू । टुङ्ग्याउनुस् ।) त्योभन्दा अगाडि हुँदैन । हवस् धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय विमला घिमिरे । समय १० मिनेट । त्यसपछि माननीय नारायण दत्त मिश्र ।

**माननीय श्री विमला घिमिरे (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्षज्यू, हिजो मात्रै एउटा दुःखद घटना घटेको छ । राष्ट्रिय अपाङ्ग कोष भृकुटिमण्डपमा रहेको पुनःस्थापना केन्द्रको सहायक सामग्री भणडारण घरमा आगोलागी भएर थुप्रै सामग्रीहरू अपाङ्गता भएका व्यक्तिहरूलाई चाहिने कृतिम खुट्टा, ह्विलचेरलगायतका सामग्रीहरू डढेर नष्ट भएका छन् । जसले गर्दा अपङ्गता भएका व्यक्तिहरूलाई समयमै उहाँहरूलाई सेवा दिन अप्ठ्यारो हुन सक्छ । त्यसैले म समयमै सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु । यो कसरी आगलागी भयो यसको छानबिन होस र तत्कालै ती सामग्रीहरू अपाङ्गता भएका व्यक्तिहरूलाई उपलब्ध गराउनका निम्ति कमी नहोस् म ध्यानाकर्षण गराउन चाहन्छु ।

त्यसै गरी अर्को एउटा समाचार पनि सुन्नमा आएको छ । हामीले यही रोस्ट्रमबाट कृषि मन्त्रीले भन्दै हुनुहुन्थ्यो ढिलो गरी भए पनि असार मसान्तसम्म मल हामीले कृषकको मा पुर्याउन सक्छौं । विविधकारणले ढिलो भयो भन्दै हुनुन्थ्यो । त्यति बेला हामीले उठाएका थियौं धान रोपाइँ सुरु भयो किन कृषकलाई समयमै मल आउन सकेन? भन्ने प्रश्नमा उहाँले जवाफ दिनुभ'को थियो । यहीबाट हामी सबैले सुनेका थियौं । हिजो मात्रै एउटा समाचारमा सरकारले अब मल ल्याउनै सक्दैन भनेर भन्यो भन्ने समाचार आएको छ । बल्ल यो समयमा त्यसको मूल्यलगायतका विषयमा छलफल गर्दै छ रे सरकारले । यसको अर्थ कृषकहरूले मल नपाइकनै धान रोपाइँ गरे, गर्दै छन् । कतिसम्म गर्न सक्ने हुन्? एकातिर पानीको समस्या छ । एकातिर बढी पानी भएर समस्या छ । अर्कोतिर मल त आउँदै आउँदैन भनेर सरकारले जवाफ दिँदै छ । यो कुरा हामी अत्यन्तै दुःखका साथ यो सम्मानित सदनमा भन्न बाध्य छौं । सरकारले समयमै हतियार खरिद गर्नका निम्ति त रकमान्तर गर्न सक्दो रहेछ । तर कृषकलाई दिने मलको लागि रकमान्तर गरेको भए ढिलै भए पनि कम से कम सरकारलाई धन्यवाद दिन सकिन्थ्यो । त्यो सकिएन । यो विषयमा किन सरकार यसरी लाचार भयो? कृषि मन्त्रीले यहाँ यसको जवाफ दिन पर्छ । म त्यो माग गर्न चाहन्छु । मल दिन नसक्ने, आयात घटाउँछु, निर्यात बढाउँछु भन्ने अहिले पछिल्लो तथ्याङ्क हेर्ने हो भने पनि निर्यात र आयातको अवस्था हेर्दा आयात मात्रै अहिले पछिल्लो १ हप्ताको समयमा

देखिन्छ । १३ खरबको आयात हुँदा निर्यात मात्रै १ खरब ४१ अरबको देखिन्छ । यही हो निर्यात बढाउने र आयात घटाउने सरकारको प्रतिस्थापन जुन आयातलाई प्रतिस्थापन गर्छु भन्ने जुन प्रतिबद्धता थियो के यही तथ्याङ्कले साबित गर्न खोजेको हो? म प्रश्न गर्न चाहन्छु ।

यसै गरी यसैमा मूल्य वृद्धिको कुरा त छँदै छ अगि यहाँ धेरै माननीयज्यूहरूले पनि भन्नुभ'को छ । मूल्य वृद्धि अत्यन्तै आकासिदो छ । नुन, तेललगायतका अति आवश्यक चिजहरूमा त मूल्यवृद्धि भएकै थियो । अहिले पछिल्लो समयमा चामलमा समेत मूल्य वृद्धि भएर बोरामा ११० रुपैयाँको दरले चामलमा मूल्यवृद्धि भ'को छ र त्यसको छानबिन हुँदै छ भन्ने कुरा पनि समाचारमा आएको छ । यो अत्यन्तै दुःखद कुरा हो । कम से कम तरकारी खान नपाए पनि चामलको मूल्यवृद्धि नभएको भए कृषकले भात त नुनसँग खान सक्थ्यो होला । योसम्म तहमा सरकार जाँदा पनि सरकार कुनै विषयमा गम्भीर छैन । कुनै विषयमा छलफल गर्दैन । प्रतिपक्ष दलसँग त सरोकारै राख्दैन । यी सबै विषयहरू मैले जति यहाँ उल्लेख गरें ती सबै विषय राष्ट्रियतासित, नेपाली जनतासित, सबैसँग जोडिएका विषय हुन् । यो कुनै एउटा दल विशेषको कुरा, यो कुनै सरकार विशेषको कुरा होइन । यो आम नेपाली जनतासँग जोडिएका विषयहरू हुन् । तर पनि सरकार लाचार छ । यसको एउटै जवाफ फेरि पनि गठबन्धन गरेर चुनाव लड्न पर्छ । फेरि पनि एमालेलाई हराउन पर्छ । यही कुरामा सीमित छ । हामी विभिन्न इन्टभ्र्यूहरूमा देख्ने गर्छौं, विभिन्न नेताहरूले भाषणमा बोलेका सुन्ने गर्छौं त्यसको जवाफ त्यही मात्रै हुन्छ फेरि पनि गठबन्धन गर्नुपर्छ । यसैका निम्ति गठबन्धन गर्दै गर्नुपर्छ होला भन्ने हामीले पनि बुझ्न थाल्यौं ।

मैले अगि नै पनि भने निकै चर्चा, चासो र चिन्ताको विषय यहाँ अगि नै उठेको विषय पनि हो कृषकहरूले मल पाएका छैनन्, विद्यार्थीहरूले किताब पाएका छैनन् । काठमाडौंजस्तै, काठमाडौं जस्तो राजधानी जस्तो ठाँउमा समेत विद्यार्थीहरूले अहिले पनि किताब पाएका छैनन् । तर राजीनामा दे'को अर्थ मन्त्रीले गएर रकमान्तर गर्ने ठाँउमा हस्ताक्षर गर्नुहुन्छ । यो सुन्नमा आएको छ । यसको जवाफ यो हतियार किन्ने विषय भएको हुनाले गृह मन्त्रीले यसको जवाफ दिनका निम्ति म सम्माननीय अध्यक्षज्यूमार्फत अनुरोध गर्न चाहन्छु । देशको अर्थतन्त्र ओरालो लागिरहेको अवस्था, आर्थिक सङ्कट आउने जुन सङ्केत देखिएको अवस्था त्यसमा पनि रकमान्तर गरेर त्यो पनि तेब्बर मूल्यमा

हतियार खरिद हुँदै छ । यो किन र कसका लागि गरिदै छ? यसको जवाफ माग गर्न चाहन्छु ।

यसरी यो सरकारले विगतका दिनमा जतिबेला सुकै भन्ने एउटा शब्द छ । यो प्रतिगमन संविधान मिच्ने काम विगतका सरकारले गर्यो । यो हामी गठबन्धन बनेको हाम्रो उद्देश्य भनेको त्यसलाई बचाउनु हो, संविधानलाई बचाउनु हो । के अहिले विभिन्न घटना क्रमलाई हेर्दा संविधान बचेको छ? कति ठाँउमा संविधान मिचिएको छ भन्ने कुरा यो सरकारले कहीं लेखाजोखा गरेको छ? यही रोस्ट्रममा हामी राष्ट्रिय सभाका सदस्यहरू बोलिरहेका छौं । विधेयकहरू पास गर्ने विधि, प्रक्रियाअनुसार भ'को छ कि छैन? त्यो संविधान मिचेको कुरा हो कि होइन? यस्ता थुप्रै घटनाहरू छन् । म ती सबै घटनाहरू यहाँ व्याख्या गर्न समय पुग्दैन तर यस्ता विषय, यस्ता गम्भीर विषयहरूमा पनि संविधान मिचिएको छ । र ती संविधान मिच्ने, संविधानलाई हनन गर्ने र अहिले खास गरी प्रतिगमन त अहिले भइरहेको छ । चुनावलाई संसद विघटन गरेर आम निर्वाचनमा जाऊ भन्ने कुरालाई प्रतिगमन देख्ने यो सरकार अहिले गठबन्धन र हरेक बेला संविधान मिचेका कुरालाई अग्रगमन देख्दै छ । यो के आँखा बन्द गरिएको हो या यो पद र प्रतिष्ठाका लागि तैं चुप मै चुप बाँडीचुँडी खाऊँ भनेर बसेको हो? यो म प्रश्न गर्न चाहन्छु । हामीले थुप्रै बेला भन्ने गर्थौं संविधान निर्वाचन हुँदा संविधान मिचिदैन, प्रतिगमन हुँदैन । त्यो निर्वाचनमा जाने कुरा अग्रगमन हो । हामी समय पुगेपछि निर्वाचनमा जाऊँला ।

विभिन्न हिसाबले हेर्दा कमिसनका कुरा, भ्रष्टाचारका कुरा सङ्घीय सरकारमा मात्रै होइन अहिले पछिल्लो समयमा बनेका प्रदेशका सरकारहरूमा पनि त्यो देखियो । यहाँ थुप्रै पटक कुराहरू उठे । त्यहाँ पनि बाँडीचुँडी खाने कुरा नै त्यसको अगुवाइ गरिरहेको छ अहिले प्रदेश सरकारले । कुनै योजना, आवश्यकता, कुनै औचित्यताको आधारमा होइन बाँडीचुँडीका आधारमा बजेटहरू विनियोजन भएका छन् जसले गर्दा यो राष्ट्रिय सभा प्रदेश सभाप्रति पनि उत्तरदायी छ । म त्यसैले यहाँ सबै, हामी सबैको ध्यानाकर्षण हुनुपर्छ, सङ्घीय सरकारको ध्यानाकर्षण हुनुपर्छ । अहिले थुप्रै ठाँउमा प्रदेशको विषयमा जुन कुरा उठिरहेको छ, जनताहरूले कुरा उठाइहरेका छन्; यो विषय यसलाई चैं विषयान्तर गरेर होइन, यसलाई मुख्य रूपले व्यवस्थापनका हिसाबले हामी अगाडि बढ्न सक्नुपर्छ र त्यसलाई सही ढङ्गले सही बाटोमा अगाडि लिएर जान सक्नुपर्छ भन्ने कुरा म सबैको ध्यानाकर्षण गराउन चाहन्छु । र विशेष गरी यो सरकार गठन प्रक्रियाबाट नै

संविधान मिचिएको छ । सरकार गठन प्रक्रियामै संविधान मिचिएको हुनाले यसलाई संविधान मिच्ने कुरा कुनै अनौठो लाग्छ भने जस्तो लाग्दैन ।

त्यसैले होला, (मलाई १ मिनेट समय थप गर्नुहोला सम्माननीय अध्यक्षज्यू) त्यसैले होला संविधान मिच्दै नागरिकता विधेयक छलफल भइरहेको समितिबाट छलफल भएको विधेयकहरू फिर्ता हुन्छ । छलफलै नभएका विषयहरू राष्ट्रिय सभामा आएर जबर्जस्ती पास गर्ने हिसाबले अगाडि बढाउन खोजिन्छ । हामीले १२ ओटा विधेयक त प्रतिनिधि सभामा अड्किएका छन् हामीले भनिरहेका छौं । प्रतिनिधि सभाले जति विधेयकहरू अड्काए पनि हुने तर राष्ट्रिय सभामा आउँदा आउँदै विधेयकहरू पास गर्नुपर्ने । हुन सक्छ केही अध्यादेशले प्रतिस्थापन गर्न ल्याएका विधेयकहरूलाई हामीलाई पनि त्यो थाहा छ पास गर्नुपर्छ तर सरकार यति दिनसम्म कहाँ थियो? केमा अल्झिएको थियो? र अहिले हतार हतार गरेर यो पास गर्ने प्रक्रियामा छ । यी धेरै विषय अत्यन्तै संवेदनशील विषयहरू छन् । त्यसैले यो राष्ट्रिय सभाको गरिमा र माननीयहरूको, सांसदहरूको गरिमालाई पनि यसलाई मर्न नदिनका निम्ति हामी सबै सचेत र सर्तक हुनुपर्छ । र यस्ता विषयहरूमा म सरकारको पनि ध्यानाकार्षण गराउन चाहन्छु । आफ्ना आफ्ना अधिकार क्षेत्रभित्र रहेर कार्यपालिका, न्यायापालिका र व्यवस्थापिकाले आफ्ना अधिकारहरू प्रयोग गर्न पाउने व्यवस्थामा हामी छौं र त्यो गर्न पाउनुपर्छ । व्यवहारमा यी कुराहरू, संविधान मिच्ने कुराहरू कसैले गर्नुहुँदैन भन्ने कुराहरू म सरकारलाई सचेत गराउँदै र त्यहाँ ध्यानाकार्षण गराउँदै आफ्ना भनाइ अन्त्य गर्छु । धन्यवाद ।

**पुनः पीठासीनः-** सम्माननी अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिना ।

**सम्माननीय अध्यक्ष**:- माननीय नारायण दत्त मिश्र । समय ७ मिनेट ।

**माननीय श्री नारायण दत्त मिश्र (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, नेपाल, नेपालको विकास र नेपालको पुरानो अवस्थाबाट म आफ्ना केही कुराहरू सुरु गर्छु । पहिले थाइल्यान्ड पनि कृषि प्रधान देश थियो । सडकमा कट्टु लगाएर सेकुवा पोलिरहेका मानिसहरू आजभन्दा ३०, ३५ वर्षअगाडि थाइल्यान्डमा देखिन्थे । तिनी

मानिसहरू ठुलठुला होटेलका मालिक भएका छन् । सिंगापुरमा एउटा सानो बन्दरगाहा थियो । जहाज आउने बेला चहलपहल देखिन्थ्यो । अगि पछि मछवाराको काम गरेर जीवन व्यतीत गर्नेहरू आज यही ५०, ६० वर्षको अन्तरालमा विश्वको आकर्षणको केन्द्र भएको छ । ३० वर्षभन्दा अगिसम्म नेपालभन्दा कम आम्दानी भएको हाम्रै सामुन्नेमा रहेको भुटान एउटा नदीको कारणले, एउटा नदीबाट निकालिएको विद्युत्को कारणले अहिले हाम्रोभन्दा राम्रो आर्थिक अवस्थामा रहेको छ । आज सारा विश्व चीनको जल्दोबल्दो आर्थिक रापमा हात ताप्न प्रतिस्पर्धा गरिरहेका छन् । कसले सोचेको थियो आजभन्दा ४० वर्षअगाडि होटेलमा नुहाउनको लागि बाल्टिमा तातो पानी दिने चिनियाँहरू, राति बचेको खानालाई ब्रेकफास्ट भनीकन बिहान सर्भ गर्नेहरू आज देशका कुना काप्चामा पनि 5 स्टार, 7 स्टार होटलहरूको जगजगी छ । भेसभुसा र भाषाको साँघुरो इनारमा जिन्दगी बिताइरहेका चिनियाँहरू खर्पन बोकेर धान बारीका आलीमा हिडिरहेका देखिन्थे । तर आज उनीहरूले विश्वको पर्यटन व्यवसायमा सबैभन्दा महत्त्वपूर्ण स्थान ओगटेका छन् ।

सन् १९६० को दशकतिर दक्षिण कोरियाको आर्थिक अवस्था र नेपालको आर्थिक अवस्था एउटै थियो । आज हामी दक्षिण कोरियामा, दक्षिण कोरियाको नोकर हुनको लागि हानथाप गरिरहेका छौं । परिस्थिति । हाम्रो सामुन्नेमै रहेको बङ्गलादेश ४ महिनासम्म जलमग्न हुने अनेकौं राजनीतिक सङ्कट र उथलपुथलका बावजुत पनि आज भोकमारीको चपेटाबाट मात्र बाहिर निस्किएको छैन उन्नतिको पथमा अगाडि बढेको छ । लोभ लाग्छ छिमेकीहरूको प्रगति देखेर तर ईर्ष्यालु भएर प्रगतिको उच्चतम् वृद्धिमा विन्दु पहिल्याउन सकेका छैनौं । आफ्नो देशका उत्कृष्ट उद्यमीहरूको भेलामा भारतका पूर्व अर्थमन्त्री पी चिताम्बरले २०६३ सालतिर भनेका थिए । आज वार्षिक उत्पादन ९ प्रतिशत छ, भोलि १० प्रतिशत होला, पर्सि ११ प्रतिशतले बढ्ला यो मात्र आफ्नो सपना होइन । जानुहोस् संसारका ठुला ठुला बहुराष्ट्रिय कम्पनीहरू किन्नुहोस्, बैङ्कहरू खोल्नुहोस्, बलिउड होइन हलिउड जित्नुहोस्, विदेशी सञ्चार माध्यममा कब्जा जमाउनुहोस् भारत सरकार आवश्यक मद्दत गर्न तयार छ । यस्तो भाषणले उद्योगीहरूको छाती कति चौडा भयो होला सोचौं एकपटक ।

सँगैको भारत इन्दिरा गान्धीको सुरुको कालमा रुकमणीको चपेटामा हुन्थ्यो । हामी खाद्यान्न सप्लाई गर्थ्यौं । भारत हाम्रो ग्राहक थियो । हामी नेशनल ट्रेडिङबाट जापानी सामानहरू मागाउथ्यौं । भारतका मानिसहरू हाम्रो गाउँबाट टेरेलिनका

कमिजहरू, टर्च लाइटहरू किनेर दङ्ग पर्थे । त्यति मात्र होइन २०३२/३३ सालतिर भारतीय पर्यटकहरू काठमाडौं आउँदा नयाँ सडकमा सामान किन्दा बच्चाहरू रमाएजस्तै रमाउने गर्थे । २०४५ सालतिरको कुरा हो भारतबाट दिल्लीमा टेलिफोन गर्नै ग्राहो हुन्थ्यो । २, ३ घण्टासम्म मान्छे, एउटा मान्छे लागेर दबाएको दबाइ गर्नुपर्ने ..... । उनीहरू थकित भएर नेपालको बोर्डरमा आएर, नेपाल आएर टेलिफोन गर्थे । यस्तो परिस्थितिमा भएको नेपाल आज हामी अरूको प्रगतिको ईर्ष्या मात्र गरेर पुगेको छैन । हामीलाई अचम्म लाग्छ सामाजिक सञ्जालमा कुरा गर्नेहरू देखेर, अचम्म लाग्छ कतिपय पत्रकार साथीहरू, कतिपय पार्टीका नेताहरू पनि नेपाल त श्रीलङ्का हुन आट्यो, श्रीलङ्का हुन आट्यो, श्रीलङ्का हुन आट्यो भन्छन् । के नेपाल श्रीलङ्का हुन आटेको छ र? कदापि छैन । नेपालको आर्थिक अवस्था त्यति गएगुज्रेको अवस्थामा आज छैन ।

वी.पी. ले भन्नुहुन्थ्यो मैले अस्ति पनि यहाँ त्यो सन्दर्भ उठाएको थिएँ । बुद्धि घरौटी राखेर आएकाहरू म कहाँ बुद्धिजीवी भएर कुरा गर्न आउँछन् । त्यस्तै किसिमले ककसको कुरा, ककसको कहाँ कहाँबाट कुरा ल्याएर आज श्रीलङ्काको अवस्थामा नेपाल पुग्यो भन्नेहरू हो छिमेकी श्रीलङ्कामा आएको छ त्यो परिस्थिति तर हामी कहाँ कदापी आउँदैन । यदि त्यो परिस्थितिले कुनै किसिमले काम गर्छ भन्ने कसैलाई पनि हामीलाई सोचाइ छ भनेदेखि अहिलेदेखि नै अझ केही बाँकी छन् भने विलासिताका सामानहरू, अरू के के सामानहरू हामीले आयात नगरीकन अझ यसको यो अर्थतन्त्रलाई स्वीकृत गर्न सकिन्छ त्यतातिर पट्टि ध्यान दिऊँ । (म त सभामुख महोदय यहाँ के के रह्यो, के के बाँकी रह्यो । के गरौं? बोल्दै जाऊँ अलिकति)

अब म यो मलको कुरा गर्दै गर्दिनँ । म गर्दा गर्दा थाकें । मलको फ्याक्ट्री खोलौं, खोलौं, खोलौं मल आजभन्दा २०५४ सालदेखि नै मल मलमा जब २० वर्षे कृषि नीति लागु भयो । त्यतिखेरदेखि नै मलको अभाव देशमा भइरहेको छ । मलको अभावबिना निर्यात बढ्नै सक्दैन । हामी खाद्यान्नमा आत्मनिर्भर हुनै सक्दैनौं । तसर्थ मलको फ्याक्ट्री खोलौं, मलको फ्याक्ट्री खोलौं अरूको भरोसामा पर्यौं भने सधैं अरूले नै हामी कहाँ अस्ति पनि मैले भने ७, ८ वर्ष पुरानो समुन्द्रमा फाल्नुपर्ने चामल हामी कहाँ लेबल लगाएर पठाउने छन् । हामी त्यही चामल खान बाध्य हुने छौं । तसर्थ मलको फ्याक्ट्री खोलौं । म एउटा कुरा भनेर बिदा हुन्छु सम्माननीय अध्यक्ष महोदय भागवतको प्रथम स्कन्दको पाँचौं अत्याधिक तेत्तिसौं सलोक लिएर आएको छु म आज । आमायो

यस्य भूतानाम जायते तेनुसुप्रतः तदेव हेमहाम प्रव्यम नमुनादी चिकिस्तकम । के भन्छ भने .....(समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीयज्यू समय सकियो । छैन, छैन माननीयज्यू आज छैन । अर्कोपटक बोल्नु । माननीय सदस्यहरू, विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाका बैठकहरूमा जनसरोकारका विभिन्न विषयहरू उठेका छन् । सदनमा उठेका प्रश्नको जवाफ दिनु सम्बन्धित मन्त्रीको जिम्मेवारी हो । यसतर्फ नेपाल सरकारका मन्त्रीहरूलाई यसअगि पनि ध्यानाकर्षण गराइएको थियो । त्यसयता पनि शून्य र विशेष समयमा माननीय सदस्यहरूले सदनमा उठाएका विषयमा जवाफ नपाएको सन्दर्भ निरन्तर उल्लेख गर्नुभएको छ । तसर्थ राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५ को उपनियम (२) मा उल्लेखित व्यवस्थातर्फ म सम्बन्धित मन्त्रीहरूको ध्यानकार्षण गराउँदछु ।

माननीय सदस्यहरू, अब म दिगो विकास तथा सुशासन समितिका ज्येष्ठ सदस्य माननीय बामदेव गौतमलाई दिगो विकास तथा सुशासन समितिको वार्षिक प्रतिवेदन २०७७/७८ सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु ।

**<u>दिगो विकास तथा सुशासन समितिका ज्येष्ठ सदस्य माननीय श्री बामदेव गौतम</u>**ः- सम्माननीय अध्यक्ष महोदय, नेपालको संविधानको प्रावधान र राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४७ बमोजिम गठित दिगो विकास तथा सुशासन समितिको आर्थिक वर्ष २०७७/७८ को प्रतिवेदन पेस गर्न यहाँ उभिएको छु ।

माननीय अध्यक्ष, मैले आफूलाई पहिलोपटक ज्येष्ठ नागरिक होइन समितिको ज्येष्ठ सदस्यको नाताले मैले यो अवसर मैले पाएँ । र यो एउटा अवसर मेरो जिन्दगीको कुनै पनि क्षेत्रको पहिलो हो । मैले ज्येष्ठ भएर मैले केही पाएको छैन आजसम्म तर यो प्रतिवेदन पेस गर्न पाएको छु । र त्यसमा पनि मैले गौरव गरेको छु । मैले थोरै विषय सभापतिले ..... दिएकोमा दिगो विकास तथा सुशासन समितिको योभन्दा पहिले जो सभापति हुनुन्थ्यो तारादेवी भट्ट, माननीय तारादेवी भट्ट अध्यक्षता गरिरहेको अवस्थामा राष्ट्रिय सभाका धेरै यो दिगो विकास, सुशासन समितिको बैठकमा उपस्थित भ'को छु र

मलाई आज सम्झना भइराख्या छ उहाँ जब बोल्नुहुन्थ्यो मलाई लाग्थ्यो कि यो कुनै आर्मीको जनरल बोलिराख्या छ । त्यस्तो एउटा व्यक्ति पढाइ, लेखाइमा पनि उच्चतम अवस्थामा हुनुन्थ्यो । बोलीमा कहिल्यै पनि विनम्रता तोड्नुभएन । कहिल्यै पनि कसैलाई अपमान गर्नुभएन । साँचिकै एउटा व्यक्ति त्यति विनम्र हुन सक्छ मलाई लाग्या थिएनँ । गल्ती र कमजोरी पनि मैले देख्न पाइनँ । उहाँले यो प्रतिवेदन फागुनभन्दा पहिले नै तयार गरिसक्या थियो । उहाँ फागुनको २० गते आफ्नो अवधि समाप्त भएर बिदा हुनेभो' । र यो वार्षिक प्रतिवेदन, २०७७/७८ को वार्षिक प्रतिवेदन अब यो आर्थिक वर्षको सम्भवतः २, ३ दिनपछि यो आर्थिक वर्ष नै समाप्त हुन्छ । यो प्रतिवेदन मैले यहाँ प्रस्तुत गर्न लागेको हो । र योभन्दा बढी भन्नु केही छैन ।

तर मैले एउटा त भन्नै पर्ने भो' । यो ज्येष्ठ सदस्यले सभापतित्व गर्ने दिगो विकास तथा सुशासन समितिको जति सके छिटो सभापति आउनुभएर उहाँलाई स्वागत गर्न पाए धेरै खुसी हुनेथैं । मैले कि दिनअगाडि पनि भनेको छु कि ४ ओटा जम्मा समितिहरू छन् राष्ट्रिय सभामा । ३ ओटा समितिमा सभापति छैन । त्यस भएर मैले यो समयलाई सदुपयोग गर्दै फेरि आग्रह गर्न चाहन्छु सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयले पहलकदमी लिएर पनि हुँदैन भने राष्ट्रिय सभाको अवस्था कस्तो छ भनेर हामीले बुझ्नुपर्छ । राष्ट्रिय सभाका सबै सदस्यहरू कहाँ आन्दोलन गर्न जान पर्ने हो जान पर्छ । र साँच्चिकै अब ध्यान यहाँ अध्यक्षको पुगेको छैन भने भन्न पर्ने अवस्था आयो उहाँले ध्यान दिन पर्यो । र मेरो सुझाव छ एक हप्ताभित्र राष्ट्रिय सभाको उपाध्यक्षको पनि निर्वाचन होस् र हाम्रा ३ ओटा खाली भएका समितिका सभापतिहरूको पनि टुङ्गो लागाइयोस् । यिनै कुराहरूको साथमा यो दिगो विकास तथा सुशासन समितिको आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन सदनसमक्ष प्रस्तुत गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, विधायन व्यवस्थापन समितिका ज्येष्ठ सदस्य माननीय नारायण दत्त मिश्रलाई विधान व्यवस्थापन समितिको वार्षिक प्रतिवेदन, २०७७/७८ सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु ।

**विधायन व्यवस्थापन समितिका ज्येष्ठ सदस्य माननीय श्री नारायण दत्त मिश्रः-** सम्माननीय अध्यक्ष महोदय, माननीय बामदेव गौतमजीले भनेका कुराहरूको समर्थन गर्दै

अध्यक्ष महोदयको अनुमतिले विधायन व्यवस्थापन समितिको वार्षिक प्रतिवेदन, २०७७/७८ सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, अब म राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयाललाई "औषधि (तेस्रो संशोधन) विधेयक, २०७९", "स्वास्थ्य कर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (पहिलो संशोधन), २०७९" र "रेलवे विधेयक, २०७५" का सम्बन्धमा प्रतिनिधि सभाबाट सन्देशसहित सन्देश सभासमक्ष उपलब्ध गराउन जानकारी गराउँछु ।

**<u>राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयाल</u>**ः- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाबाट सन्दशेसहित प्रतिनिधि सभामा पठाइएका विधेयकहरूका सम्बन्धमा सन्देश प्राप्त भएको छ । अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावलीको नियम १२२ अनुसार उक्त सन्देश सभालाई जानकारी गराउँछु । सम्वत् २०७९ साल असार २९ गते बसेको प्रतिनिधि सभाको बैठकले राष्ट्रिय सभामा उत्पति भएका "रेलवे विधेयक, २०७९", "स्वास्थ्य कर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (पहिलो संशोधन), २०७९" र "औषधी (तेस्रो संशोधन) विधेयक, २०७९" लाई संशोधनबिना पारित गरेकाले प्रतिनिधि सभा नियमावली २०७५ को नियम १३२ को (५) बमोजिम सन्देशसहित उक्त विधेयकहरू फिर्ता पठाइएको बेहोरा अनुरोध गर्दछु ।

(गोपानाथ योगी)
प्रतिनिधि सभाको सचिव
धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, अब म माननीय गृह मन्त्री बालकृष्ण खाँणलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "सामाजिक सुरक्षा ((पहिलो संशोधन)) विधेयक, २०७९" माथिको दफावार छलफल सदनमा गरियोस् भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु ।

**<u>माननीय गृह मन्त्री श्री बालकृष्ण खाँण</u>**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट "सन्देशसहित प्राप्त सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यावाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव सर्वसहमतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब उक्त प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "सामाजिक सुरक्षा ((पहिलो संशोधन)) विधेयक, २०७९" माथिको दफावार छलफल सुरु हुन्छ । यस विधेयकमा ६ जना माननीय सदस्यहरूबाट संयुक्त संशोधन प्रस्ताव दर्ता हुन आएको बेहोरा जानकारी गराउँछु । उक्त विधेयकमा संशोधन प्रस्ताव दर्ता गर्नुहुने संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूलाई आफ्नो संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु ।

माननीय सदस्यहरू, संयुक्त संशोधन प्रस्ताव कर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय डा. वेदुराम भुसाललाई संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु । समय ५ मिनेट ।

**<u>माननीय डा. वेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, "सामाजिक सुरक्षा ऐन, २०७५" लाई संशोधन गर्न बनेको

विधेयकमा हाम्रा केही संशोधनहरू छन् । यसमा खास गरीकन हामीले ऐन मापनको व्यावस्था गर्न थालेका छौं केही समयअगाडिदेखि । विभिन्न ऐनहरूमा विधेयक पारित गर्ने सन्दर्भमा ऐन मापनको व्यवस्था राखौं र एउटा निश्चित समयसम्म ऐनको कार्यान्वयन भइसकेपछि यसको कार्यान्वयन कस्तो भयो, यसले समाजमा के खालको प्रभाव पार्यो सकारात्मक, नकारात्मक भन्ने कुरा हेर्नुपर्छ । र यसलाई परिमार्जन गर्नका निम्ति यसको कार्यान्वयन गर्दाखेरि देखा परेका समस्याहरू त्यसबाट प्राप्त अनुभवहरूका आधारमा यसलाई हरेक ऐनलाई परिमार्जन गर्दै जानुपर्छ भन्ने उद्देश्यका साथ ऐन मापनको व्यवस्था गर्नुपर्छ ऐन निर्माण गर्दा भन्ने हिसाबले हामीले राष्ट्रिय सभामा केही समयअगाडिदेखि नै यो प्रयास गर्दै आएका छौं । यस हिसाबको व्यवस्था पनि हामीले गर्दै आएका छौं । त्यसो भएको हुनाले यो सामाजिक सुरक्षा ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयमा पनि यो व्यवस्था राखौं भन्ने मुख्यतः यो संशोधन हाम्रो रहेको छ । यसमा धेरै छलफल गर्नुपर्ने विषय केही पनि छैन । ऐन मापनको व्यवस्था गर्नुपर्ने यो विश्वव्यापी मान्यता नै हो । यो विश्वव्यापी रूपमा नै ऐनको मापन गर्ने सिस्टम छ, त्यो प्रणाली छ, त्यो व्यवस्था छ । हामीले नेपालमा पनि त्यसलाई चैं स्थापित गरौं भन्ने हिसाबले यो गर्न खोजेका हौं । यो प्रयासलाई यो विधेयकमा पनि लागु गरौं भन्ने हाम्रो आशय हो । त्यस भएर म यो यसलाई यो विधेयकलाई पारित गर्ने सँगसँगै यो हाम्रो संशोधनलाई सरकारले स्वीकार गर्दियोस् भन्ने अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "सामाजिक सुरक्षा ((पहिलो संशोधन)) विधेयक, २०७९" को संशोधन प्रस्तावसहित विधेयकमाथिको दफावार छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डयाससँगै बसेका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु ।

माननीय तुलसा कुमारी दाहाल । समय ३ मिनेट ।

**माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)ः**- सम्माननीय अध्यक्ष महोदय, यस ऐनमा भएका केही प्रावधानहरू समय सापेक्ष संशोधन गरी सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने वर्ग वा समुदायको आवश्यकता भएकोले ल्याइएको सामाजिक सुरक्षा ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक जुन आएको छ यो

आवश्यक थियो र यसलाई स्वागत् गर्न चाहन्छु । सामाजिक सुरक्षा ऐन, २०७५ को दफा २ को खण्ड (ङ) मा (ङ) को (१) मा विवाह नगरी बसेको भन्ने शब्दलाई चैं अविवाहिता शब्द राखिनुपर्ने र दफा ७ को संशोधनको (ख) मा त्यस्तो सदस्यले पालनपोषण नगेरेको शब्दहरूको अस्पष्ट भएको हुनाले स्पष्ट गर्नुपर्ने । दफा १५ को (ख) मा वा अन्य सुविधा पाइरहेको व्यक्तिको शब्दहरूलाई अलिकति परिभाषित गर्नुपर्ने देखिन्छ । मूल ऐनको ७ दफाको असहाय एकल महिलाले भत्ता भन्ने त्यस्तो शब्द सदस्यले पालनपोषण नगरेको भन्ने शब्दहरू अस्पष्ट भएको हुनाले प्रष्ट पार्नुपर्ने देखिन्छ । दफा १५ को सामाजिक सुरक्षा नपाउने भन्ने शब्दको बद्लामा सामाजिक सुरक्षा नलिने स्वइच्छा सामाजिक सुरक्षा भत्ता छोड्नेहरू अभिलेख राखी उनीहरूलाई सम्मान र पुरस्कृत गर्नुपर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय खिमलाल देवाकोटा । समय ३ मिनेट ।

**माननीय श्री खिमलाल देवाकोटा (स्वतन्त्र)**ः- सम्माननीय अध्यक्ष महोदय, विधेयकमा भन्नुपर्ने विषयहरू धेरै छन् तर एउटा विषयमा मेरो ध्यान आकर्षित भएको छ । साबिक ऐनको दफा १५ ले सरकारीबाहेक गैरसरकारी संस्था वा वैदेशिक सङ्घ संस्थाबाट समेत नियमित रूपमा पारिश्रमिक वा निवृतिभरण पाएकाले सामाजिक सुरक्षा भत्ता नपाउने व्यवस्था थियो तर यस विधेयकमा पाउने भनेर आयो । किन यसो गरियो? मैले बुझिनँ । यसले सरकारमाथि ठुलो व्ययभार थप्ने हुँदा यसलाई हटाउन अनुरोध गर्छु । हवस् त । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय देवेन्द्र दाहाल । समय ३ मिनेट ।

**माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्ष महोदय, यो मूल ऐनको दफा ८ मा चैं अपाङ्गता भत्ता भनेर भनेको रहेछ । यहाँ मेलै उठाउन खोजेको विषय चैं के छ भने यो सामाजिक सुरक्षाअन्तर्गत यो विधेयकले अपाङ्गता भएका व्यक्तिहरूको पहिचनमा देखिएको पक्षपातलाई यसले सम्बोधन गरेको छैन । किनभने जति पनि यो परिचयपत्र वितरणको क्रममा यो देखिएको छ र अर्को कुरो यहाँ

गलत विवरण पेस गरेकामा सजाय व्यवस्था गरिएको छ । तर गलत विवरण उपलब्ध गराउने अधिकारीलाई चैं यहाँ त्यति धेरै उल्लेख गरेको चैं लागेन यहाँ कुनै बुँदाले सजायको व्यवस्था छैन । त्यसकारणले गर्दाखेरि यो पहिलो कुरो त यो पहिचानको जुन कुरा छ यो पहिचानको कुरालाई स्पष्टता हुनुपर्छ । र दोस्रो कुरो यो गलत विवरण उपलब्ध गराउने अधिकारीलाई पनि कारबाहीको प्रबन्ध हुनुपर्छ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "सामाजिक सुरक्षा ((पहिलो संशोधन)) विधेयक, २०७९" माथिको दफावार छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय गृह मन्त्री बालकृष्ण खाँणलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**<u>माननीय गृह मन्त्री श्री बालकृष्ण खाँण</u>**:- सम्माननीय अध्यक्ष महोदय, "सामाजिक सुरक्षा ऐन, २०७५" लाई संशोधन गर्न बनेको विधेयकमाथि दफावार छलफलमा सहभागी हुनुभएका माननीयज्यूहरूलाई म विशेष धन्यवाद दिन चाहन्छु । र सामाजिक सुरक्षा राज्यको दायित्व हो । यसलाई व्यवस्थित गराउनु र यसको जिम्मेवारी विस्तार गर्नु र यसलाई नियमन गराउनु पनि कानुनको मूल आशय हो । यस सन्दर्भमा माननीयज्यूहरूले राख्नुभएको बिचारको म हार्दिक सम्मान गर्दछु । र यो सामाजिक सुरक्षा ऐनले आफ्नो जिम्मेवारी पूरा गर्न सकोस् । र यो सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने सन्दर्भमा, अपाङ्ग भत्ताका सन्दर्भमा माननीयज्यूहरूले उठाएका कुराहरूसँग म गम्भीरतापूर्वक यसलाई अझै कसरी व्यवस्थित गर्ने, त्यसमा भएका कमी कमजोरीलाई कसरी व्यवस्थापन गर्ने त्यतिपट्टि उहाँहरूले उठाउनुभएको कुरा म हार्दिकतापूर्वक सरकारले गम्भीरतापूर्वक लिने छ भन्ने नै विश्वास व्यक्त गर्न चाहन्छु ।

त्यसरी नै यसमा संशोधन कर्ता माननीय वेदुराम भुसालजीले ऐन कार्यान्वयनका सन्दर्भमा ऐन मापन हुन जरुरी छ भन्नुभो' । यो सैद्धान्तिक हिसाबले उहाँले राख्नुभएका कुराहरू अब सबै ऐनका लागि बहसमा आएको छ । यसलाई सबै विधेयकमा या सबै ऐनमा ल्याउने कि एउटा विधेयकमा सम्बोधन गरेर सबैलाई कार्यान्वयन गरी ल्याउने त्यसमा छलफल गरेर निष्कर्ष निकाल्न सकिन्छ । त्यसकारणले म यसलाई हामीले

सैद्धान्तिक बहस गरेर आउने दिनमा ऐन कार्यान्वयन मापन बनेको ऐन कसरी कार्यान्वयन भएको छ, कार्यान्वयनमा कहाँ कठिनाइ आएको छ र कार्यान्वयनमा कठिनाइ आइसकेपछि त्यसलाई कसरी परिस्कृत गर्ने, परिमार्जन गर्ने ऐन बनिसकेपछि ऐन कार्यान्वयनका लागि नियमावली बनाउने पनि हाम्रो प्रचलन छ र त्यसको आवश्यकता र औचित्य पनि रहन्छ । नियमावली बनाउँदाखेरि पनि ऐन कार्यान्वयनमा सहजता ल्याउनको लागि नै हो । त्यसकारणले उहाँले उठाउनुभएको यो विषयलाई म हार्दिकतापूर्वक सम्मान गर्न चाहन्छु । तथापि सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक अत्यावश्यक भएर अध्यादेशकै रूपमा आएको छ यो र अध्यादेश अहिले कार्यान्वयनमा पनि छ । त्यसकारणले गर्दाखेरि आफ्नो संशोधन प्रस्तावहरूलाई माननीयज्यूहरूले फिर्ता लिएर यसलाई पास गर्न सहयोग पुर्याउनको लागि पनि म नेपाल सरकारको तर्फबाट हार्दिक आग्रह गर्न चाहन्छु ।

र यो सामाजिक सुरक्षा भत्ता दिने क्रममा नेपाल सरकारको कोषबाट तलब या पेन्सन प्राप्त गर्ने व्यक्तिहरूले यो सामाजिक सुरक्षा प्राप्त गर्दैनन् भन्ने नै राख्या हो । अन्य हकमा यो सामाजिक सुरक्षा विधेयकमा र अध्यादेशमा त्यो मिलान गरेर ल्याइएको छ । त्यसमा विभिन्न समयमा छलफल र सहमतिका कारणले नै यो अगाडि बढाइएको हो । यति भन्दै म माननीयज्यूहरूले उठाउनुभएको विषयमा आफ्नो सकारात्मक धारणा राख्दै आगामी दिनमा त्यसलाई सम्बोधन गरिने छ र तत्कालको लागि यो विधेयक अगाडि बढाउन म सबै माननीयज्यूहरूलाई आग्रह गर्दछु । धन्यावद ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "सामाजिक सुरक्षा ((पहिलो संशोधन)) विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९" माथि प्राप्त संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९" माथि संशोधन पेस गर्ने संयुक्त संशोधन प्रस्ताव कर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय डा. वेदुराम भुसाललाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु ।

**<u>माननीय डा. वेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, म एउटा सर्तमा मात्रै केहीपछि यस हिसाबले अन्तिम समयमा आएर समय छैन त्यसकारणले मानदिनुस् भन्ने हिसाबले नगरियोस् भन्ने सर्तमा मात्रै यो अध्यादेशलाई प्रतिस्थापन गर्नुपर्ने समयको आवश्यकता भएको हुनाले र माननीय मन्त्रीजीले आगामी दिनमा यसलाई सम्बोधन गर्दै जाने भन्ने प्रतिबद्धता जाहेर गर्नुभएको हुनाले यो प्रतिबद्धताको कार्यान्वयन होस् र आइन्दा यस खालको अन्तिम समयमा आएर यसरी सांसदहरूलाई समयको चापमा धकेल्ने काम चैं नगरियोस् भन्ने शब्द राख्दै हाम्रो यो संशोधनलाई फिर्ता लिन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, संयुक्त संशोधन प्रस्ताव कर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय डा. वेदुराम भुसालले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९" को सम्बन्धमा पेस गर्नुभएको संशोधन फिर्ता लिनुभएकोले उक्त प्रस्तावलाई निर्णयार्थ पेस गरिरहनुपरेन ।

माननीय सदस्यहरू, अब म विधेयकको दफा २ देखि ८ सम्मका दफाहरू प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको दफा २ देखि ८ सम्मका दफाहरू सर्वसमितिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तवना र नाम पढेर सुनाउँछु ।

**प्रस्तावना:** सामाजिक सरक्षा ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, सङ्घीय संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "सामाजिक सुरक्षा पहिलो संशोधन ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

माननीय सदस्यहरू, अब म "सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९" को प्रस्तावना र नाम विधेयकको अङ्ग बनाइयोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९ को प्रस्तावना र नाम विधेयकको अङ्ग बनाइयोस्" भन्ने प्रस्ताव सर्वसमितिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय गृह मन्त्री बालकृष्ण खाँणलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु ।

**माननीय गृह मन्त्री श्री बालकृष्ण खाँण**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९ पारित गरियोस् भन्ने प्रस्ताव सर्वसमितिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय गृह मन्त्री बालकृष्ण खाँणलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु ।

**माननीय गृह मन्त्री श्री बालकृष्ण खाँण**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन, तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव सर्वसमितिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब उक्त प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९" माथिको दफावार छलफल सुरु हुन्छ । यस विधेयकमा ३ जना माननीय सदस्यहरूबाट २ ओटा संशोधन प्रस्ताव दर्ता हुन आएको बेहोरा जानकारी गराउँछु । उक्त विधेयकमा संशोधन प्रस्ताव दर्ता गर्नुहुने संशोधन प्रस्ताव कर्ता माननीय सदस्यहरूलाई क्रमशः आफ्नो संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु ।

सर्वप्रथम संशोधन प्रस्ताव कर्ता माननीय सदस्य खिमलाल देवकोटालाई संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु । समय ५ मिनेट ।

**<u>माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)</u>**:- मैले यो विधेयकको दफा १० (क) मा उल्लेखित उपदफाहरू (१) र (२) हटाएर यसै गरी प्रतिनिधि सभाबाट थप गरिएको उपदफा (३) सम्मेत हटाएर देहान्सो उपदफाहरू मैले प्रस्ताव गरेको छु । विधेयकको दफा ८ र ९ मा जुनसुकै कुरा लेखिए तापनि काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाको सुरक्षा व्यवस्थाको व्यवस्थापन र अनुसन्धान गर्दा प्रदेश प्रहरीले नेपाल प्रहरीको समन्वय र सहकार्यमा गर्नुपर्ने छ । र यो सुल्टो बाटो हो सम्माननीय अध्यक्षा महोदय, किनभने संविधानले अधिकार चैं प्रदेशलाई दिएको छ र प्रदेश प्रहरीले चैं नेपाली प्रहरीको समन्वय र सहकार्यमा यो गर्नुपर्ने छ भन्ने कुराहरू यो राख्नुपर्छ भन्ने मेरो प्रस्ताव हो ।

दोस्रो नेपाल प्रहरीले प्रदेश प्रहरीलाई सहयोग गर्नुपर्ने छ । हाम्रो सङ्घीयता भनेको सहकार्यता, सहअस्तित्व र समन्वयको सिद्धान्तको आधारमा पनि छ । त्यसकारण एउटा तहको सरकारले अर्को तहको सरकालाई सहयोग पनि गर्ने हो । त्यसकारण नेपाल प्रहरीले चैं प्रदेश प्रहरीलाई सहयोग गर्नुपर्ने छ भन्ने कुरा दोस्रो बुँदा हो ।

तेस्रोमाः प्रदेश सरकारले नेपाल सरकारमार्फत काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाको सुरक्षा व्यवस्था र अनुसन्धानलगायत प्रहरी प्रशासनसँग सम्बन्धित जिम्मेवारीहरू गर्न अनुरोध गरेमा यदि प्रदेश सरकाले चैं नेपाल सरकालाई ल राजधानीको सुरक्षा व्यवस्था चैं तैंले गरिदे भनेर अनुरोध गरेमा चैं सङ्घीय सरकारले निश्चित रूपमा गर्दिने पनि भयो । मलाई लाग्छ यो किनभने अब सङ्घीय सरकारहरू, प्रदेश सरकारहरू एकअर्काका प्रतिस्पर्धी होइनन् । मिलेर मिलउने कुराहरू पनि हो । त्यसकारणले यो मैले जे कुरा भनिरहेको छु यो सबै सही बाटो, सुल्टो बाटो र यो विधेयक जसरी आ'को छ, जसरी राखेको छ यो चैं उल्टो बाटो हो जस्तो लाग्छ सम्माननीय अध्यक्ष महोदय र प्रदेशको एकल अधिकारमा रहेको विषयलाई संविधानसँग प्रतिकुल हुने गरी कानुन बनाएर खोस्नु संविधानको भावनाको उल्लङ्घन हो, संविधानलाई च्यात्नु हो । प्रदेशको अधिकार खोस्ने विधेयकको समर्थन गर्न सकिदैन । मेरा लागि त यो कल्पनाभन्दा बाहिरको विषय पनि हो । फेरि समर्थन गरी हाले पनि इतिहासले पोल्छ, सराप्छ ।

अर्को विषय राजधानीसँग जोडिएको यो विधेयक बागमती प्रदेशसँग पनि सम्बन्धित छ । म बागमती प्रदेशबाट निर्वाचित सांसद पनि हो । मैले यो विधेयकमा समर्थन गर्नुभनेको मेरो मतदाताप्रतिको अपमान पनि हो । अध्यक्ष महोदय, राजधानीको संवेदनशीलताको विषय भनेर यो विधेयकमा जसरी सांसदहरूको सहनाभूति र सहमति लिन खोजिएको छ यो विल्कुल गलत छ । वास्तवमा जनताले खोजेको विकास, समृद्धि र सुशासन हो, परिवर्तन हो । जब जनता सडकमा उत्रिन्छ प्रहरी त के सेनाले पनि रोक्न सक्दैन, छेक्न सक्दैन । हाम्रा विगतका आन्दोलन हेरे हुन्छ । २४० वर्ष शासन गरेको राजतन्त्रलाई जनताले सडकमा पुर्याएका होइनन् र? भरखरै श्रीलङ्काको राष्ट्रपतिको भवन जनताले ५ दिनदेखि कब्जा गरेर बसेका छन् । त्यहाँका राष्ट्रपति भागेर विदेश गएका छन् । अफ्गानिस्तानका राष्ट्रपतिले पनि विदेश छाडेर गएको त हामीले हेरेकै हो, देखेको हो । तपाईंहरू भन्नुहुन्छ राजधानीमा राष्ट्रपति हुन्छ, प्रधान्मन्त्री हुन्छ । यो संवेदनशील विषय हो । मैले मानें संवेदनशील हो, छ तर यहाँ सेना छैन र? शान्ति सुरक्षाको काममा लाग्नुपर्ने सेनालाई सडक बनाउने काममा अल्झाउनुभएको छ । अनि शान्ति सुरक्षामा असर पर्दैन? कार्य दक्षता र क्षमतामा पनि असर पर्छ कि पर्दैन? तर यति हुँदाहुँदै पनि नेपाली सेनाको दक्षता र क्षमतामा चैं प्रशन चिह्न छैन । नेपाली सेनाहरूले विदेशमा गएर बहादुरी देखाएका छन् । राजधानीलाई सुरक्षा दिन नसक्ने भन्ने प्रश्न नै रहेन ।

अर्को सबाल फेरि राष्ट्रपति, प्रधानमन्त्री, भीभीआईपीको अन्य जो सुकै हुन् जनतासँग किन डराउनुपर्यो? हामीले हेरेको देखेका छैनौं र? नेदरल्याण्डको राज परिवार साइकलमा हिड्ने गरेको, क्यानडाका प्रधानमन्त्री रेले चड्न गरेको, आदि इत्यादि । मैले अगि नै भनिसकें जनताले खोजेको सुशासन र विकास हो । निस्वार्थ तरिकाले जनताप्रति जवाफदेही भएर काम गर्नुभयो भने कोहीसँग डराउनुपर्दैन । केही पनि हुँदैन । यसैसँग जोडिएको अर्को विषय पनि भन्न चाहन्छु सम्माननीय अध्यक्ष महोदय, पूर्व पदाधिकारीहरूलाई अनुचित सुविधा दिएर राज्यको दोहनन गराउने काम पनि नगरनुस् । अन्तमा राजधानीको विषय जोडेर संविधान प्रदत्त प्रदेशको अधिकार खोस्ने काम नगर्नुस् । सरकारका लागि के राजधानी, के दार्चुला, के कञ्चनपुर दुरदराजमा बस्ने हरेक नेपालीको सुरक्षा महत्त्वपूर्ण हो । अहिलेसम्म निर्मला पन्तको हत्यारा पत्ता लगाउन सक्नुभएको छैन । प्रेमसिंह धामीको हत्यारालाई कारबाही गराउन सक्नुभएन । अहिले त मलाई प्रश्न गर्न मन लाग्यो, के उनीहरू राजधानी बासी नभएर हो? हवस् त । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, अब म संयुक्त संशोधन प्रस्ताव कर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय राधेश्याम पासवानलाई संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु । समय ५ मिनेट ।

**<u>माननीय श्री राधेश्याम पासवान (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**ः- अध्यक्ष महोदय, नेपाली प्रहरी ऐन अहिले हामीकहाँ आएको छ र यस ऐनमा १० को (क) नेपाल प्रहरी कार्यकरता ..... दफा ८ र ९ मा जुन सुकै कुरा लेखिए तापनि काठमाडौं, ललितपुर, भक्तपुर जिल्लामा प्रदेश प्रहरीको काम कर्तव्य अधिकार प्रयोग तथा प्रदेश प्रहरी अनुसन्धान गर्ने कसुरको अनुसन्धानसमेत नेपाल प्रहरीले गर्ने छ भन्ने जुन आएको छ यो एकदम गैरजिम्मेवारी कुरा जस्तो देखिएको छ । हामीले संविधान बनायौं । संविधानमा ३ तहका सरकारलाई हामीले व्यवस्था गर्ने अधिकार दिएका छौं । र संविधानमा हामीले उहाँहरूलाई व्यवस्थित गर्ने, लाने भनेका छौं । तर अहिले आएर हामी जुन अधिकार कटौती गर्दै छौं यो आफैमा एउटा हाम्रो चित्त बुझ्दो कुरा छैन । जसरी काठमाडौं, भक्तपुरका, ललितपुरका जिल्लाहरूमा अब अस्ति मात्रै हामीले के अनुभव गयौं भने नेपाल प्रहरीले सुरक्षा प्रदान भन्छन् । गत वर्ष हामीले हेरेका छौं ।

गत वर्षीय लगभग हाम्रो १० वर्षको कुरा हो । हामीकहाँबाट हवाइजहाजमा अपहरण भयो । हामीले सुरक्षा किन दिन सकेनौं त? हाम्रै देशमा तपाईंको दरबारको हत्याकण्ड भयो । हामीले सुरक्षा दिन सकेनौं । के यो हामीले यो प्रदेश प्रहरीलाई जिम्मेवारी दियो भने हामी यो काठमाडौं, ललितपुर, भक्तुपरलाई हामीले जिम्मेवारी दिन सक्दैनौं? प्रदेशका हामी कानुन बलियो बनायो भने हामी कमजोर हुन्छौं? यो आफैमा एउटा गैरजिम्मेवारीपूर्ण कुरा हो ।

एउटा हामीले भारतको कुरा गरौं । भारतमा बीजेपीको सरकार छ । पूर्ण बहुमत बीजेपीको सरकार छन् । र त्यहाँ राजधानीमा, दिल्लीमा केजरीवाल चुनाव जितेको थियो । तर केजरीवालको जिम्मामा प्रहरीहरू थिएन । त्यहाँ उहाँले काम गर्न यति अप्ठ्यारो भो' तर पनि उहाँ प्रहरी नभए पनि उहाँले विकासको काममा पूर्ण रूपमा अहिले जुन काम देखाको' छ त्यहाँको जनताले हाइ हाइ गरेको छ । हामी पनि आफ्नो देशमा तपाईंको यो ऐनहरू बनाउँदाखेरि जुन संविधानमा हामीले व्यवस्था गरेका छौं त्यहीअनुसार हामी जानुपर्छ । यो होइन कि हामी यो र त्यो भनेर कटौती गर्न जाने हो । त्यसकारणले हामीले यसलाई सुधार गरेर लानुपर्छ र प्रदेशकै कानुनहरू बलियो बनाउनुपर्छ भनेर मलाई लागेको छ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>ः-** माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९" को संशोधन प्रस्तावसहित विधेयकमाथिको दफावार छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९" माथिको दफावार छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय गृह मन्त्री बालकृष्ण खाँणलाई छलफलमा उठेको प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**मानननीय गृह मन्त्री श्री बालकृष्ण खाँण**ः- सम्माननीय अध्यक्ष महोदय, "नेपाल प्रहरी र प्रदेश प्रहरी कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय ऐन, २०७६" लाई संशोधन गर्न बनेको विधेयकमा संशोधन प्रस्ताव प्रस्तुत गर्ने माननीयज्यूहरू र यसको दफावार छलफलमा पनि भाग लिने माननीयज्यूहरूले उठाउनुभएको कुराहरूमा हामी सबै गम्भीर नै छौं । र खास गरेर अहिलेको जुन संविधान या व्यवस्था हामी सबैले मिलेरै ल्याएको हो । र संविधान कार्यान्वयन गर्ने र देशमा शान्ति सुव्यवस्था स्थापित गर्ने आम नागरिकहरूको जिउ, धनको रक्षा गर्ने राज्यको दायित्व हो । यस क्रममा नेपाल प्रहरीले आफ्नो स्थापना कालदेखि, लामो समयदेखि भूमिका निर्वाह गरिरहेको छ । र यो नेपाल प्रहरी र प्रदेश प्रहरीलाई संशोधन गर्न ल्याइएको विधेयकले हाम्रो सङ्घीयतालाई कमजोर पार्दैन भन्ने नै म विश्वास दिलाउन चाहन्छु ।

र सङ्घीय राजधानी काठमाडौं उपत्यकाका जिल्लाहरूको सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखेरै नेपाल प्रहरीलाई यो ३ ओटा जिल्लाको सुरक्षाको जिम्मेवारी प्रदान गरिएको हो । र यो विधेयकलाई यसको व्यवस्थालाई कार्यान्वयन गर्ने क्रममा अध्यादेश जारी भइसक्या थियो र यो अध्यादेश अहिले कार्यान्वयनमै छ । र यो अध्यादेश कार्यान्वयन गर्दाखेरि सङ्घीयतालाई पनि, प्रादेशिक अधिकारलाई पनि कहीं पनि कमजोर पार्ने काम गरिएको छैन । र यो विधेयकलाई परिमार्जन गर्ने क्रममा नेपाल प्रहरीले प्रदेश प्रहरीसँग समन्वय गरेरै काठमाडौं उपत्यकाको सुरक्षा व्यवस्थाको जिम्मेवारी लिने व्यवस्था यो विधेयकमा गरिएको छ । म माननीयज्यूहरूले उठाउनुभएको सैद्धान्तिक धारणाहरूका प्रति गम्भीर छु तर यहाँहरूले गर्नुभएको आशङ्कालाई कृपा गरेर नराख्दिनुहोस् भन्ने म आग्रह गर्न चाहन्छु । किनकि हामीहरूले सङ्घीय लोकतन्त्रिक गणतन्त्र स्थापना गरेका छौं र त्यसको आधारशिलामै उभिएका छौं । अहिलेको शासन व्यवस्था सङ्घ, प्रदेश र स्थानीय तीन तहमा हामीले यसलाई स्थापित गरेका छौं । ३ ओटै तहले समन्वय गरेर जनताका अधिकारहरूलाई सुनिश्चित पनि गर्ने, संविधानले प्रदत्त गरेका मौलिक अधिकारहरूलाई सुनिश्चित गर्दै कार्यान्वयनमा लैजाने हो । त्यसमा ३ ओटै तहका सरकारका आफ्नै महत्त्व भूमिका छन् । त्यसलाई हामी सबैले सम्मानै गर्नुपर्दछ ।

र आज यहाँ बोल्ने क्रममा माननीयज्यूहरूले राष्ट्रिय सभा र प्रतिनिधि सभाको बारेमा पनि केही चर्चा गर्नुभएको छ । र हाम्रो संवैधानिक व्यवस्थामा सङ्घीय संसदका रूपमा हामीले स्थापित गरेका छौं । र संङ्घीय संसदको व्यवस्थामा राष्ट्रिय सभा र

प्रतिनिधि सभाको रूपमा रहेको छ । र २०६४ मा संविधान सभाको निर्वाचन सम्पन्न भइसकेपछि ४ वर्ष संविधान सभाले नै संविधान सभा र व्यवस्थापिकाको काम गरेको हो । र त्यो पहिलो कार्यकालमा संविधान जारी हुन नसकिसकेपछि संविधानका धेरै पक्षमा या पृष्ठभूमिमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो । तथापि संविधान जारी हुन सकेन ।

फेरि अर्को संविधान सभाको चुनाव भयो । र त्यो संविधान सभाले पनि ४ वर्षसम्म संविधान सभाको भूमिका पनि व्यवस्थापिकाको भूमिका पनि संविधान सभाका अध्यक्ष र त्यति र व्यवस्थापिकाको सभामुखसमेत पनि सम्माननीय अध्यक्ष तथा सभामुखले निर्वाह गर्नुपरेको थियो । र संविधान बनिसकेपछि फेरि राष्ट्रिय सभाको स्थापना भएको छ । र यो राष्ट्रिय सभा र प्रतिनिधि सभा सङ्घीय संसदका दुवै महत्त्वपूर्ण निकाय हुन् । संविधानले राष्ट्रिय सभालाई स्थायी सभाको रूपमा स्थापित गरेर यसको महत्त्व र गरिमालाई अझै बढाएको छ । यसलाई कार्यान्वयन गर्ने क्रममा केही कमी कमजोरी भए त्यसलाई सुधार्न जरुरी छ र सुधार्ने प्रतिबद्धता पनि म व्यक्त गर्न चाहन्छु । र हाम्रो संविधानले व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकामा शक्ति पृथकीकरण गरेको छ । र हाम्रो व्यवस्थापिका भन्नेबित्तिकै सङ्घीय व्यवस्थापिका र सङ्घीय व्यवस्थापिका भन्नेबित्तिकै राष्ट्रिय सभा र प्रतिनिधि सभाको रूपमा रहेको छ । यसमा भएका केही कमी कमजोरीहरूलाई हामीले बसेरै सुल्झाउन सक्छौं भन्ने म विश्वास व्यक्त गर्दै राष्ट्रिय सभाका प्रतिको नेपाल सरकारको तर्फबाट सम्मान पनि व्यक्त गर्न चाहन्छु ।

यो नेपाल प्रहरी र प्रदेश प्रहरी कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक एउटा विशिष्ट परिस्थितिमा राष्ट्रिय सभा आइपुगेको छ । यसलाई पारित गर्न सबै माननीयज्यूहरूले मद्दत गर्दिनुहोस् भन्ने म आग्रह गर्न चाहन्छु । र यो संशोधन प्रस्ताव गर्ने हाम्रा माननीयज्यूहरूलाई आफ्नो संशोधन फिर्ता लिइदिनको लागि पनि म आग्रह गर्न चाहन्छु । यस यहाँहरूले भनेको भावनालाई हामीले विभिन्न माध्यमबाट कार्यान्वयन तहमा पनि यसलाई गम्भीरतापूर्वक बिचार गर्ने छौं । र यहाँहरूले भन्नुभएको भावनामा हामी गम्भीर छौं र सङ्घीयता या प्रादेशिक अधिकार चैं कमजोर हुने छैन । त्यसलाई कमजोर बनाउने सरकारको कुनै मन्सुवा छैन । यति भन्दै आफ्नो धारणा अन्त्य गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९" माथि प्राप्त संशोधन प्रस्तावहरूलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल प्रहरी र प्रदेश प्रहरी "कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय" (पहिलो संशोधन) विधेयक, २०७९" माथि संशोधन पेस गर्ने संशोधन प्रस्ताव कर्ता माननीय सदस्य खिमलाल देवकोटालाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु ।

**माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- सम्माननीय अध्यक्ष महोदय, मैले पटक पटक भनिसकेको छु यो प्रदेशको, राज्यको शक्तिको अधिकार प्रयोग गर्ने सबाल पनि हो । प्रदेशले अहिलेसम्म सरकारको एउटा अनुभूति पनि गरेका छैनन् । सरकारको अनुभूति गर्नलाई एउटा महत्त्वपूर्ण प्रहरी पनि हो । अहिलेसम्म हामीले प्रहरी समायोजनै गरेका छैनौं । यो यति बिडम्वना भइसक्यो होइन एउटा साइकल हामीले पूरा गर्न लागिसक्यौं । ५ वर्ष हुन लागिसकेको । अहिलेसम्म हामीले गर्न सक्या छैनौं । एउटा प्रहरी पनि समायोजन नगरिदिने अनि तपाईं समायोजन नगर्ने, एउटा टेस्ट पनि गर्या छैन अनि टेस्ट पनि नगरीकन अनि फेरि अनि उसले पाएको अधिकार पनि खोस्न मिल्छ? त्यसकारण यो एकदमै बिडम्बना भयो । त्यसकारण यसलाई चैं हामीले प्रतिगमन भन्ने गर्या छौं भने यो पनि प्रतिगमन हो । वास्तवमा उनीहरूले पाएको अधिकार चैं तपाईंले खोस्ने । अनि खोसिसकेछि ऊसँग सल्लाह गरेर गर्छु । त्यो पनि कहीं हुन्छ? बरु प्रदेश सरकारले चैं, प्रदेश तहले चैं सङ्घीय तहसँग सल्लाह, समन्वय गरेर गर्छ भने भइहाल्छ नि । र यो मैले जुन संशोधन प्रस्ताव मैले फिर्ता लिन्नँ सम्माननीय अध्यक्ष महोदय । मैले फिर्ता लिनुभनेको मैले आफूले आफैलाई आत्महत्या गर्नु हो । हवस् त, धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, संशोधन प्रस्ताव माननीय सदस्य माननीय खिमलाल देवकोटाले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९" का सम्बन्धमा पेस गर्नुभएको संशोधन प्रस्ताव फिर्ता नलिनुभएकोले उक्त संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९" माथि संशोधन प्रस्ताव कर्ता माननीय सदस्य माननीय खिमलाल देवकोटाले राख्नुभएको संशोधन प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९" माथि संशोधन पेस गर्ने संयुक्त संशोधन प्रस्ताव कर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय राधेश्याम पासवानलाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु ।

**माननीय श्री राधेश्याम पासवान (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- अध्यक्ष महोदय, "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९" को मन्त्रीजीले जवाफ दिनुभो' । जवाफमा उहाँले अब अलिकति मिलाउँछु भन्नुहुन्छ । अब मिलाउँछन् कि मिलाउँदैनन्? यसलाई के गर्नुहुन्छ? यता प्रदेशलाई विस्तारै विस्तारै यो बाहिर बाहिर पनि कुराहरू उठिरहेको छ । यो सङ्घीयतालाई कमजोर गर्ने कुरा हो । यस्तै यस्तै हाम्रा मन्त्रीज्यूहरूले, सत्तापक्ष

मन्त्रीहरूले अब यस्तै यस्तै ल्यायो भने यो झन् अब कता न कता कुराहरू जान्छ । त्यसकारणले अब यसलाई मिलाएर लानुहुन्छ भन्न त भन्नुहुन्छ तर व्यवहारमा के देखाउनुहुन्छ कि देखाउनुहुन्न? अब यति हतार हतार गर्नुहुन्छ उहाँले नियम कानुन पनि ल्याउनुहुन्छ संसदमा । अनि राष्ट्रिय सभामा पनि छलफल पनि हुँदैन, विधायन समितिमा पनि जान सकिँदैन छलफलमा । अनि यसरी त यो त बिग्रिँदै जान्छ त्यसकारणले अबका दिनमा सुधारेर जाओस् भन्नेसाथ मैले आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय राधेश्याम पासुवानले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९" का सम्बन्धमा पेस गर्नुभएको संशोधन प्रस्ताव फिर्ता लिनुभएकोले उक्त प्रस्तावलाई निर्णयार्थ पेस गरिरहनुपरेन ।

माननीय सदस्यहरू, अब म विधेयकको दफा २ देखि ५ सम्मका दफाहरू प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९" को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्छ" भन्ने माननीय सदस्यहरूको बहुमत भएकोले विधेयकको दफा २ देखि ५ सम्मका दफाहरू बहुमतले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

**प्रस्तावना**: नेपाल प्रहरी र प्रदेश प्रहरी कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय ऐन, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, संघीय संसदले यो ऐन बनाएको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

माननीय सदस्यहरू, अब म "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९ को प्रस्तावना र नाम विधेयकको अङ्ग बनाइयोस्" भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९ को प्रस्तावना र नाम विधेयकको अङ्ग बनाइयोस्" भन्ने प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय गृह मन्त्री बालकृष्ण खाँणलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु ।

**माननीय गृह मन्त्री श्री बालकृष्ण खाँण**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल प्रहरी र प्रदेश प्रहरी कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय (पहिलो संशोधन) विधेयक, २०७९" पारित गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्छ" भन्ने माननीय सदस्यहरूको बहुमत भएकोले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री गोविन्द प्रसाद शर्मा (कोइराला)लाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु ।

**<u>माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९ माथि दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव सर्वसमितिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब उक्त प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९" माथिको दफावार छलफल सुरु हुन्छ । यस विधेयकमा ५ जना माननीय सदस्यहरूबाट संयुक्त संशोधन प्रस्ताव दर्ता हुन आएको बेहोरा जानकारी गराउँछु । उक्त विधेयकमा संशोधन प्रस्ताव दर्ता गर्नुहुने संशोधन प्रस्ताव कर्ता माननीय सदस्यहरूलाई आफ्नो संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु ।

माननीय सदस्यहरू, संयुक्त संशोधन प्रस्ताव कर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय डा. वेदुराम भुसाललाई संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु । समय ५ मिनेट ।

**माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, यो फौजदारी कसुर तथा कार्यविधिसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयकमा हाम्रो संशोधन त एउटै पनि भन्न सकिन्छ । तर यसका सबै दफामा समेट्ने गरी हामीले संशोधन राखेका छौं । खास गरी यसमा प्रयोग भएको एउटा शब्द संशोधन गर्नै पर्ने खालको शब्द रहेको छ । यो विधेयकले सुरुमा तेजाब भन्ने शब्दमात्रै राखेर केही प्रावधानहरू बनाएकोमा प्रतिनिधि सभाको कानुन, न्याय तथा मानव अधिकार समितिले त्यसमा संशोधन गरेर वा अन्य ज्वालनशील पदार्थ भन्ने शब्द थप्ने गरी प्रतिवेदन पठाएको छ । यो अन्य ज्वालनशील पदार्थ भन्ने कुराले धेरै व्यापक रूपमा समेट्ने र अन्य ज्वालनशील पदार्थमा हामीले दैनिक रूपमा भान्सामा प्रयोग गर्ने

घ्यू तेलजस्ता पदार्थहरू पनि पर्ने भएको हुनाले यसलाई तेजाबजस्ता घातक रासायनिक तत्वहरूको रासायनिक पदार्थको स्तरमा राख्न मिल्दैन भन्ने हिसाबले हामीले यी शब्दहरूको सट्टा अन्य घातक रासायनिक पदार्थ भन्ने शब्द राखौं भनेर यो संशोधन प्रस्ताव गरेका छौं । यो संशोधन प्रस्ताव गरिरहँदा हामीले केही दिनअगाडि मात्रै यहाँबाट पारित गरेको यो तेजाब तथा अन्य घातक रासायनिक पदार्थको उत्पादन निकासी आदि सम्बन्धि जुन विधेयक थियो । जुन पारित गरेका थियौं हामीले यो विधेयकसँग नै मिलान गरेर यो विधेयकमा प्रयोग भएका शब्दावलीको पनि शब्दावलीहरूलाई नै यहाँ पनि प्रयोग गर्नुपर्दछ । त्यसो भएर यो यसरी संशोधन गरेर जाऊँ भन्ने हाम्रो प्रस्ताव छ । यसमा धेरै व्याख्या गरिरहनुपर्छ भन्ने मलाई लाग्दैन । यो शब्दको प्रयोग ज्वालनशील पदार्थ भन्ने शब्दको प्रयोग असीमित हुने भएको हुनाले यस हिसाबले कानुनमा यो असिमित्ता राख्नु उपयुक्त हुँदैन । त्यसो भएको हुनाले यसलाई न त यसको यहाँ परिभाषा नै छ । ज्वालनशील पदार्थ अन्य ज्वालनशील पदार्थको परिभाषा पनि छैन । परिभाषा बेगर यस ढङ्गले व्यापक्ता ओगटेको शब्दलाई कानुनमा राखेर जाने कुरा चाहिँ उपयुक्त हुँदैन । भोलि यसको कार्यान्वयनमै, यो कानुनको कार्यान्वयनमा निकै अप्ठेरो स्थिति उत्पन्न हुन सक्छ । त्यसो भएको हुनाले यो शब्दलाई परिवर्तन गरेर जाऊँ भन्ने हाम्रो संशोधनको प्रस्ताव हो । म सरकारलाई सरकारको तर्फबाट माननीय कानुन मन्त्रीले यहाँ जुन यो विधेयक प्रस्तुत गर्नुभा' छ । वाहाँलाई हाम्रो यो संशोधनलाई स्वीकार गरेर यसलाई यो विधेयकलाई उपयुक्त ढङ्गको बनाएर पारित गरेर जाऊँ भन्ने अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९" को संशोधन प्रस्तावसहितको विधेयकमाथिको दफावार छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डायाससँगै बसेका सचिवालयका कर्मचारीलाई उपलब्ध गराइदिन अनुरोध गर्दछु ।

माननीय देवेन्द्र दाहाल । समय ३ मिनेट ।

**<u>माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, यो फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयकअन्तर्गत हामी छलफलमा छौं र यसमा एउटा यसको दफा ४ को (३) मा कसुर पीडितको नाममा सहयोग लिन नहुने भनेर उल्लेख गरेको रहेछ । यसमा कसैले पनि कुनै व्यक्ति कसुर पीडित भएको कारण देखाई निजको तस्बिर राखी वा नराखी सार्वजनिक रूपमा सामाजिक सञ्जालमार्फत आह्वान गरी वा नगरी निजीलाई औषधी उपचार गर्ने र अन्य कुनै किसिमको राहात सुविधा दिने वा अन्य कुनै प्रयोजनको लागि कसुर पीडित वा निजका परिवारको सदस्यको तर्फबाट कसैलाई चन्दा सुविधा सहयोग अनुदानको नाममा कुनै किसिमको नगद वा जिन्सी माग्न लिनु वा प्राप्त गर्नुहुँदैन र यसबापत जरिबानको पनि उल्लेख गरेको रहेछ । यो एउटा विकृति पनि आएको हुँदाखेरि यो ठिक छ । तर मैले यहाँ यो पढ्दै जाँदाखेरि मैले यहाँ नभटेको हो कि के हो ? सम्बन्धित पीडितलाई चाहिँ सम्पूर्ण खर्च उपचारको खर्च चाहिँ नेपाल सरकारले बेहोर्छ भन्ने कुरा चाहिँ यहाँ उल्लेख भएको देखिएन यस्तो उल्लेख नहुँदाखेरि चाहिँ सम्बन्धित व्यक्तिले चाहिँ उपचार गर्ने सन्दर्भमा उसले चाहिँ उसलाई जुन अन्याय भएको छ त्यसको कानुनबाट न्याय पाउने स्थितिमा राज्यले पनि नहेर्दाखेरि चाहिँ न्याय पाउने स्थिति नहुने हुँदा त्यो कुरालाई पनि उल्लेख गर्नुपर्छ भन्ने मेरो यसमा सुझाव रहेको छ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय जयन्ती देवी राई । समय ३ मिनेट ।

**<u>माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्ष महोदय, फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्न ल्याएको विधेयकमाथि डा. बेदुराम भुसास सँगसँगै हामीले पनि लाएका थियौं र त्यही कुरालाई म जोड दिन्छु । जुन प्रतिनिधि सभाबाट यो पठाइएको छ । यो संशोधन गरेर । यो दफा २, ३, ४, ५ र ६ मा य प्रयोग गरिएको शब्द त्यसमा चाहिँ रासायनिक पदार्थ तथा अन्य घातक पदार्थहरू भनिएको छ । त्यसलाई झिकेर चाहिँ त्यो शब्दको ठाउँमा चाहिँ ज्वालनशील भन्ने सबैलाई चाहिँ यसले बुझाउँछ भन्ने शब्द चाहिँ त्यो मिल्दैन होला । मैले यो पहिला पनि यसलाई संशोधन प्रस्ताव राखेको थिएँ । कि अब यसलाई कानुनमा नै चाहिँ आइडेन्टिफाई गर्नुपर्यो रासायनिक पदार्थ भनेको कुन कुन

ज्वालनशील भनेको त सबै जल्ने जस्तै तेल पनि जल्छ घ्यू पनि जल्छ रक्सी पनि जल्छ र रक्सीबाट पनि कैयौं ठाउँमा चाहिँ प्रयोग गरेर मारिएको छ । जस्तै भारतमा रक्सी राखेर महिलाहरूलाई त्यहाँ पनि मारिएको छ र यो पर्छ कि पर्दैन भन्ने यो चाहिँ रासायनिक पदार्थभित्र त्यसकारणले यसलाई चाहिँ हामीले यो शब्द चाहिँ राखिनुहुन्न भन्ने नै हो । यो कुरालाई चाहिँ कानुनमन्त्रीज्यूले यसलाई समावेश गरेर लानुहुने छ र यो शब्द राखियो भने यसले चाहिँ धेरै अरू अर्थहरूले चाहिँ यसले दिने हुनाले यो मिल्दैन कि रासायनिक पदार्थमा खाने चिजहरू पनि भन्ने कुरा हो । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय भैरव सुन्दर श्रेष्ठ । समय ३ मिनेट ।

**माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्षज्यू, यो प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त भ'को फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने विधेयकका सन्दर्भमा २०७९ का सन्दर्भमा हामी छलफल गरिरहेका छौं । अब हामीले चाहिँ यो के हो भने कानुनको भ्याकुम चाहिँ हुने एउटा बाध्यात्मक अवस्थामा हामी भ'को कारणले गर्दाखेरि थुप्रै कुराहरू संशोधनमा राख्ने चाहना हुँदा हुँदै पनि यसलाई पास गर्नुपर्ने अवस्थामा हामी चाहिँ उभिएका छौं । यो चाहिँ विधेयकमा प्रस्ताव गरिएको चाहिँ यो प्रतिनिधि सभाबाट सन्देशसहित जो आ'को जुन यहाँ के लेखेको छ भन्दाखेरि अगि माननीयज्यूले पनि यो कुरा राखिसक्नुभ'को चाहिँ छ । यो तेजाब भन्ने शब्दपछाडि वा अन्य ज्वालनशील पदार्थ भन्ने कुरा यहाँ चाहिँ राखेको छ । विधेयकका सबै दफाहरूमा जहाँ जहाँ तेजाब भन्ने उल्लेख गरिएको छ । त्यहा यो शब्द चाहिँ राख्नुपर्छ र राम्रो हुन्छ भनिएको चाहिँ छ । हामीले यो केही दिनपहिले राष्ट्रिय सभाबाटै यही सभाबाट चाहिँ हामीले यो तेजाब तथा अन्य घातक रासायनिक पदार्थ, त्यसको उत्पादन त्यसको बिक्री वितरण र प्रयोगका सम्बन्धमा चाहिँ एउटा विधेयक पास गरिसकेका छौं । यसले गर्दाखेरि यो ज्वालनशील पदार्थ भन्नेबितिकै खाने तेलहरू, घ्यूहरू, महहरू, रक्सीजस्ता पदार्थहरू पनि ज्वालनशील पदार्थभित्र त पर्छन् । तर चाहिने त्यो घातक चिज होइनन् तिनी जति रासायनिक पदार्थ घातक चाहिँ हुन्छ । ती चाहिँ होइनन् यसले गर्दाखेरि यो प्रतिनिधि सभाबाट सन्देशसहित आ'को यो अब यो वा अन्य ज्वालनशील पदार्थको ठाउँमा अस्ति हामीले पास गरेको तेजाबपछि अन्य घातक रासायनिक पदार्थ राख्दा चाहिँ उपयुक्त हुन्छ । त्यसमा चाहिँ मैले आफ्नो

कुरा चाहिँ राख्न चाहन्छ र यसै गरी यो विधेयकको हामीले प्राय सबै विधेयकहरूमाथि हामीले यो ऐनको प्रभाव चाहिँ मूल्याङ्कनका सन्दर्भमा सबै दफा ऐनहरूमाथि प्रभाव मूल्याङ्कन कस्तो भो के भो भन्ने विषयमाथि पाँच वर्ष कार्यान्वयन भइसकेपछि त्यो दफा चाहिँ राख्ने गरिका छौं र यसमा यो दफा समेटिएको छैन । अब कानुनमन्त्री स्वयम् जानकार चाहिँ हुनुहुन्छ कानुनका ..... जनकार चाहिँ हुनुहुन्छ । अरू ऐनमा चाहिँ समेटिएको यो चाहिने दफा राखिएको छ । यो ऐनमा नराखेको कारणले गर्दाखेरि यो मापन गर्ने कुराहरू प्रभाव मापन गर्ने कुराहरूको दफा पनि राख्दा अझ चाहिँ पनि राम्रो हुन्छ भन्ने कुरा राख्दै म आफ्नो भनाइ टुङ्ग्याउँछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय तुलसा कुमारी दाहाल । समय ३ मिनेट ।

**माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्ष महोदय, आज हामी फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ दफावार छलफलमा छौं । यस हामीले यो अरू माननीयज्यूले राख्नुभ'का जस्तै हामी हतारमा निर्णय गर्ने अनि फुर्सदमा पछुताउने चाहिँ गर्छौं कि भन्ने पनि डर लाइरहेको छ । हतार हतार अब किन गरिएको हो यो ६-६ महिनाको कार्यविधिले गर्दा पनि त्यस्तो भ'को हो कि भन्ने त्यस्तो शङ्का छ र यसमा दफावार छलफलमा केही कुरा राख्न चाहन्छु । प्रमाण ऐन, २०३१ मा चाहिँ संशोधनको सम्बन्धमा चाहिँ तेजाबपछि माननीयज्यूहरूले राख्नुभ'को जस्तै अन्य घातक पदार्थ र ज्वालनशील पदार्थ भन्ने शब्दहरू चाहिँ ठाउँ ठाउँमा देखिएको हुनाले त्योसम्बन्धी विधेयक हामीले पारित गरिसकेका छौं र त्यसलाई चाहिँ मिलान गर्नुपर्छ भन्ने लागेको छ ।

अर्को न्याय प्रशासन ऐन, २०७३ को सम्बन्धमा चाहिँ दफा २ मा जहिले सुकै दर्ता भएमा पनि पहिलो प्राथमिकता यो तेजाबसम्बन्धी घटनालाई दिने भन्ने शब्द राखिएको छ । यो उजुरीको हदम्याद नराख्ने र छिटो न्याय निरूपण गर्ने शब्द राख्दा अझ राम्रो हुन्छ भन्ने लागेको छ र सँगसँगै यो नयाँ थप गरिएको दफामा १९२क मा जुन थप गरिएको यो उपदफा (३) को (२) मा कैद जरिबानामा न्यायाधीशको मोनोपोली हुने देखिन्छ त्यसले गर्दा निश्चित कैद र जरिबाना नगद चाहिँ तोकिनुपर्ने शब्द राखिनुपर्छ । भन्ने लागेको छ । दफा १९२ मा तेजाब र अन्य रासायनिक जैविक तथा विसालु पदार्थ प्रयोग गरी कुरूप पार्न नहुने वा जरिबाना नहुनेमा चाहिँ यो कैद र

जरिबाना चाहिँ बढाउनुपर्ने देखिन्छ । यसमा धेरै खालको राखिएको छ । तर कैद जरिबाना कम लाग्यो र यसै गरी दफा २४ को कैद सजाय निलम्बन गर्ने सम्बन्धमा चाहिँ अन्य धेरै विषयवस्तुहरू राखिएको छ । तर यो तेजाब तथा अन्य घातक रासायनिक पदार्थ र यो ज्वालनशील पदार्थ फ्याँकी, छर्की अङ्गभङ्ग गर्ने कसुरको निलम्बन यो विषयको चाहिँ निलम्बन गर्न नहुने भन्ने लागेको छ । हस् धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९" माथिको दफावार छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री गोविन्द प्रसाद शर्मा (कोइराला) लाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**<u>माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, प्रतिनिधि सभाबाट प्राप्त खास गरी समितिमा गएर; कानुन, न्याय तथा मानव अधिकार समितिमा गएर छलफल भएर त्यहाँबाट पारित भएर आएको यो विधेयकका सन्दर्भमा यसमा संशोधन प्रस्ताव पेस गर्नुहुने र यो दफावार छलफलमा भाग लिनुहुने माननीयज्यूहरूले उठाउनुभएको कुराहरू प्रासङ्गिक छन् । धेरै कुराहरू वास्तवमा एड्रेस गर्न सकिने नै खालका छन् । एड्रेस गर्न नसकिने खालको होइन र त्यो हेर्दाखेरि चाहिँ अलिक हतार हतारमै गर्या देखिन्छ र हतारमा गर्नुपर्ने एउटा कारण के पर्यो भने अध्यादेशमार्फत आयो ६० दिनको हामीसँग लिमिटेसन छ । अब त्यतैकै कामहरू छन् । प्लस पोलिटिक्ससँगै हिंड्दो रहेछ । आजै म यहा आउने र जाने क्रम तीन चोटि भइसक्यो । अब एउटा समितिमा छलफल थियो त्यहाँ कित राम्रो ध्यान पुर्याउन सकियो होला । सबै कुराहरू पनि स्वाभाविक हुँदा रहेछ । त्यसले गर्दाखेरि कतिपय कुराहरूमा यहाँहरूले उठाउनुभएको कुरामा कहींनिर बिमति राख्ने ठाउँमा छैन । यी सबै कुरा वास्तवमा आवश्यक छन् ।

सबैभन्दा महत्त्वपूर्ण कुरा यो अन्य ज्वालनशील पदार्थ भन्ने कुरा चाहिँ यो त अलिकति कतैबाट पनि किनभने दुइटा कुरा एउटा अन्य ज्वालनशीलको कुरा परिभाषामा

छैन । कि त अन्य ज्वालनशीलको परिभाषा ऐनमा भइदिएको भए त्यो परिभाषाबाट यसलाई गभर्न गर्न सकिने हुनाले यसको मिसयुज नहोला भन्ने भन्न सकिन्थ्यो परिभाषा नहुनासाथ त्यसको मिसयुजको चान्स हुन्छ र स्ट्याच्युट ऐन बनाउँदा चाहिँ एम्बिगियुटीमा ऐन चाहिँ बनाउन हुँदैन भन्ने विधिशास्त्रीय मान्यता रहको छ । त्यसैले यसलाई चाहिँ धेरै सिरियस्ली लिएका छौँ । यसको अतिरिक्त हामीले केही फौजदारी ऐन संशोधनसम्बन्धी केही कानुनहरू यसभन्दा अगाडि प्रतिनिधि सभा र यस सम्मानित सभाबाट समेत पारित गरिसक्या छ । जसमा प्रयोग भएको शब्दावली र यसमा भएको शब्दावलीको बिचको कन्सिस्टेन्सी पनि आवश्यक छ । किनभने त्यो चाहिँ भण्डारण गर्ने बिक्री वितरण गर्नेदेखि लिएर व्यवस्थापन गर्ने कुरासँग सम्बन्धित भएर आएको कानुन हो । यसले क्रिमिनलाइज् गर्ने ल हो । जुन एक्टलाई हामीले क्रिमिनलाइज् गर्छौं त्यो एक्टसँग एसोसिएटेट चिजहरूलाई गभर्न गर्ने ल मा एउटा कुरा र क्रिमिनलाइज गर्ने ल मा अर्को कुरो भयो भने कन्सिस्टेन्सी हुँदैन । त्यसैले यसलाई मिलाउन सकिने कुरामा निवेदन गर्न चाहन्छु । अहिले मिलाउन लाग्दाखेरिको पर्ने एउटा कुरा अप्ठ्यारो पनि सम्माननीय अध्यक्षज्यूमार्फत म माननीय सदस्यहरूलाई के निवेदन गर्न चाहन्छु भने अहिले हामीले अथवा मैले यहाँ एक्सेप्ट गर्नसाथ त्यो फेरि प्रतिवेदन बनेर प्रतिनिधि सभामा फर्किनुपर्छ यो आज नै हामीले राष्ट्रपति कार्यालयमा पठाउन सकेनौँ भने प्रेसिडेन्सियल सिल यसमा हुँदैन र ६० दिनभित्र भन्या छ प्रमाणीकरण भइसक्नुपर्ने । हामीले यहाँबाट सन्देश तल पठाउनुपर्यो त्यसरी उताबाट जाने कुरा होला । प्रोसिजरका हिसाबले पनि हेर्दाखेरि पनि अहिले चाहिँ यसलाई मिल्ने तर यसको सोलिड ग्राउन्ड एउटा के छ भने सिमिलर ल मा प्रयोग भएको शब्दावलीसँग यो भा'को हुनाले केही नेपालमा ल्याउने वा चाहिँ अनुषाङ्गिक अरू केही गर्न सक्ने पनि हुन्छ त्यहाँ टेक्निकल्ली मिलाउन सक्ने लेबलमा रहेका कुरा चाहिँ टेक्निकल्ली नै मिलाउँला टेक्निकल्ली गर्न सक्ने कुराको हकमा नसक्ने कुराको हकमा केही नेपाल ऐन ल्याउन बाँकी नै छ । केही नेपाल ऐन संशोधनमा चाहिँ यसलाई हालेर ल्याउन सकिने भा' हुनाले त्यही कुरा यहाँ चाहिँ सम्माननीय अध्यक्षज्यूमार्फत निवेदन गर्न चाहन्छु ।

अब माननीय देवेन्द्र दाहालले उठाउनुभएको दफा ४ को (३) को पीडित सहयोगको चन्दा लिन नपाइने हो वास्तवमा यो धेरै एबयुज भा'को कारणले नै ल्याइया हो । यति भयो कि कसैलाई क्यान्सर लाग्या छ भनेर खाता नम्बर देया छ हेर्नुस् मान्छेहरू अलिकति भावुक मान्छेहरू सुई सुई पैसा हाल्दाया छ । त्यसको मिसयुज गर्या

छ । यी तमाम चिजहरू आएर यसलाई हेर्या हो । यसलाई पनि के छ भने प्रोसिजर बनाएर व्यवस्थित गर्न सकिन्छ होला जस्तो कुनै अथोरिटीबाट कुनै अथोरिटीले कल गर्ने वा त्यहाँबाट लिएर निश्चित organization हरूले अनुमति लिएर गर्ने जस्ता कुराहरूमा पनि हेरौं यसलाई प्रयोगमा लगेर हेरौं त्यसपछि आउने च्यालेन्जेजलाई हेरेर फेरि रिभियू गर्न सकि नै हालिन्छ । अहिले हटाइदिँदाखेरि भइरा'को समस्यालाई एड्रेस गर्न सकिएन त्यसैले यो ल्याएको हो यसलाई एकचोटि ल्याएर टेस्ट गरेर हेरौं भन्ने म निवेदन गर्न चाहन्छु ।

उपचार खर्च राज्यले दिनुपर्न सिद्धान्तमा कहींनिर पनि के छ भने असहमत हुन सकिन्न र राज्यले इन अ वे उपचार दिँदै आएको छ । कतिपय गम्भीर खालको कुराहरू पर्दाखेरि घटना हुँदाखेरिको हेलिकप्टर पठाएर रेस्क्यू गर्नेदेखि लिएर ट्रिटमेन्ट खर्च हाल्ने गर्या छ । तर त्यसलाई कानुनमै राखेर लिएर जाँदाखेरि हामी कति थेग्न सक्छौं राइटको रूपमा अधिकारको रूपमा दिँदाखेरि पर्ने प्रभाव र हाम्रो यहाँको फेरि प्रवृति किन भन्दाखेरि अन्य खालको हुँदो रहेछ । एउटा कुरा दियो भनेदेखि बिल भरपाई पेस गर्नेदेखि लिएर सारा कुराहरू फेरि त्यसको एउटा छुट्टै मेकानिजम चाहिने त्यो गर्नसाथ ती सबै कुराहरू एसोसिएटेट् भएर आउँछ कसलाई कोमार्फत दिने के गर्ने त्यो ऐन हाल्नेबितिकै एउटा अधिकारको रूपमा त्यो बन्दोबास्तो हुने भा' हुनाले त्यसलाई चाहिँ दिन चाहिँ के गर्नुपर्ला भने दिन चाहिँ अहिले पनि दिएर आइरा' छ यसप्रति लचिलो हुँदै अहिले पनि के छ भन्दाखेरि जस्तो उपचारको खर्च दिनुपर्ने ठाउँमा दे'को छ । अब कतिपय ठाउँमा दिनुपर्ने ठाउँमा दिन नसकेको पनि छ । त्यसमा चाहिँ स्टेट पोलिसी यसमा चाहिँ बनाउँदै जाने कुरातर्फ अहिले उठाएको कुराले मद्दत पुऱ्याउने छ भन्ने लाग्छ मलाई ।

माननीय जयन्ती राईले उठाउनुभ'को कुरा पनि त्यही हो । माननीय भैरव सुन्दरले उठाउनुभएको कुरा त्यही हो प्लस एउटा एडिस्नल कुरा चाहिँ वाहाँले प्रभाव मापन गर्नेसम्बन्धी प्रावधान राख्दा राम्रो हुन्थ्यो अहिलेको हामीले संसारभरि नै हेरियो भने अब अडिटिङ ल को चाहिँ पब्लिक अडिट गर्ने त्यसको इम्पिलिमेन्टेसनको स्टाटस हेर्ने त्यसको फेलियर छ कि सक्सेस छ । त्यो सबै हेर्ने चलन छ र यहाँ पनि राष्ट्रिय सभाले नै त्यो सुरु गर्या छ । केही ऐनहरूमा अडिट गरेर पनि हेर्या छ त्यो म आफै पनि एक दुइटा काम इन्भल्भ थिएँ । त्यसैले यो कुरा राम्रो हो अबअगि मैले भनेको बाध्यताले गर्दा अहिले एड्जस्ट गर्न सकिएन ।

अब माननीय तुलसा दाहालले भन्नुभा'को यो १९२.क को कुरा हो १९२.क को कुरा चाहिँ यो कदै र जरिबानामा न्यायाधीशलाई निर्धारण गर्न दिने एउटा के हुँदो रहिछ भने विभिन्न यो चाहिँ स्कुलहरू छन् । लिगल सिस्टमहरू छन्, स्कुलहरू छन् । यदि हामी इङलिस ल लाई हेरेर गयौं भने त्यहाँ के देखिन्छ भन्दाखेरि जजलाई सारै इम्पावर्ड गर्या हुन्छ । अधिकतम हक तोक्दिन्छ । न्यूनतम हक तोक्ने कुरा चाहिँ जज एग्राभेटिङ फ्याक्टर र मिटिगेटिङ फ्याक्टर भन्ने हुन्छ । अपराध गर्दाखेरि उसले अपराध बढाउने किसिमका गतिविधि गर्या थियो कि अपराध उसको बाध्यता हुँदा अपराध घटाउने किसिमबाट गर्दै त्यो अपराध गर्न बाध्य भा' थियो भन्ने चिजहरूलाई हेरेर त्यो जुडिसियल डिस्क्रेसन भन्छ त्यो स्वविवेक प्रयोग गर्ने कुरा चाहिँ वास्तवमा दिएको एउटा पाइन्छ अब कतिपय ठाउँमा स्वविवेक नदिंदा के हुँदो रहेछ भने सजाय चर्को परेर पनि इनजस्टिस भइरा' छ । प्रमाणले देखिन्छ क्रेयट गरिएका प्रमाणहरू धेरै हुन्छन् । सिजित प्रमाणहरू के हइन सृजित प्रमाणहरू हुन्छन् । अब त्यो प्रमाणलाई अनदेखा गर्नु पनि भएन घटन नभा'को पनि न्यायाधीशले झ्यालबाट देख्या छ । उसले गरेको होइन । तर प्रमाणले बोल्यो भने गर्नुपर्ने छ । झ्यालबाट देख्या छ । उसले गर्या हो । तर प्रमाणले यदि दिएन भने उसले गर्न सक्दैन । त्यसो भा'को कारणले गर्दाखेरि पनि यसमा कलिकति स्वविवेक चाहिँ राख्दाखेरि उसले क्नभिक्सनै गर्दा पनि होइन यो चाहिँ अलिक मर्सिनै गर्नुपर्ने खालको हइ यो चाहिँ मर्कामै पर्यो भन्ने खालको त्यो लेभलको बरु जजको अपोएन्टमेन्टदेखि लिएर हाम्रो न्यायाधीशहरू राम्रो बनाउनुतिर लाग्नुपर्छ भन्ने मलाई लाग्छ । मैले यति माननीयज्यूहरूले उठाउनुभ'को प्रश्नहरू र टप्पणीमाथि विचार राख्दै अहिले म के आह्वान गर्न चाहन्छु भने यसमा संशोधन राख्नुहुने माननीय बेदुराम भुसालज्यूलाई संशोधन प्रस्ताव फिर्ता लिन अनुरोध गर्न चाहन्छु र यसमा भाग लिनुभएका सबै माननीयज्यूहरूप्रति आभार प्रकट गर्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्न विधेयक, २०७९" माथि प्राप्त संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्न विधेयक, २०७९ माथि संशोधन पेस गर्ने संयुक्त प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय डा. बेदुराम भुसाललाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु ।

<u>**माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**</u>ः- सम्माननीय अध्यक्ष महोदय, वास्तवमा सारै बाध्यकारी अवस्थामा परियो अब यसलाई फिर्ता यसलाई पारित नगरौं भोलिदेखि नै कानुनको रिक्ता हुन्छ । त्यसको असर जनतामा पर्छ । यो ऐन पारित गर्यौं यहाँ पारित गर्नै नहुने शब्दावलीको प्रयोग भा' छ । हामीले भरै गएर खाना खाने तरकारी पनाउने तेल यहाँ कसुर गरेको ठहरिने पदार्थमा राखिएको छ । यो वास्तवमा मनले मानिरहको छैन तर अब मन्त्रीज्यूले जसरी बोल्नुभा' छ । त्यसअनुसार अनुषङ्गिक मिलाएर भए पनि यसलाई मिलाउने भन्नेसम्मको कुरा गर्नुभएको हुनाले र तुरुन्तै अर्को यो केही नेपाल ऐन संशोधनको प्रक्रियाबाट यसलाई मिलाउने भन्नेसम्मको प्रतिबद्धता जाहेर गर्नुभ'को हुनाले फेरि म जोड गर्दै कि आगामी दिनमा यसरी बाध्यकारी ढङ्गले कानुन पारित नगराइयोस् संसदबाट यो कार्यकारिणीको ज्यादती नै भा' यस ढङ्गले..... नगरोस् भन्ने कुरा राख्दै यो प्रतिबद्धतालाई कार्यान्वयन गरेर देखाइयोस् भन्ने कुरा पनि सम्झाउँदै यो हाम्रो संशोधनलाई फिर्ता लिन्छु । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>ः- माननीय सदस्यहरू, संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय डा. बेदुराम भुसालले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त "फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९" का सम्बन्धमा पेस गर्नुभएको संशोधन प्रस्ताव फिर्ता लिनुभएकोले उक्त प्रस्तावलाई निर्णयार्थ पेस गरिरहनुपरेन ।

माननीय सदस्यहरू, अब म विधेयकको दफा २ देखि ७ सम्मका दफाहरू प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९ को अङ्ग बनोस्" भनी निर्णयार्थ पेस गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको दफा २ देखि ७ सम्मका दफाहरू सर्वसम्मतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

**<u>प्रस्तावना</u>**ः फौजदारी कसुर फौजदारी कार्यविधिसम्बन्धी केही ऐनलाई संशोधन गर्न बाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. **<u>सङक्षिप्त नाम र प्रारम्भ</u>**ः (१) यस ऐन नाम "फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

माननीय सदस्यहरू, अब म "फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९ को प्रस्तावना र नाम विधेयकको अङ्ग बनाइयोस्" भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९ को प्रस्तावना र नाम विधेयकको अङ्ग बनाइयोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री गोविन्द प्रसाद शर्मा (कोइराला) लाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु ।

**माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री गोविन्द प्रसाद शर्मा (कोइराला) लाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु ।

**माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त "यौन हिंसा विरुद्ध केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब उक्त प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथिको दफावार छलफल सुरु हुन्छ ।

यस विधेयकमा दस जना माननीय सदस्यहरूबाट संयुक्त संशोधन प्रस्तावसहित तीन समूहमा संशोधन प्रस्ताव दर्ता हुन आएको बेहोरा जानकारी गराउँछु । उक्त विधेयकमा संशोधन प्रस्ताव दर्ता गर्नुहुने संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूलाई क्रमशः आफ्नो संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु ।

माननीय सदस्यहरू, संशोधन प्रस्तावकर्ता माननीय सदस्य डा. विमला राई पौडयाललाई संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु । समय पाँच मिनेट ।

**<u>माननीय डा. विमला राई पौडयाल (मनोनीत)</u>**:- सम्माननीय अध्यक्षज्यू, मैले यो यौन हिंसासम्बन्धी यो विधेयकमा प्रक्रियाको हिसाबले र यसपछि विषयवस्तुको हिसाबले दुवै हिसाब उचित ठानेर एउटा संशोधन राखेको छु । पहिला म विषयवस्तुतिरै जान्छु । अहिलेको कानुनमा नाबालकहरूलाई यौन हिंसा भएको खण्डमा १८ वर्ष पुगेपछि एक वर्षसम्ममा उजुरी गरिसक्नुपर्ने व्यवस्था छ । त्यहीअनुसार अध्यादेशमा आएको अवस्था हो त्यसपछि प्रतिनिधि सभाले यसमा छलफल गरेर तीन वर्षको बनाएको छ । तर हामी अस्तिदेखि छलफल गरिराखेका छौं । यो यौन हिंसा यति जघन्य अपराध हो र त्यसका पीडितहरू मानसिक रूपले शारीरिक रूपले तयार हुन उजुरी गर्न र न्याय खोज्नको लागि समय लाग्छ । समय कति लाग्छ ? डिपेन्डस कसैको छिटो हुन्छ कसैको ढिलो हुन्छ । कसैले कहिले पनि त्यो उजुरी गर्न पनि सक्दैनन् । त्यो भएर उजुरी गर्ने यो समयावधि नराखेर हदम्याद नराखियोस् भनेर हामीले छलफल गर्यौं छलफल गरेपछि यहाँ सङ्कल्प प्रस्ताव पनि पास गर्यौं र मैले त्यही अडानमा रहेर अहिले पनि हदम्याद हटाइयोस् नाबालकको केसमा यौन हिंसाको विरुद्ध उजुरी गर्न हदम्याद हटाइयोस् भनेर मैले विषयवस्तुमा सङ्कल्प राखेको छु मेरो चाहिँ प्रस्ताव राखेको छु संशोधन राखेको छु ।

अब मन्त्रीज्यूको अस्तिको सैद्धान्तिक छलफलमा वाहाँले उठाउनुभएको कुराहरू पनि सुनें वाहाँले भन्नुभयो हदम्यादले मात्रै सबै समस्या समाधान हुँदैन हामीले एकमुष्ट रूपमा विभिन्न प्रकारका प्रवाधानहरूले हर्नको लागि नेपाल कानुन आयोगले काम गरिराखेको छ । त्यो हेरेपछि हामीले गर्छौं भनेर भन्नुभयो त्यसमा असहमत होइन मेरो । तर मेरो असहमत केमा हो भने । जब उजुरी नै गर्न पाउँदैन भने ठुलो फलामको ढोका चाहिँ अगाडि नै तेर्साइदिने हो भने त्यसपछि अनुसन्धान कति राम्रा बनाऊँ क्षेतिपूर्तिका प्रावधान कति राम्रा बनाऊँ पीडकलाई कति धेरै सजाए दिऊँ । त्यसले कुनै अर्थ राख्दैन । उजुरी गर्न पाउन पर्छ पहिलो कुरा पहिलो सर्त भनेको न्यायको उजुरी गर्न पाउने हो । त्यो कुरा चाहिँ हटाउन मिल्दैन त्यही भएर त्यो ढोका खोलौं हामी हाम्रा छोरा छोरी नाबालक नाति नातिना र अहिले हाम्रा लागि त यो देशका

बच्चाहरू सबै हाम्रा छोरा छोरी हुन् तिनीहरूको अगाडि पनि मुख देखाएर हिँड्न सक्ने हौं भनेर मैले यो न्यायको लागि राखें । अब प्रक्रियातिर जान्छु म ।

यो विषयमा हामीले बहुत धेरै छलफल गर्यौं बहुत धेरै छलफल गरेर यसै सभाबाट यसै सभाबाट माननीय कमला पन्तज्यूको अगुवाइमा आज मैले वाहाँलाई देखिराखेको छैन । बहुत धेरै सम्झिराखेको छु । कता हुनुहुन्छ । माननीय कमला पन्तज्यूको अगुवाइमा हामीले यहाँ सबै दलका सबै माननीय सदस्यहरू मिलेर सङ्कल्प प्रस्ताव पारित गरियो । सङ्कल्प प्रस्तावमा कम्तीमा नाबालकको हकमा यौन हिंसाको उजुरी गर्ने म्याद, हदम्याद हटाइयोस्, अरूको लागि पुनरावलोकन गरियोस् भनेर भन्यौं त्यो सङ्कल्प प्रस्ताव सर्वसम्मतले सम्माननीयज्यू, म फेरि पनि भन्दै छु यो सभाले सर्वसम्मतले पास गरेको हो सङ्कल्प प्रस्ताव पास हुनुभनेको कानुन हो, मैले बुझेको त्यही हो । हामीले त्यसरी पास गरिसकेपछि यो अध्यादेश प्रतिस्थापन विधेयक बनेर आउँदाखेरि यो सङ्कल्प प्रस्तावअनुसार भएर आउँछ भनेर हामीले सोच्यौं त्यो नसोच्नु पनि चाहिँ ठिक हो बेठिक हो । मलाई थाहा छैन तर मैले बुझेको के हो भने सङ्कल्प प्रस्ताव पास भइसकेपछि र सम्माननीय अध्यक्षज्यूले सरकारलाई निर्देशन गरिसकेपछि त्यो निर्देशनलाई हेरेर प्रतिस्थापन विधेयक आउँछ भनेर मैले सोचें त्योअनुसार प्रतिस्थापन विधेयक आएन नपाएपछि प्रतिनिधि सभामा बहुत धेरै छलफल हुँदाखेरि पनि वाहाँहरूले राष्ट्रिय सभाको गरिमालाई बचाउनको लागि पनि त्यो सङ्कल्प प्रस्ताव हेर्नुपर्‍थ्यो वाहाँहरूले पनि त्यो सङ्कल्प प्रस्ताव हेर्नुभएन हामीले दुई सदनात्मक व्यवस्थामा छौं प्रतिनिधि सभाले पास गरेको सङ्कल्प प्रस्ताव पनि सङ्कल्प प्रस्ताव नै हो । राष्ट्रिय सभाले पास गरेको सङ्कल्प प्रस्ताव पनि सङ्कल्प प्रस्ताव नै हो र यो राष्ट्रिय सभाको गरिमाको विषय हो सम्माननीयज्यू त्यसैले मैले प्रक्रियाको हिसाबमा र त्यसपछि विषयवस्तुको हिसाबमा यो दुवै हिसाबमा यो संशोधन राखेको छु हदम्यादको प्रावधान विशेष गरीकन बालबालिकाको केषमा नाबालकको केसमा हदम्यादको प्रावधान हटाइएर यो विधेयकलाई अगाडि बढाइयोस् भन्ने नै मेरो अहिले पनि अनुरोध हो । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय डा. देबुराम भुसाललाई संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु । समय पाँच मिनेट ।

**माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्न बनेको विधेयकका सन्दर्भमा हाम्रो एउटा संशोधन छ । दफा ३ को उपदफा (४) मा यो विधेयकले यौन हिंसाका सन्दर्भमा खास गरीकन नाबालकहरूको हकमा १८ वर्ष पुगेपछि तीन वर्षभित्र भनेर एउटा म्याद तोक्यो यद्यपि दुइटा मत थिए । एउटा केही निश्चित समय राख्नुपर्छ होला र एउटा पूरै खुला गर्नुपर्छ भन्ने त्यसमध्ये यो विधेयक आउँदाखेरि एउटा निश्चित सीमा तोकेर आयो यो पहिलेको तुलनामा त प्रगतिशील छ । पहिलेको समयभन्दा यो समय बढाइएको छ हदम्यादको समय त्यस हिसाबले यसलाई सकारात्मक नै मान्नुपर्छ भन्ने मलाई लाग्छ । तर यसका साथसाथै यो अशक्त भइसकेका मान्छेहरू अशक्तहरू अपाङ्गता भएका व्यक्तिहरू सुस्त मनस्थिति भएका व्यक्तिहरू सत्तरी वर्ष पुगिसकेका वृद्धहरूसँग गरिने यो यौन हिंसात्मक व्यवहारका सम्बन्धमा यो सीमा भित्र नराखेर खुला राखेर त्यस्ता व्यक्तिहरू यदि यौन हिंसाको उत्पीडनमा परे भने उनीहरूले जहिले सुकै पनि उजुरी गर्न पाउने व्यवस्था कम से कम गरौं यो तहको मान्छेको हकमा यो अवस्थाको मान्छेहरूको हकमा कम से कम गरौं न आम रूपमा गर्न सिकदैन भने भन्ने हिसाबले हामीले यो संशोधन राखेका छौं । यो संशोधन आवश्यक छ भन्ने हामीलाई लाग्छ अहिले सबैका लागि खुल्ला रूपमा हामी जान सकिएन सबैका लागि हदम्याद खुल्ला गर्न सकिएन नाबालक हकमा एउटा सीमा तोकियो अथवा बालिक भइसकेको हकमा अर्को सीमा हुने भो' र यो हामीले भनेका प्रकृतिका मानिसहरूको हकमा एउटा खुल्ला रहेको व्यवस्था गरौं भन्ने हाम्रो प्रस्ताव हो हाम्रो संशोधन हो । यो संशोधन आवश्यक छ जायज छ भन्ने हामीलाई लाग्छ । त्यसो भएर म हाम्रो संशोधनलाई स्वीकार गरियोस् भन्ने माग गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय राधेश्याम पासवानलाई संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु । समय पाँच मिनेट ।

माननीय सदस्यहरू, संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट गंगा कुमारी बेलबासेलाई संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु । समय पाँच मिनेट ।

**<u>माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, यौन हिंसाविरुद्धका केही ऐन संशोधन गर्ने विधेयक, २०७९ माथि हाम्रो एउटा संशोधन छ । हामीले संयुक्त रूपमा संशोधन राखेका छौँ । कानुन जहिले पनि समसामायिक हुन्छ । यो असाध्यै महत्त्वपूर्ण भ'को कारणले अध्यादेशबाट आएर कानुन बनेर लागु भइराखेको अवस्थामा हामी छौँ र अहिले यही बिचमा हामीले सङ्कल्प प्रस्ताव राष्ट्रिय सभाबाट पनि पास गरेका छौँ र त्यसमा हदम्यादको सन्दर्भमा भनेर हामीले चाहिँ विषय राखेर त्यसलाई अगाडि बढाएका थियौँ । हामी सबै माननीयज्यूहरू एउटा निष्कर्षमा पुगेर हदम्याद जे छ त्यसलाई बढाउनुपर्छ भन्ने ठाउँमा हामी पुगेका हौँ । र यो विधेयकमा मेरो संशोधन के छ भने बालबालिकाहरूको हकमा उनीहरू बालिक भएको दस वर्ष चाहिँ उनीहरूले उजुरी गर्न पाउने हदम्याद राख्नुपर्छ भन्ने हाम्रो मान्यता रहेको छ र त्यतिबेला उनीहरू अन्तिमपटक उमेरको बालिक नभएको अवस्थाका अन्तिम वर्षहरूमा त्यस्तो घटनामा परे भने पनि उनीहरू २८ वर्षका हुन्छन् र त्यो सबैभन्दा सक्षम उमेरमा उनीहरूले आफूमाथि घटेका घटनाहरू र यो चाहिँ दुर्व्यवहारको विरुद्धमा अदालती उजुरीहरू र मुद्दाहरूमा जान सक्छन् त्यो सबैभन्दा सक्षम उमेरमा उनीहरूले गर्न सक्छन् र त्यसलाई सम्बोधन गर्न सकिन्छ भन्ने कुराहरूमा राख्न चाहन्छु र त्यस्तै गरेर अपाङ्ग अशक्त भएकाहरूको हकमा हदम्याद राख्नु हुँदैन र परिस्थितिअनुसार जतिबेला उजुरीहरू गर्न सकिन्छ त्यसरी जानुपर्छ र अन्य सबलहरूको हकमा र प्रौढहरूको हकमा त्यस्तो घटनाहरू घटेको ३ वर्षसम्म चाहिँ हदम्याद हुनुपर्छ र त्यतिबेला चाहिँ उजुरीहरू भयो भने हामी यसलाई न्याय दिन सक्छौँ पीडितलाई न्याय दिन सक्छौँ भन्ने हाम्रो मान्यता रहेको छ । यस्तै गरेर हाम्रो सङ्कल्प प्रस्ताव जुन ढङ्गले हामीले राष्ट्रिय सभामा राखेका छौँ । हदम्याद बढाउनुपर्छ भनेर त्यसलाई सम्बोधन गर्नका लागि पनि यसरी जानुपर्छ र यो प्रस्तावलाई हाम्रो मन्त्रीज्यूले सरकारले मान्यता दिने छ मान्ने छ भन्ने कुराहरू विश्वास राख्दै बिदा हुन्छु । हस् धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त यौन हिंसाविरुद्धका केही ऐनहरूलाई संशोधन गर्ने विधेयक, २०७९ को संशोधन प्रस्तावसहित विधेयकमाथिको दफावार छलफलमा भाग लिन चाहनुहुने माननीय सदसयहरू, आआफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु ।

मानननीय खिम लाल भट्टराई । समय ३ मिनेट ।

**<u>माननीय श्री खिम लाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, पहिलो कुरा त सरकारले यो अन्तिममा एउटा बाध्य बनाउने हिसाबले जसरी यो चाहिँ विधेयकहरू सदनमा ल्याउने गरेको छ र अहिले पनि त्यस्तै भएको यसमा चाहिँ अलिकति दुःख प्रकट गर्न चाहन्छु उपरान्त यस्तो नहोस् भनेर म सचेत पनि गर्न चाहन्छु । दोस्रो कुरा यो अहिले जुन कानुनको विषयमा छलफल गर्दै छौं । यो विषय मुलतः बलात्कारसँग सम्बन्धित र यो बलात्कार बालिका बलात्कार, महिला बलात्कार, वृद्धा बलात्कार, सामूहिक बलात्कार बलात्कारपछि हत्या समाजमा चाहिँ हामीले कानुन पनि बनाउँदै छौं छलफल पनि गर्दै छौं र यस्ता घटनाहरू बढ्दै पनि गइरखेका छन् । यो चाहिँ दुःखद् कुरा हो र यसलाई नियन्त्रण गर्नको लागि चाहिँ अहिले फेरि चाहिँ हामी थप कानुनकै विषयमा छलफल गर्दै छौं र यो विषय यसभित्र पनि खास गरी चाहिँ बालिका बलात्कारसित सम्बन्धित विषय यो यतिबेला चाहिँ संवेदनशील विषय भएर आएको छ । यो अहिले हाम्रो सदनमा मात्रै होइन सिङ्गो समाजमा चाहिँ छलफल भइराखेको विषय हो र सबैले यो खास गरी बालिका एउटी बालिका बलात्कारपछि उजुरी दिने तहमा पुग्नको लागि समय लाग्छ वा त्यो तयार नहुन पनि सक्छ हाम्रो सामाजिक व्यवस्था सामाजिक परिपाटी इज्जत प्रतिष्ठाको डर भविष्यको डर यी सबैले गर्दाखेरि एउटी बालिका बलात्कार भएपछि चाहिँ उजुरी दिन आउन सक्ने हुनको लागि चाहिँ त्यो धेरै गम्भीर कुरा हो । हाम्रो सामाजिक परिपाटी हाम्रो अवस्थाले गर्दाखेरि जे होस् अब यसमा चाहिँ अहिले हामीले छलफल गरेको विषय भनेको चाहिँ सदनमा पनि हामीले राष्ट्रिय सभामा यो राष्ट्रिय सरोकार समितिले पनि आयोजना गरेको एउटा कार्यक्रममा यो बालिकासम्बन्धी बलात्कारमा चाहिँ हदम्याद नराखियोस् भन्ने हो र हामीले राष्ट्रिय सभाबाट सामूहिक रूपमा यो सत्तापक्ष प्रतिपक्षको कुरा छैन । हामीले सामूहिक रूपमा सङ्कल्प प्रस्ताव पास गर्या छौं यो बालिकाको बलात्कारसम्बन्धी कसुरमा चाहिँ बालिकालाई न्याय दिने कुरा हो र पीडकलाई चाहिँ दण्डित गर्ने कुरा हो । त्यसो भ'को हुनाले यसमा हदम्यादको प्रावधान नगराखियोस् भन्ने हो । अब हाम्रो मायन्त यो छ । यो सरकारले यो राष्ट्रिय सभाको सङ्कल्प प्रस्ताव यसको गरिमा यसको प्रतिष्ठालाई कसरी जगाउँछ के एन्सर दिनुहुन्छ मन्त्रीज्यूले म सोध्न चाहन्छु र यो हदम्याद नराखियोस् भन्ने विचार पनि प्रस्तुत गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय इन्दिरा देवी गौतम । समय ३ मिनेट ।

**माननीय श्री इन्दिरा देवी गौतम (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्ष महोदय, हामी वास्तवमै संवेदनशील विषय हो यो । सामाजिक हाम्रो सामाजिक बनोट अनि मान्छेको मानसिकता र हाम्रो समाजमा घटिरहेका घटनालाई हेर्दाखेरि र जो पीडित हुन्छ । पीडितले आफ्नो बयान दिन सक्ने अवस्था र त्यो हिम्मत प्राप्त गर्ने समय भनेको चाहिँ निकै लामो नै चाहिन्छ र यो अहिले हामीले सङ्कल्प प्रस्ताव पनि पास गरिसकेका छौं । त्यो सङ्कल्प प्रस्तावमाथि पनि ध्यान दिइयोस् र के हो भनेदेखि यो बलात्कारका घटनाहरू चाहिँ जुन बालबालिकाहरूमाथि हुन्छ यौनजन्य हिंसा भनिएको छ । यो बलात्कारको एउटा घटना छ भने अर्को यौन हिंसा चाहिँ अव्यक्त अप्रत्यक्ष रूपमा रहेको तर उनीहरूले महिलाहरूले पीडा भोगिरहेको अर्को एउटा संवेदनशील विषय छ र यसमा बालबालिकाहरूले आफ्नो उमेर पुगिसकेपछि तीन वर्षपछि सम्मको लागि मात्रै जुन म्याद राखिएको छ । यो चाहिँ उनीहरूले त्यो आफूमाथि भएको अपराध थाहा पाएर अनि उजुरी गर्ने अवस्था अनि त्यो उजुरी गरिसकेपछि गरिने कोइसनहरूलाई एन्सर दिन सक्ने आफ्नो हिम्मतसम्म जुटाउनको लागि निकै लामो समय लाग्छ त्यसो हुँदा बालबालिकाको सवालमा अशक्त अपाङ्गहरूको सवालमा सुस्त मनस्थितिका व्यक्तिहरूको सवालमा चाहिँ र वृद्धहरूको बारेमा चाहिँ यो हदम्याद नराख्नु नै उपयुक्त हुन्छ अन्य सवालमा भनेको एउटा हदम्याद अब त्यसलाई हामीले त बलात्कारको विषयमा हदम्यादै नराखौं भन्ने कुरा हो यो किन भने यो त जघन्य अपराध हो यो जघन्य अपराध हो । यसले त मानिसलाई मानसिक रूपबाट लामो समयसम्म विछिप्त गराउँछ । जिन्दगी नै बर्बाद गराउँछ यसले । एउटा मान्छे भएर बाँच्न नसक्ने अवस्थामा पुर्याउँछ । यस भ'को हुनाले यो जघन्य अपराधको हदम्याद नराखियोस् बालबालिकाको सवालमा र अशक्त अपाङ्ग वृद्ध वृद्धाहरूको सवालमा हदम्याद नराखियोस् भन्ने कुरा रख्न चाहन्छु । हस् त, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय तुलसा कुमारी दाहाल । समय ३ मिनेट ।

**माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्ष महोदय, आज हामी जुन विषयमा दफावार छलफल गरिरहेका छौं यो गम्भीर

विषय हो र उभिएर बोल्न मन पनि लागेको छैन । सम्माननीय अध्यक्ष महोदय, हामीले आज आफ्नै राष्ट्रिय सभाको गरिमा घटाइरहेका छौं कि भन्ने पनि महशुस भएको छ । र अर्को हामीमा चाहिँ पितृसत्तामक सोच र चिन्तन चाहिँ हाबी भएको पनि देखिएको छ । आफैले पारित गरेको सङ्कल्प प्रस्तावप्रति आज हामी पछाडि हटिरहेका छौं भन्ने पनि महशुस भएको छ र एउटा होनहार युवा परिवर्तनको वाहक हाम्रो कानुन मन्त्रीज्यूले चाहिँ कसरी सम्बोधन गर्नुहुन्छ हामीले केवल बालबालिकाको हकको उजुरीको हदम्याद नराखौं भन्ने कुरा प्रस्ताव गरेका थियौं । जुन सङ्कल्प पारित भएको छ र अर्को महिलाको हकमा यो पीडा हरेक परिवार हामीले सर्भे गरेर हेर्यौं भने हामीले धेरै ठाउँमा पाउँछौं अनुसन्धान गर्यौं भने यो पीडाको अनुभूति धेरैले गर्नुभएको छ । र यो हामी चाहिँ ..... हामी के मुख देखाएर बाहिर जाँदै छौं । यो एउटा लज्जाको विषय पनि मैले महशुस गरेको छु ।

सम्माननीय अध्यक्ष महोदय, मलाई यो यसमा चाहिँ यो मुलुकी अपराध संहिता २०७४ मा जरिवाना बापतको रकम राज्य कोषमा राखिनुपर्छ भनेर र चाहिँ यो दफावार छलफलमा छलफल गर्न गइरहेको छु र यसमा चाहिँ के भनेको छ भने पीडकबाट क्षतिपूर्ति दिलाएको रकम चाहिँ पीडितलाई दिने कुरो गरिएको छ । यसो गरिनुहुन्न पीडिकबाट प्राप्त हुने रकम राज्य कोषमा राखेर राज्य कोषबाट क्षतिपूर्तिको व्यवस्था गरिनुपर्छ भन्ने चाहिँ मलाई लागेको छ । अर्को ज्येष्ठ नागरिकसम्बन्धी ऐनको ६३ मा तेजाब र अन्य रासायनिक पदार्थको नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकले समेटेको यो ज्वालनशील पदार्थको आशयअनुसार नै यसलाई पनि व्यवस्थित गरिनुपर्छ मुलुकी कार्य संहिता, २०७४ मा पनि जबर्जस्ती करणीको मुद्दामा लागि दर्ता गर्ने अपराधीलाई हुने सजायको न्यूनतमको सजायको पनि कम भनिएको छ । आधा सजायको व्यवस्था गरिन पर्छ यदि उसले गलत चाहिँ दर्ता गरेको छ भने र सँगसँगै ऐन मापनको कुरा पनि यहाँ माननीयज्यूहरूले उठाइसक्नुभएको छ र यो यौन हिंसासँग जुन निरुपण र न्यायका लागि फास्ट ट्र्याकबाट न्याय दिलाउने व्यवस्था गरिनुपर्छ र आज हामी दुखी छौं यो विषयमा माननीयज्यूले उठाएको कुरालाई पनि म समर्थन गर्न चाहन्छु र ब्याक नहटौं हामी हामीलाई कति समय लाग्छ एउटा बाध्यता यहाँ हामीलाई ६० दिने भन्नुभएको छ माननीय मन्त्रीज्यूले के गर्न सक्छौं यो कुरा चाहिँ हामीले गरौं र हाम्रो आफ्नै गरिमा राष्ट्रिय सभाको गरिमा घट्ने काम चाहिँ नगरौं भनेर म अनुरोध गर्न चाहन्छु । हस् धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सुमित्रा वि.सी. । समय ३ मिनेट ।

**माननीय श्री सुमित्रा वि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, हामीले यो विशेषमा सङ्कल्प प्रस्ताव पेस गर्दखेरि पनि धेरै छलफल गरिरहेका छौं र एउटा चेली आफ्नो बाबुबाट पीडित हुन्छे, दाजुबाट पीडित हुन्छे, जेठाजुबाट पीडित हुन्छे, स्कुलका शिक्षकबाट पीडित हुन्छे र अफिसका हाकिमबाट पीडित हुन्छन् र गाउँ समाजका भाइ छोराहरूबाट पीडित भइरहेका हुन्छन् । यी मान्छेहरू शारीरिक रूपले क्षतविक्षत त हुन्छ नै मानसिक रूपले डिप्रेसनमा पनि जाने हुन्छ । त्यसकारणले यिनीहरूको मानसिक रूपले ठिक हुने यतिबेलै भइहाल्छ भन्ने छैन । यसकारणले पनि हामी हदम्याद राख्न हुँदैन भनेर चाहिँ आवाज उठायौं र सङ्कल्प प्रस्ताव पनि पास गर्यौं र आज यो सरकारलाई के अप्ठ्यारो परेको हो म सोध्न चाहन्छु । किन हदम्याद राख्दैमा हदम्याद राख्दैमा कोही मान्छेहरूलाई अप्ठ्यारो हुनुपर्ने के कारण रैछ जहिले मान्छे उसको परिस्थितिले दिन्छ । उसको मानसिकताले दिन्छ उसको शारीरिक रूपले ऊ सबल हुन्छ तब उसले उजुरी गर्ने र कानुनी सहायता लिने अधिकार हामी किन कटौती गर्न खोजिरहेका छौं र यो एकचोटि सङ्कल्प प्रस्ताव पास गरी सिङ्गो राष्ट्रिय सभाले पास गरेको छ एक जना मान्छेको कुरा होइन एक जना माननीयको कुरा होइन । सिङ्गो राष्ट्रिय सभाले सर्वसम्मति पास गरेका कुराहरूबाट फेरि पछाडि हाट्नुपर्ने हो भने यो राष्ट्रिय सभाका सदस्यहरूको हैसियत यो राष्ट्रिय सभाको गरिमा यो कसरी बस्ने हो यसको बारेमा माननीय मान्त्रीज्यूले अस्ति सङ्कल्प प्रस्ताव पास गर्दाखेरि पनि मान्त्रीज्यू आउनुभ'को थियो वाहाँले आश्वासन पनि दिनुभएको थियो । हुन्छ म कानुन कानुन विज्ञहरूलाई सल्लाह गर्न दे'को छु छलफल गर्न दे'को वाहाँहरूको सल्लाहसहित ल्याएर चाहिँ हामी यो कुरोहरूलाई समेट्ने छौं भन्नुभ'को थियो फेरि पनि आज हतार हतार गरेर यो जसरी पनि तपाईंहरू पास गर्दिनुस् हामी अन्तिम आवस्थामा छौं यो अपूरो कानुन बन्नुभन्दा कानुन नबन्नु नै राम्रो भन्ने भनाइ पनि छ । त्यसकारणले हामी यो हतार पतार गरेर यो समेट्न सक्ने कुराहरूसम्म समेटेर ल्याउन फेरि सरकार र कानुनमन्त्रीले सोच्नुहुने छ भन्ने भनाइ राख्दै आफ्नो भनाइ टुङ्ग्याउँछु । हस् धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय अनिता देवकोटा । समय ३ मिनेट ।

**मानननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, "यौन हिंसाविरुद्धमा केही ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९" को सन्दर्भमा हामी दफावार छलफलमा उभिएका छौँ । अहिले कस्तो भयो भने एउटा गीत छ नि "मुटुमाथि ढङ्गा राखी हाँस्नु पर्या छ" भन्या झै मुटुमाथि ढङ्गा राखी बोल्नु पर्या छ भने त्यो गीतलाई म सम्झन चाहन्छु । हामी यही राष्ट्रिय सभामा अत्यन्त गम्भीरताका साथ छलफलमा जुटेयौं र सङ्कल्प प्रस्ताव पास सर्वसम्मत रूपमा हामीले गयौं हाम्रो समाज कस्तो बनाउने ? हाम्रो समाजलाई कतातिर लाने भन्ने कुरामा निर्दिष्ट गर्न कानुन आवश्यक हुन्छ त्यसैले कानुन पर्याप्त छन् कि छैनन् ? कानुन पर्याप्त नभयो भने साच्चै हामीले बनाउने काननुहरू समाजलाई सही दिशामा निर्दिष्ट गर्ने कानुन निर्माण गर्नुपर्छ भन्ने धारणाका साथ सङ्कल्प प्रस्तावमा हामीले नाबालक बालबालिकाको हकमा बलात्कारसम्बन्धी उजुरीको म्याद, हदम्याद नलाने भनेर हामीले त्यो सङ्कल्प प्रस्तावमा पेस गरेका थियौं त्यसैले अहिले त्यो सङ्कल्प प्रस्तावको भावनाअनुसार सभाको राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यूले पनि निर्देशन जारी गर्नुभएको छ र सबै पार्टीका सर्वसम्मत रूपमा त्यो प्रस्ताव पास भएको छ । त्यसैले कानुन मन्त्रीज्यू यहाँ हुनुहुन्छ हामीले बनाउने कानुन समाजको ऐनालाई हेरेर हामीले बनाउने हो । अहिले पनि नाबालक बालबालिकाहरू हिंसा पीडित छन् । र उजुरी गर्न जान नसकिरहेको अवस्था छ । त्यसैले एउटा बलात्कृत भएको महिला ऊ शारीरिक र मानसिक रूपमा ऊ अशक्त हुन सक्छ । त्यसैले यसबारेमा गम्भीर रूपमा सोच्न जरुरी छ त्यसैले हामीले बनाउने कानुनहरूमा अब बलात्कारसम्बन्धीलाई पनि विस्कृत परिभाषा गर्न जरुरी भइसकेको छ । म कानुनमन्त्रीज्यूलाई आग्रह गर्न चाहन्छु र बालबालिकाको हकमा अझ पनि केही बग्रेको छैन । हामी सम्मानित सभामा छलफलमा छौं दफावार छलफलमा छौं केही सर्वसम्मत रूपमा आएका कुराहरूलाई कानुनमन्त्रीज्यूले सरकारले स्वीकार गरेर यो हदम्याद लाग्ने कुरालाई अब बलात्कारसम्बन्धी जुन बालबालिकाको हकमा हदम्याद नलाग्ने कुराहरूलाई स्वीकार गरिदिन म सम्मानित सभाका माध्यमबाट आग्रह गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय गोपाल भट्टराई । समय ३ मिनेट ।

**<u>माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**ः- हामी, यो खास गरेर यौन हिंसासम्बन्धी विधेयकको दफावार छलफलमा छौं यो आज दफावार छलफलभन्दा पनि सैद्धान्तिक छलफलभित्रै दफावार छलफल हामीले चलाइराखेका छौं हामीले हिजो आबेगमा उत्तेजनामा आएर यो सङ्कल्प प्रस्ताव पारित गरेका होइनौं । विभिन्न कोणबाट छलफल गरेर त्यसलाई यो हिसाबले नै अगाडि लैजानुपर्छ भन्ने कुरामा हामी सबै सहमत भएर सत्तापक्ष प्रतिपक्षका सबै सांसदहरूले गरेको यो निर्णय खास गरेर पूरै हलले गरेको निर्णयमा सरकार किन पछाडि हट्यो ? अहिले हामीले बढी ध्यान दिनुपर्ने कुरा यो हो । अब हामी त्यो सङ्कल्प प्रस्ताव बेठिक थियो भन्न पर्ने अवस्थामा आइपुग्यौं यदि यो यही रूपमा पारित गर्यौं भने हामीले हिजो गरेको सङ्कल्प प्रस्ताव बेठिक थियो भन्नुपर्छ । यदि होइन भने के बिग्रिहाल्या छ । यो एउटा कुरा थापेर यो विधेयकलाई परिपूरण गर्न सकिन्छ । अर्को कुरा यो विधेयक हतार हतार ल्याउने र टिपलटापल पारेर पारित गराउने जुन प्रवृत्ति छ यो प्रवृत्तिको अन्त्य हुनुपर्छ त्यसो भएन भने भोलि अरू विधेयकहरू पनि यही रूपमा जान्छन् । छलफल हुँदैन र जसरी सरकारले ल्याउँछ त्यही रूपमा पारित हुने परम्परा विकास हुन्छ । त्यो हुनुहुँदैन । यत्रो समय थियो योभन्दा एकहप्ता पहिले प्रस्तुत गरिएको भए के हुन्थ्यो ? यो धेरै छलफल हुनसक्थ्यो यी कुराहरू चाहिँ भएनन् त्यसतर्फ हाम्रो सङ्कल्प प्रस्ताव के हुन्छ ? यो मैले प्रश्न गरें । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय भगवाती न्यौपाने । समय ३ मिनेट ।

**<u>माननीय श्री भगवाती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्षज्यू, वास्तवमा यो विषयमा पटक पटक सरकारसँग अनुरोध गरिराख्न पर्दा अनुनय विनय गरिराख्न पर्दा मलाई चाहिँ पीडा महशुस भएको छ । एउटै विषयमा हदम्याद नराख्ने भन्ने विषयमा हामीले धेरैपटकसम्म अनुरोध अनुनय विनय गरौं यही सम्मानित सदनमा छलफल गर्यौं सङ्कल्प प्रस्ताव पारित गर्यौं धेरै संवेदनशील ढङ्गले माननीयज्यूहरूले आफ्नो राय व्यक्त गर्नुभो' र सिङ्गो राष्ट्रिय सभाले सङ्कल्प प्रस्तावलाई पारित गर्यो तर माननीय मन्त्रीज्यू वाहाँले देखिराख्नुभएको छ । माननीय मन्त्रीज्यू वाहाँले देखिराख्नुभएको छ । तपाईंले देखिराख्नुभएको छ । दिनदिनैका घटनाहरू देखिराख्नुभएको सुनिराख्नुभएको छ । तपाई विद्वान हुनुहुन्छ । पढ्नुभएको छ । तर आज यो विषयमा किन

संवेदनशील छैन सरकार ? के पितृसत्तात्मक सोचले किन यति धेरै ग्रसित छ सरकार त्यसैले म भन्न चाहन्छु यो राष्ट्रिय सभाको अस्तित्वलाई समेत यो राष्ट्रिय सभाको चाहिँ एउटा गरिमालाई समेत घटाउने गरी आज जुन सङ्कल्प प्रस्ताव पारित गरियो हामीले विश्वास गरेका थियौं । यो हट्छ भनेर तर यो हदम्याद हट्छ भनेर बालबालिकाको हकमा हामीले यसको चाहिँ एउटा संवेदनशीलतालाई हेक्का गरेर सङ्कल्प प्रस्ताव पारित गरेका थियौं तर आज किन यो विषय चाहिँ बालिक भएको तीन वर्षसम्म मात्रै तीन वर्षसम्म भनेर चाहिँ यो हदम्याद राखिएको छ । म प्रश्न गर्न चाहन्छु सङ्कल्प प्रस्तावलाई यो गरिमामय सदनमा पास गरेको सङ्कल्प प्रस्तावलाई किन ख्याल ख्याल ढङ्गले हेरिएको छ ? म प्रश्न गर्न चाहन्छु म फेरि पनि जोडदार ढङ्गले भन्न चाहन्छु । हदम्याद हटाइयोस् । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय जयन्ती देवी राई । समय ३ मिनेट ।

**माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, यो अत्यन्तै गम्भीर र संवेदनशील विषयमा हामी पटक पटक यहाँ बोलिरहँदाखेरि हामीलाई आफैमाथि एकदमै हिंसा भइरहेको छ भन्ने हामीलाई महशुस लागिराख्या छ यो आवाज उठाउन पनि अब त किन उठाऊँ जस्तो पनि लागिराख्या छ हइ त्यसकारणले सबभन्दा के हो भने जुन यो राष्ट्रिय सभा राष्ट्रिय सभामाथि नै एउटा कोइसन उठिरहेको छ राष्ट्रिय सभाको एउटा गरिमामाथि नै अझ संविधानमाथि नै धावा बोलिँदै छ । कि हिजो बनेको कानुनहरूको परम्परा र संविधानले दिएको जुन हाम्रो कानुनहरू यसरी नै बन्या थियो । मलाई थाहा छ कि २०६३ जेठ १६ मा पनि हामीले सङ्कल्पकै प्रस्ताव त्यहाँ दर्ज गरेका थियौं जहाँ आमाको नामबाट नागरिकता प्राप्त गर्नेदेखि लिएर पैतृक सम्पत्तिमा सम्मान अधिकार सम्पूर्ण विभेदहरूको अन्त्य गर्ने कुराहरू त्यतिबेला हामीले सङ्कल्प नै पास गरेका थियौं संसदबाट त्यो कानुनै भएर आयो र हामीले पनि यो परिकल्पना गर्या थिएन कि यो यसरी तुहिन्छ र यसरी हाम्रो चाहिँ गरिमा राष्ट्रिय सभाको गरिमामाथि नै कोइसन उठ्छ भन्ने कुरा चाहिँ हामीले सोचेका थिएन । यो कुरालाई अध्यक्ष महोदय, गम्भीरतासाथ लिन पर्ने स्थिति आ'को छ । आज दिनैभरि सबै माननीयज्यूहरूले आज राष्ट्रिय सभाको एउटा गरिमाको सन्दर्भमा हामीले उठाएका छौं । यो कुरामा हामीले अलिकति गम्भीर लिने कि नलिने भन्ने कुरा

हो र म माननीय मन्त्रीज्यूलाई भन्न चाहन्छु कि यो आकांक्षा यो भावना आज मेरो होइन एक जना व्यक्तिको होइन सिङ्गो राष्ट्रिय सभाको भावना थियो र यो भावना भनेको आज सिङ्गो समाजको भावना हो । र यो अत्यन्तै जघन्य अपराध यो सामाजिक अपराध र हामीले एउटा हिंसारहित समाज निर्माण गर्ने परिकल्पना गरेका थियौं यसमा कसैको पनि यो ठुलो अपराध हामीले कसैले गरेकै छैनौं यो कुरामा पनि हामी आज गम्भीर बन्दैनौं भने हामी कसरी आज चाहिँ भनिरहेका छौं कि हामी चाहिँ विभेदमुक्त समाज निर्माण गर्छौं । हिंसामुक्त समाज निर्माण गर्छौं र यहाँ सबै नेपाली जनताहरूको हक अधिकार चाहिँ स्थापित गरेर छाड्छौं भन्ने कुराहरू हामी किन गर्छौं ।

आज एउटा महिलाहरूमाथि एकदमै जघन्य अपराध त्यो अवोध बालिकामाथि आज न्याय दिन सक्दैनौं भने आज वृद्धहरू आज चाहिँ अपाङ्गहरू अशक्तहरूमाथि चाहिँ बलात्कृत दिन रात भइरहेको छ । उनीहरूलाई न्याय दिन सक्दैन भने हामी कसलाई न्याय दिने कुरा गर्छौं त्यसकारणले म जोडदारका साथ फेरि पनि आफ्नो कुरा राख्न चाहन्छु बालबालिकाको हकमा हामीले यो एउटा जुन नाबालिक नाबालकको हकमा सङ्कल्पको प्रस्तावमाथि फेरि पनि पुनः विचार गरियोस् यो तुहिनु हुँदैन र यो कानुन बनेर आउनुपर्छ र यसैका साथसाथै हामीले त्यति बेला नाबालिकको हकमा सङ्कल्पको प्रस्ताव पारित गरे तापनि सुस्त मनस्थिति वृद्ध अपाङ्गहरूको हकमा पनि हामीले चाहिँ हदम्याद तोकिनु हुँदैन जो तीन वर्ष अहिले बढेर आएछ एक वर्षमा तीन वर्ष चाहिँ साबालिकको हकमा हामीले त्यसलाई चाहिँ लैजानुपर्छ .....(समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय दिल कुमारी रावल थापा (पार्वती) । समय ३ मिनेट ।

**माननीय श्री दिल कुमारी रावल थापा (पार्वती) (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, यौन हिंसा सहन पनि गाह्रो कहन पनि गाह्रो यो संवेदनशील विषय हो भनेर हामी सबैले आत्मसाथ गरिरहेका छौं महशुस पनि गरिरहेका छौं । तर आज यौन हिंसा छोरीको मात्रै सवाल आमाको मात्रै सवाल बनिरहेको छ । आमाबिनाको समाज परिवार हामीले परिकल्पना गर्न सक्छौं महिलावाद लैङ्गिक विभेदरहित सामाजिक न्यायमा आधारित समाज निर्माणको सिद्धान्त र पितृ सत्तात्मक विभेदको अन्त्यको विचार हो भन्ने मलाई लाग्छ । पितृ सत्ताको ठाउँमा हामीले मातृ सत्ता स्थापना गर्न खोजेको

होइन । समानतामा आधारित समाजको स्थापना महिलावादको लक्ष्य हो । लैङ्गिक विभेदको पहिचान र अन्त्य गर्दै नीति कानुन र व्यवहार परिवर्तन गर्नु महिलावादको उद्देश्य पनि हो । महिलावादले समाजमा हरेक नागरिकप्रति दृष्टिकोण समान दृष्टिकोण मानव मर्यादा सम्मान हुनुपर्छ भन्ने दृष्टिकोण राख्छ महिलावादले पितृसत्ता निर्माण गरेको विभेदपूर्ण संस्कार संस्कृति मूल्य मान्यता र व्यवहार अन्त्य गरी सम्मान संस्कार स्थापनाको अभियान पनि हो ।

सम्माननीय अध्यक्ष महोदय, आज हामीले यो महत्त्वपूर्ण विषयमा छलफल गरिरहँदा म यो राष्ट्रिय सभाको नियमावली एकचोटि पढ्न चाहन्छु स्वीकृत सङ्कल्प पठाइने हामीले सङ्कल्प प्रस्तावको निर्णय गरिसकेपछि सचिवले बैठकद्वारा स्वीकृत गरिएको प्रत्येक सङ्कल्पको एक एक प्रति मन्त्री परिषद्लाई सम्बन्धित मन्त्रीलाई पठाइने छ सम्बन्धित मन्त्रीले स्वीकृत सङ्कल्प कार्यान्वयन गरी सोको जानकारी सचिवालयमा पठाउनुपर्ने छ तर कुनै मनासिब कारण परी सङ्कल्प कार्यान्वयन हुन नसकेमा त्यस्तो कारणसहितको जानकारी सभालाई गर्नुपर्ने गराउनुपर्ने छ भनेर यो हाम्रो यो राष्ट्रिय सभाको नियमावलीले व्यवस्था गरेको छ । म सम्माननीय अध्यक्षज्यूमार्फत सरकारलाई प्रश्न गर्न चाहन्छु । आज राष्ट्रिय सभाबाट पारित भएको सङ्कल्प प्रस्ताव जो कुनै एउटा दलको थिएन कुनै वर्गको थिएन कुनै समुदायको थिएन । सिङ्गो राष्ट्रिय सभाको एउटा सझा सम्पत्ति थियो त्यो सङ्कल्प प्रस्ताव कार्यान्वयन गर्न सरकारलाई के त्यस्तो अप्ठ्यारो पर्यो के सरकारले यसबारेमा जवाफ दिन सक्छ म जवाफको पनि माग गर्न चाहन्छु र आज हामी राष्ट्रिय सभाको आवश्यकता र औचित्यमाथि आज सुरु विशेष समयबाट हामी छलफलमा जुटिरहेका छौं आज प्रतिनिधि सभाबाट पठाएको विधेयक जस्ताको तस्तै पारित गर्ने राष्ट्रिय सभा हो भने राष्ट्रिय सभाको महत्त्व र औचित्यतामाथि पनि प्रश्न चिह्न उठेको छ । त्यसैले म सम्माननीय अध्यक्षज्यूमार्फत आज हामीले प्रधानमन्त्रीको सार्वजनिक वक्तव्य पनि सुनेका थियौं नाबालिकाको हकमा र विशेष अपाङ्गता भएका ज्येष्ठ महिलाको हकमा यो हट्छ भन्ने कुरा थियो र हामीले सङ्कल्प प्रस्ताव छलफल गरिरहँदा माननीय कानुन मन्त्रीज्यूले पनि एउटा प्रतिबद्धता जनाउनुभा'को थियो आज यो सङ्कल्प प्रस्तावको औचित्यता सकिएको के राष्ट्रिय सभाको महत्त्व गरिमा के हो त्यसैले यो म सम्माननीय अध्यक्षज्यूमार्फत सिङ्गो सभाको पनि ध्यानाकर्षण गराउन चाहन्छु सरकारको पनि ध्यानाकर्षण गराउन चाहन्छु सङ्कल्प प्रस्तावको मर्म र राष्ट्रिय सभामा पारित भएको यो सङ्कल्प प्रस्ताव औचित्यता छ कि छैन ? म यो कुरा सोध्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय विमला घिमिरे । समय ३ मिनेट ।

**माननीय श्री विमला घिमिरे (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्षज्यू, हामीले "यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९" को सन्दर्भमा छलफल गरिरहँदा हामीले खास गरी राष्ट्रिय सभाबाट सङ्कल्प प्रस्ताव पास गर्दै कानुन निर्माणमा पहलकदमी लियौं र यो कानुन बनेर आउँछ भन्ने नै हामीलाई व्यवस्था भएरै आउँछ भन्ने कुरामा हामीलाई विश्वास थियो । किनकि प्रधानमन्त्री र कानुनमन्त्रीका कुराहरू पनि हामीले त्यतिबेला सुनेका थियौं र सिङ्गो राष्ट्रिय सभा यो कुनै दल विशेषको कुरा थिएन सर्वसम्मत पारित गरेका थियौं भने हामीले हिजोमात्रै यसको..... अस्तिमात्रै यसको सैद्धान्तिक छलफल गरिरहँदा माननीय मन्त्रीज्यूले राख्नुभ'को एउटा कुरा वाहाँ यो कानुन बनाइरहँदा यो अध्यादेशमार्फत आएको हुनाले र हामीले यसलाई प्रतिस्थापन गर्न पर्निभ'को हुनाले समय कम छ र हामीले खास गरी यो हदम्यादको विषयमा अझै छलफल अध्ययन अनुसन्धान गर्दै छौं भन्ने कुराले वाहाँले ल्याउनुभो' तर यसैमा वाहाँको कुरा के बाझ्यो भने यो म्याद बढाउने कुरा चाहिँ कसरी आयो त यदि अध्ययन अनुसन्धान हुँदै छ भने पुरानै हिसाबले आउनुपऱ्थ्यो र यो छिट्टै आउँछ भन्ने कुरा वाहाँ प्रतिबद्धता व्यक्त गर्नुपऱ्थ्यो अलिकति समय बढाउनका लागि तुरुन्तै हुने र अलि धेरै यो हदम्याद नै हटाउनका लागि समय छलफल गर्न पर्ने भन्ने विषय यो आफैमा विरोधाभाष कुरा भयो र अर्को कुरो हामीले सरकारले जनु ल्याउनुपर्ने कानुन हो । त्यसलाई समयमै ध्यान दिइएन यो हामीले देखेका छौं । कानुनलाई हामीले विधेयकलाई हतार हतार पास गर्ने प्रयास पनि यो कार्यपालिकाले यो व्यवस्थपिकामाथि लादेको छ । यो कुरा पनि हामीले बुझेका छौं यो बलात्कारजस्तो जघन्य अपराधमा यसलाई हामीले खालि यो कारबाहीको कुरालाई मात्रै हेर्यौंजस्तो लाग्छ मलाई यो कसलाई अप्ठ्यारो पर्छ भनेर यसरी डराइयो यसलाई कारबाहीको विषयमात्रै होइन हामीले त्यतिबेला यो यसमा छलफल गरिरहँदा के पनि भनेका थियौं भने मैले आफैले पनि भनेको र अरू माननीयज्यूहरूले पनि भन्नुभ'को थियो यो कारबाहीको लागि मात्रै होइन यो अपराधलाई न्यूनीकारण गर्नका निम्ति निररुत्साहित गर्नका निम्ति पनि यो हदम्याद हटाउँदैखेरि त्यसले पोजेटिभ सन्देश दिन्छ । त्यसलाई कम गर्न कुरामा सहयोगी बन्न सक्छ भन्ने कुरा हामीले भनेका थियौं तर त्यो कुरा देखिएन त्यसैले बालिका, अपाङ्ग, ज्येष्ठ नागरिकको हकमा हदम्याद हटाउनुपर्छ भन्ने कुरा अहिले पनि

हामीले त्यसमा प्रतिबद्धता छौं र यो राष्ट्रिय सभाको गरिमामा चाहिँ हट्न दिनुहुँदैन भन्ने कुरा फेरि पनि म मन्त्री कानुनमन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय भैरव सुन्दर श्रेष्ठ । समय ३ मिनेट ।

**<u>माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्षज्यू, हामी आज अत्यन्तै महत्त्वपूर्ण विषयमा एउटा विधेयकको दफावार छलफलमा भाग लिइरहेका चाहिँ छौं । प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्न विधेयक, २०७९" यहाँ आएको छ । यो विषयमाथि मैले आफ्नो विषय राख्नुभन्दा पहिले समय छोटो चाहिँ भयो समय तीन मिनेटमा कति कुरा राख्न सकिएला । फेरि पनि राष्ट्रिय सभाको नियमावलीमा प्रष्ट व्यवस्था चाहिँ छ । सङ्कल्प प्रस्ताव हामी सबैले एउटा कुनै दल विशेष व्यक्ति विशेषको ऊ थिएन । हामी राष्ट्रिय सबै सांसदहरूको सामूहिक प्रयासले यसका पक्ष विपक्ष राम्रा नराम्रा जम्मै कुराहरूलाई ख्याल गरेर हामीले सङ्कल्प प्रस्ताव पास गरेका थियौं । सङ्कल्प प्रस्ताव पास गर्ने क्रमसँगै माननीय कानुनी तथा न्याय मन्त्रीज्यू पनि यहीँ आएकोबेला चाहिँ भन्नुभ'को थियो र कि यो चाहिने जुन यो अब यो सजायको जुन एकातिर छँदै चाहिँ छ । हदम्यादका सन्दर्भमा मैले विज्ञहरूलाई सोध्छु र सल्लाह गरिरहेको चाहिँ छु । यहाँहरूले जसरी सङ्कल्प प्रस्ताव चाहिँ पास गर्नुभो' त्यसको चाहिने स्प्रिडलाई समातेर विज्ञहरूबाट राखेर विज्ञहरूबाट राय आइसकेपछि यो ठिकै पनि हो भन्ने खालको कुरा चाहिँ राख्नु चाहिँ भ'को चाहिँ थियो । आज चाहिँ के हो भने हामी राष्ट्रिय सभाले पटक पटक विभिन्न विषयमा सङ्कल्प प्रस्ताव पास चाहिँ गर्ने तर सङ्कल्प प्रस्तावको बारेमाथि न सरकारले त्यसको जवाफ चाहिँ दिने न सङ्कल्प प्रस्ताव यसकारणले ठिक छैन भन्ने कुरो नलेखेर चाहिँ अध्याक्षज्यूमार्फत हामीले सुन्न पाउने त्यस्तो कहीं देखिएन र अहिले के लागिरहेको छ भन्दाखेरि राष्ट्रिय सभा एउटा चाहिँ संवैधानिक व्यवस्था भए पनि संसद भन्नेबितिकै दुई सदनात्मक प्रणालीमा हामी चाहिँ छौं । तर चाहिँ के भने कार्यपालिकाको डाइरेक्ट एउटा हस्तक्षप भन्न त हामी यहाँ फास्ट ट्र्याकमार्फत चाहिने आज अध्यादेशको म्याद सकिने भोलिदेखि कानुनको भ्याकुम चाहिँ हुने यो समस्याले गर्दाखेरि फास्ट ट्र्याकमार्फत आज हामीले दफावार छलफल संशोधनसम्म यसकारणले पनि हामीले चाहि हालेनौं हामी चाहिँ व्यवस्थपिका तर्फबाट राज्यलाई यति सहयोग चाहिँ गर्ने तर कार्यपालिकाले चाहिने सङ्कल्प

प्रस्तावलाई चाहिँ ध्यानै नदिएर आफ्नो कुराहरू एकतर्फी रूपमा राख्ने र ती कुरालाई सम्बोधन नगर्ने कुराले हाम्रो चाहिँ अलिकति हाम्रो चाहिँ यसमा हाम्रो अधिकारमाथि राष्ट्रिय सभाको गरिमामाथि प्रश्न चिह्न खडा भ'को छ । यसलाई कसरी सम्बोधन गर्ने भन्नेप्रति म राख्न चाहन्छु र नाबालकको हकमा अगि माननीयज्यूहरूले चाहिँ संशोधनकर्ता माननीयज्यूलगायत सबै माननीयज्यूले भन्नुभ'को छ । त्यसमा मेरो सत percent चाहिने म र हाम्रो दलको तर्फबाट समर्थन चाहिने छ र योसँगै चाहिँ अर्को म सम्माननीय अध्यक्षज्यू, अलिकति चाहिने यो क्षतिपूर्तिको विषयमाथि पनि यहाँ चाहिँ लेखिएको छ क्षतिपूर्ति के हो भने सम्बन्धित पीडकबाट चाहिने दिलाउने भन्ने कुराहरू त्यो चाहिँ गर्नुहुँदैन । पीडितले के हो भने राज्यबाट डाइरेक्ट चाहिँ पाउने व्यवस्था चाहिँ भइदियो सबभन्दा राम्रो चाहिँ हुन्छ । त्योभन्दा अर्को चाहिँ गरियो भने राम्रो चाहिँ हुँदैन भन्ने कुरा राख्न चाहन्छु । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय खिमलाल देवकोटा । समय ३ मिनेट ।

<u>**माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**</u>:- सम्माननीय अध्यक्ष महोदय, बाल यौन हिंसाको कसुरमा सजायलाई उजुरी दिने हदम्यादसम्बन्धी व्यवस्थापन रूपमा हटाउने जुन हामीले सङ्कल्प प्रस्ताव यहाँ जुन पेस गरेका थियौं । त्यसको समर्थकको नाताले जुन यो सरकारले यसलाई डस्टबिनमा फाल्ने काम गर्यो यसमा मलाई आत्मगलानी भा' छ र सरकारप्रति म पुनः खेद व्यक्त गर्दछु र राज्य चाहिँ एउटा बेखबर छ । सरकार कहाँ छ भन्ने कुराहरू मैले अस्तिको अस्ति संसदमा पनि बोलेको थिएँ । एउटा दृष्टान्त राज्य बेखबर भएको एउटा दृष्टान्त पस्किन चाहन्छु हामीले यहि संसदबाट संघीयता कानुन सङ्कल्प प्रस्ताव पास गरेका थियौं संसदको सचिवालयले सरोकार मन्त्रालयका सचिवहरूलाई मन्त्रालयलाई चिठ्ठी पठाएको थियो तर हामीले बोलाएर छलफल गर्दाखेरि चाहिँ कुनै पनि मन्त्रालयका सचिवले हामीलाई थाहा छैन भन्नुभो' भनेपछि यहाँ सम्माननीय अध्यक्ष महोदयले सरकारलाई कानुन र निर्देशन दिने अनि सचिवालयले पनि चिठ्ठी पठाउने निर्देशन पनि थाहा छैन सचिवालयको त्यो चिठ्ठी पनि थाहा छैन भनेपछि यो राज्य कहाँ छ भने कुराहरू चाहिँ यो महत्त्वपूर्ण हो र यो राज्यले यो सरकार विशेष गरी यहाँ कानुन मन्त्री पनि हुनुहुन्छ । विशेष गरी कानुन तथा संसदीय व्यवस्था मन्त्रालय यो मन्त्रालयको काम चाहिँ के हो ? मलाई यहाँ उत्तर पनि चाहियो विशेष गरी यो

मन्त्रालय विशेष गरी संसदीय मामिला मन्त्रालय पनि भ'कोले संसदमा बसेर संसदका गतिविधिहरूमा सरकार र सम्बन्धित मन्त्रालयहरूलाई रिपोर्टिङ गर्नुपर्छ कि पर्दैन ? त्यसकारण यो विषयमा पनि मन्त्रीको ध्यान जान जरुरी छ र मैले देखेको मैले बुझेको सम्माननीय अध्यक्ष महोदय, हामीले जबसम्म मन्त्रालय मन्त्रीको कोठा कोठामा हामी चार्दैनौं त्यसले गर्दा तबसम्म हाम्रो काम हुँदैन यो मुलुकमा यस्तै स्थिति छ । त्यसकारण यो विषय यो विषय एकदम गम्भीर हो यो मुलुकमा गणतन्त्र पनि यो मुलुकको संघीयता पनि सङ्कल्प प्रस्तावबाट आएको हो । त्यसकारण यसलाई अब अवमूल्यन गर्न पाइँदैन । मन्त्रीज्यूले आत्मआलोचना गरेर क्षमा याचना गरेर माफी मागेर के गर्नुपर्छ त्यो पनि गर्न जरुरी छ र यसलाई पछाडि कसरी सम्बोधन गर्न सकिन्छ । त्यो विषय पनि यहाँ बोल्न जरुरी छ । हस् त धन्यवाद । नमस्कार ।

**सम्माननीय अध्यक्षः**- माननीय देवेन्द्र दाहाल । समय ३ मिनेट ।

**माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, विषयहरू पर्याप्त उठिसकेका छन् । यो जुन कानुनको बारेमा हामी विधेयकको बारेमा हामी छलफल गरिरहेका छौं । यो ज्वलन्त सवाल तल तल जन जनमा उठेको सवाल हो र यो निकै नै संवेदनशील पनि विषय हो र यसमा कुरा आइसकेको छ । मलाई के लग्यो भने जस्तो यो सङ्कल्प प्रस्ताव पारित भइसकेपछि गर्नुपर्ने कार्यविधिको बारेमा गर्नुपर्ने कामको बारेमा यहा हाम्रो माननीयज्यूले यहाँ भनिसक्नुभएको छ । स्पष्ट सरकारले त्यो सङ्कल्प प्रस्तावमा भएको कुरालाई सम्बोधन गर्न गर्नुपर्छ भनेर त्यहाँ लेखिएको छ र त्यो संशोधन गर्न नसक्ने भएमा त्यसको कारणसहित त्यसको जानकारी गराउनुपर्ने छ भन्या छ त्यसले गर्दाखेरि यहाँ कोही नसुन्ने कसैले केही कुरा नहेर्ने कुनै कागज पत्रहरू नहेर्ने कामको कारणले गर्दाखेरि, व्यवहारको कारणले गर्दाखेरि यस्तो भइरहेको छ । किनभने हामीले यो सदनमा सर्वसम्मतिले हामीले सङ्कल्प प्रस्ताव पारित गयौं र हामीले हिजो के पारित गयौं र आज के विधेयक आयो यो त छर्लङ्गै छ । हामीले एउटा पारित गयौं विधेयकमा त्यो आएन र कतिपय कुरा सामान्य हेरफेर भएको छ तर आएन र एकदमै ज्वलन्त रूपमा उठेको यो हदम्यादको कुरा थियो । त्यो हदम्यादको बारेमा अलिकति बृहत् छलफल गरिनुपर्थ्यो र बृहत् छलफल नगरीकन यो

विषय आएको छ । त्यसकारण यो विषयलाई सम्बोधन कुनै पनि हिसाबले गरिनुपर्छ । हस् त, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय उर्मिला अर्याल । समय ३ मिनेट ।

**<u>माननीय श्री उर्मिला अर्याल (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**ः- यो सङ्कल्प प्रस्तावमा हामी सबै हस्ताक्षरकर्तामात्रै होइन साच्चै समाज हाम्रो सामाजिक संरचना समाजलाई केलाएर हेर्ने हो भने नेपालका तमाम महिलाहरूलाई घर घरमा गएर भेट्नुभो' भने थुप्रै थुप्रै यस्ता पीडा र बेथा कथाहरू छन् । मैले यो बोल्दिनँ भन्या दिएँ मैले सम्झें एक जना एउटा परिवारले मलाई आएर मेरो घरका छोरीबेटीहरू सुरक्षित रहेनन् यहाँ हुने सामान्ति परिवारहरू ठुलाबडाले आएर कहिले कुन छोरी कहिले कुन छोरी हात हालेर जान्छन् । हामी बोल्यौं भने मार्छन् भन्छन् । त्यस्ता डरले कतिपय बालिक महिलाहरूले उजुरी गर्न सकेका छैनन् । हामी घर घर गाउँ गाउँमा गएर एउटा एउटा घर भेट्ने भने थुप्रै यस्ता घटनाहरू भेटिन्छन् र ती बलात्कारको पीडाले मानसिक पीडाले र उनीहरू जीन्दगीभरि एउटा एकदम पीडित र कुन मानसिक संरचनामा उनीहरू बसेका होलान् वास्तवमा बालबालिको मात्र होइन सबै महिलाहरू यस्तै पीडामा उनीहरू बसिराख्छन् त्यस्ता त्रासहरूले बञ्चित भएर बस्नुपर्ने अवस्था छ भने हामीले खोजेर न्याय दिनुपर्ने हुन्छ अझै यहाँ भएकोले पनि घटाउने चाहिँ एकदमै गलत काम भएको छ र साँच्चिकै । बलात्कारको केसमा चाहे त्यो बालिक होस् जे होस् विभिन्न परिस्थितिले उनीहरूले त्रासको कारणले कसलाई हत्या गरिदिन्छु भनेर अत्याएको कारणले नदिरहेको हुन्छ । म आफैले एउटा परिवारबाट त्यस्ता दुई बहिनीहरूलाई त्यही गाउँ समाजमा कोही डरले नबोल्ने उसको दबदबाले लगेर न्याय दिलाएको घटना छ मसँगै यहा भनेपछि अरू सामान्य यस्तो बालबालिकाको विषयमा घटनाको त कुरै भएन अपाङ्गता यो भएको चिजमा जुन हदम्यादको कुरो छ ।

वास्तवमा बलात्कारको विषयमा हदम्याद भन्ने चिज राखै हुँदैन भन्ने मान्यता हो र यसमा हामीले सर्वसम्मत तरिकाले यहाँ पठायौं राष्ट्रिय सभा झारो टार्ने ठाउँ हो कि क्या हो ? प्रतिनिधि सभाका माननीय सदस्यहरूलाई पनि मैले भेटेर कुरा गरेको थिएँ यो विषयमा तपाईहरू अलिकति कडा रूपले आउनुहोला हामी सकेनौं महिलाहरूलाई चाहिँ अलिकति समस्यै छ हामीलाई भन्ने खालको गुनासो त्यहाँबाट पनि आएको थियो र आज

मलाई कलिकति दुःख पनि लागेको छ मन्त्रीज्यू अलि संवेदनशील सबै वाहाँ बुझ्नु पनि भ'को बेला बेला वाहाँको प्रस्तुतले चाहिँ अलिकति एकदम वाहाँले अरूलाई पनि जिम्मेवार भएर प्रस्तुत हौँ भन्ने जुन किसिमले सम्बोधन गर्नुहुन्छ । यस्तो होला भन्ने सोचेको थिइनँ । मन्त्रीले चाहयो भने कानुनलाई आफ्नो तरिकाले ल्याउन सक्छ म पनि मन्त्री भएर भोगेको छु । मैले गरेको छु । त्यो अनुभवले यसलाई चाहिँ हामीले अब माफी गर्न मिल्छजस्तो लाग्दैन । यसलाई सच्याएर ल्याउनुपर्छ ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९" माथिको दफावार छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री गोविन्द प्रसाद शर्मा (कोइराला) लाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**<u>माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, यो यौन हिंसाका सन्दर्भमा जारी गरिएको अध्यादेश र त्यो अध्यादेश पटक पटक जारी गरियो पछिल्लो समयमा जारी भएको अध्यादेश संविधानअनुसार हाउसमा पेस गर्नुपर्ने व्यवस्था हो जसअनुसार त्यो अध्यादेश हाउसमा पेस भयो प्रतिस्थापन विधेयकको माध्यमबाट त्यो पेस भयो । प्रतिस्थापन विधेयक पनि ल्याइयो पहिला अध्यादेश पेस भएर प्रतिस्थापन विधेयक पनि ल्याइयो राष्ट्रिय सभाबाट सङ्कल्प प्रस्ताव पारित भयो । प्रतिस्थापन विधेयकउपर संशोधन प्रस्तावहरू परे संशोधन प्रस्ताव प्रतिनिधि सभाको कानुन, न्याय तथा मानव अधिकार समितिमा गयो । कानुन, न्याय तथा मानव अधिकार समितिले त्यसलाई हदम्याद एक वर्ष एडल्टको हकमा बालबालिकाको हकमा तीन वर्ष पुर्याउने र यता वृद्ध, अपाङ्गलगायतको हकमा थप तीन वर्ष पुर्याउने गरेर टुङ्ग्याएर प्रतिनिधि सभामा पठायो । त्यो प्रतिनिधि सभाले त्यसलाई पारित गर्यो त्यसको सन्देशसहित यहाँ आइपुग्या छ ।

प्रक्रिया मैले निवेदन गरेँ सम्माननीय अध्यक्षज्यूमार्फत त्यो प्रक्रियाको बारेमा मभन्दा बढी अलि बोल्ने माननीयज्यूहरू आफै बढी बाफिक हुनुहुन्छ भन्ने मलाई थाहा छ । यति पनि निवेदन गर्न चाहेँ प्रतिस्थापन नआउँदा सभाको गरिमामा प्रश्न उठ्या छ भन्ने

कुरा उठ्यो बाध्य गर्ने गरी सरकारले कानुन ल्यायो चल बनाउने ठाउँ नदिएर पास गर्न आज बाध्य बनायो भन्ने कुरा उठ्या छ । बोल्नु मन लाग्या छैन । आफैले पास गरेको सङ्कल्प प्रस्ताव सरकारले त्यसको अपमान गर्यो त्यसैले बोल्नै मन छैन भन्ने कुरा उठ्यो के पर्यो सरकारलाई अप्ठ्यारो ? यसको कार्यान्वयनमा कारण चाहियो भन्ने प्रश्न उठ्यो मुटुमाथि ढुङ्गा राखी हास्नुपर्ने अवस्था बनायो त्यसैले सरकारले त्यसलाई स्वीकारदिएर यसलाई सहज बनाइदिनुपर्यो भन्ने कुरा उठायो, सङ्कल्प प्रस्तावै तुहियो भन्ने कुरा आयो राष्ट्रिय सभाको नियमावलीले राष्ट्रिय सभाद्वारा पारित सङ्कल्प प्रस्तावको लिगल इफेक्ट र गभमेन्टको अब्लिगेसन फुलफिल नभएको consequence को हुनुपर्छ भन्ने उठ्यो र मन्त्रीले आत्मालेचना गर्नुपर्ने माफी माग्नुपर्ने क्षमा माग्नुपर्ने प्रश्नहरू उठे यदि समय लाग्थ्यो अध्ययन गराउने हो भन्ने बढाएर किन ल्याइयो थोरै बरु नल्याएको भए हुन्थ्यो भन्ने प्रश्नलगायत फलामको ढोका लगाएपछि कसरी जस्टिस हुन सक्छ । बहुत गम्भीर मार्मिक संवेदनशील कुराहरू छन् ।

प्रस्तुतिमा फरक पर्न सक्ला कन्टेन्ट सबैको एउटै हो । त्यो के हो भने हदम्यादको कारणबाट यदि कसैलाई न्याय इन्कार गरिन्छ भने त्यो राज्य संविधानले परिकल्पना गरेको राज्य हुन सक्दैन । सरकार यसमा प्रष्ट छ । प्रतिनिधि सभाले डेक्लेरेसन त्यो पनि युनानी मस्ट डेक्लेरेसन गर्या छ । त्यसमा कसैले प्रश्न उठाउनु पर्दैन नभएको दोष मन्त्रीमाथि दिँदा लिन मलाई अप्ठ्यारो छैन । तर त्यो दोष लिनुपर्ने र मन्त्रीले माफी माग्नुपर्ने परिस्थिति थियो कि थिएन ? वा मन्त्रीले नै यो नल्याएको भन्ने ढाङ्गबाट सम्माननीय अध्यक्षज्यूमार्फत मलाई प्राप्त भएको सन्देश मैले सम्माननीय अध्यक्षज्यूमार्फत नै माननीय सांसदज्यूहरू निवेदन गर्न खोजेको कुरा के हो भने law making process is a very complex process नेपालमा मात्रै होइन संसारभरि नै कानुन निर्माणको प्रक्रिया अत्यन्तै जटिल हुन्छ । कानुन निर्माण गर्नुभन्दा पहिला विभिन्न पक्षमा विचार गरिनुपर्छ । म आफै बोल्या छु । सम्माननीय प्रधानमन्त्री बोल्नुभा' छ । माननीय मन्त्रीज्यूहरू बोल्नुभा' छ । माननीय सांसदज्यूहरू विभिन्न फोरुममा बोल्नुभा' छ । कि हाम्रो कानुनले इन्साफ दिने कुरामा चाहिँ बाधा पुर्‍याएको छ र यसलाई हामीले परिवर्तन गर्नुपर्छ तर त्यो परिवर्तन एउटा कन्टेक्टमा आएको ऐनमा छिराउन खोजेर हुन सक्छ कि सक्दैन ?

सम्माननीय अध्यक्षज्यूमार्फत प्रश्न मैले बोल्न चाहेको कुरा बोल्ने र भन्ने र मैले चाहिँ गर्न खोज्या थिएँ हइ हुन सकेन भन्ने हो वा प्रश्न जुन law making प्रोसेसअन्तर्गत यो

चिज आयो हामीले पार्लियामेन्टमा दर्ता गरिसकेपछि प्रतिनिधि सभा नियमावली राष्ट्रिय सभा नियमावली र संविधान सबैले बाध्य के गर्छ भने । सरकारलाई पहिलो बैठक बस्दा नै अध्यादेश ल्याउन बाध्य गर्छ । जतिबेला यो प्रसङ्ग उठेको थिएन प्रतिस्थापन विधेयक क्याबिनेटबाट डिसिजन गर्ने समयमा यसको अलि अलि चर्चा चल्यो त्यसको डिसिजन भयो अनि त्यसपछि आएर प्रतिस्थापन विधेयक हामीले दर्ता गर्नुपर्‍थ्यो दर्ता गर्ने प्रोसेसमा गयो हदम्याद बढाउने कुरा सरकारको प्राथमिकता हुँदा हुँदै यही कानुनभित्र हदम्याद बढाउन सकिन्थ्यो कि सकिन्थिएन, सम्भाव थियो कि थिएन ? र त्यो सङ्कल्प प्रस्तावले सरकारलाई गरेको निर्देश यही कानुनअन्तर्गत तै ल्याउने कुरा थियो वा सरकारले ल्याउने कुरा हो भन्ने बारेमा पनि सम्माननीय अध्यक्षज्यूमार्फत म निवेदन गर्न चाहन्छु । त्यो सरकारलाई यस सम्मानित सभाले दिएको दायित्व र जिम्मेवारी हो । सरकारले त्यो दायित्व र जिम्मेवारी बहन गर्छ म अहिले पनि प्रतिबद्धता व्यक्त गर्न चाहन्छु । मैले यसको सैद्धान्तिक छलफलमा हुँदा वा प्रारम्भमा यसमा उठेका प्रश्नहरू सङ्कल्प प्रस्तावको बेलामा यसै सम्मानित सदनसमक्ष उपस्थित भएर सरकारको तर्फबाट निवेदन गरेको थिएँ । भोलिपल्ट नै सरकारले घटना घटेको भोलिपल्ट नै कानुन आयोगलाई यसको बारेमा अध्ययन गर्नको लागि पठायो । कानुन आयोगले एउटा ड्राफ्ट पनि बुझायो यसको हेर्नुपर्ने अरू एङ्गलहरू पनि देखाएर पठायो र त्यसको अरू एङ्गलहरूमा पनि कानुन आयोगले रिसर्च गर्दै छ ।

म एउटा सानो निवेदन गर्न चाहुँला यहीबेला पब्लिक काफी पब्लिक डिबेटबिना बनाइएको law को परिमाण के हँदो रहेछ हामीले सामाजिक सुधार गर्ने क्रममा धेरै law हरू बनायौं । जस्तो विवाहमा २५ जना भन्दाबढी जन्ती जान नपाइने कुरा हामीले कानुन राखेर ल्यायौं मैले आजसम्म २५ जना भन्दा तल भएको विवाह सायदै गाएको हुँला म । किनभन्दा त्यो पब्लिक डिस्कोर्षभन्दा बाहिरबाट law ल्याइयो law मेकिङ प्रोसेसमा एउटा चाहिँ तानाशाही शासन व्यवस्थाअन्तर्गतको law सभ्रिङ कमान्ड law चाहिँ एउटा के छ भने सभ्रिङको कमान्ड हो, आदेश हो भन्ने लोसनबाट गाइडेड भएर आउने law लाई चाहिँ सभ्रिङको कमान्डबाट इमिडेट्ली आउँछ । त्यो व्यवस्थालाई परिवर्तन गरेर संविधानअनुसार हामीले नयाँ लोकतान्त्रिक शासन व्यवस्थाको परिकल्पना गर्‍यो र law मेकिङ प्रोसेसको पनि निश्चित स्टेजेजहरू राखियो त्यसको स्टेकहोल्डरहरू छन् । स्टेकहोल्डरसँग काफी कन्सल्टेसन नगरेर सरकारले ल्याउन चाहेको चिजमा उनीहरूको पनि एक खालको कन्सेन्ट हिसाबले उनीहरूलाई ओरियन्टेसन र उनीहरूसँग बसेर

छलफल नगरीकन कहिले पनि राज्यले कानुन बनाउँदाखेरि आवेशमा आएर बनाउनु हुँदैन । उनीहरूसँग काफी डिस्कसन नगरीकन यदि ल्याउँदाखेरि त्यसले पार्ने प्रभावहरू र यो हतारमा आज जुन प्रेसरमा हामी छौं नि मैले सम्माननीय अध्यक्षज्यूमार्फत माननीयज्यूहरूलाई संशोधनबाट सरकारलाई प्रेस पऱ्यो भन्न खोज्या होइन, प्रेसर पर्यो भन्न खोज्या होइन वा सङ्कल्प प्रस्तावमार्फत प्रेसर पर्यो भन्न खोज्या होइन सङ्कल्प प्रस्तावले यसै अधिवेशनमा यही अहिले आएको विधेयनमा हालेर ले भन्या छैन । त्यो भन्या छैन ।

त्यसैले नियमावलीको उल्लेखन भ'को थियो मैले हेरेको नियमावलीमा मैले त्यहाँनिर त्यस्तो खालेको अवस्था देखिनँ मन्त्रीले क्षमा याचना गर्ने कुरा उठ्या थियो कुन चाहिँ प्रावधानअन्तर्गत त्यो क्षमा याचनाको प्रावधान छ मैले यसो हेरेको मोबाइलमा खोलेर म प्राय मोबाइल चलाउँदिन यहाँ बस्दा यहाँहरूले ख्याल गर्नुभा' होला म ध्यानपूर्वक नै सुन्छु । अगि डाटा खोलेर चलाएँ भेटिनँ किताब त बोकेर आ'को थिएँ । मैले कुन कसुर गरें जसले गर्दा आज नेपाल सरकारको मन्त्रीले यहाँ उभिएर क्षमा माग्नुपर्यो पुरानै किन ल्याइएको भन्ने प्रश्नको चर्चा गर्ने नै हो भने पनि सरकारले ल्याएको विधेयकमाथिको परिभाजनको सोलो अथुरिटी हाउसबाट गठित समितिको हो । यसबारेमा मभन्दा बढी सम्माननीय अध्यक्षज्यूमार्फत निवेदन गर्न चाहन्छु यहाँहरू नै बाफिक हुनुहुन्छ । त्यसैले अब मन्त्रीलाई भन्दैखेरि राम्रो हो त ठिकै छ । त्यो लिनु म चाहन्छु केही आपति छैन भन्न सकिन्छ मन्त्रीलाई भन्नु मैले सुन्नु पनि पर्छ यति कुरा मैले टिप्पणीमार्फत राख्न विनम्रतापूर्वक चाहें ।

अब यसमा यसका केही राम्रा पक्षहरू छन् । केही राम्रा पक्षहरू छन् केही सुधारिएर आएको छ र कतिपय कुराहरू law भनेको के हुन्छ भने जहिले पनि यो चाहिँ परिवर्तन भइरहन्छ कानुन परिवर्तन भइरहन्छ र हामीले यो law लाई चेन्ज नगरीकन वास्वतमा हुँदैन म अहिले पनि भन्छु । म व्यक्तिगत रूपमा इभन सरकार सम्माननीय प्रधानमन्त्रीज्यूलगायत हामी सबै के कुरामा प्रतिबद्ध छौं भने अहिलेको अवस्थाबाट यो एड्रेस गर्न सकिन्न तर सरकारको अर्को एउटा अतिरक धारणा छ । केवल हदम्याद बढाएरमात्रै यो समस्याको समाधान हुँदैन क्रिमिनल जस्टिज सिस्टमभित्र जुन समस्या छ । त्यो समस्याको सम्बोधन नहुँदासम्म rule of evidence अहिले प्रमाण कानुनको जुन खालको अवस्था छ र प्रमाणलाई लिने जुन तरिका छ । त्यसमा सुधार नगर्दासम्म हुँदैन । हामीले फिजिकल इभिडेन्सेसहरू भेटिन्न विटनेस आएर होस्टाइल भइदिन्छ अनि होस्टाइल गरिन्छ हामीसँग विटनेस प्रोटेक्सन छैन । भिक्टिमको प्रोटेक्सन छैन

भिक्टिमको प्रोटेक्सन गर्ने मेकानिजम छैन । अनि त्यसपछि आएर उनीहरूमाथि गरिने अरू किसिमका अनुचित प्रभावहरूलाई नियन्त्रण गर्ने हामीले मेकानिजम हामीले डेभलप गर्न सक्या छैनौं । यो तमाम कुराको रिफम नगरीकन होलिस्टिकबाट अप्रोचबाट लिगल सिस्टममा र क्रिमिनल जस्टिज सिस्टममा सुधार नगरीकन हुँदैन । त्यसैले गर्दाखेरि म यतिमात्रै निवेदन के गर्न चाहन्छु भने सबभन्दा पहिला सरकार यस सम्मानित सदनबाट पारित गरिएको सङ्कल्प प्रस्तावको स्वागत गर्छ त्यसको कार्यान्वयनमा प्रतिबद्ध छ । त्यो पूरै म एकचोटी सरकारको तर्फबाट प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।

दोस्रो यसको संवेदनशीलतालाई हेरेर प्रमुख प्रतिपक्षी दलका नेता र प्रमुख प्रतिपक्षी दलका माननीय सदस्यहरूले संशोधन प्रस्ताव नहालेर जुन सहयोग गर्नुभो' त्यसप्रति म सरकारको तर्फबाट आभार प्रकट गर्न चाहन्छु । धन्यवाद दिन चाहन्छु । त्यसै गरी जो माननीय सांसदहरूले यसमा संशोधन प्रस्ताव हाल्नुभा'को छ त्यो संशोधन प्रस्तावको पक्षमा सरकार आफै छ । त्यो त सरकारकै प्रस्ताव हो सरकारै त्यसमा स्टडी गरेर त्यसलाई अझै कसरी मिलाएर लिएर आउने हो तर अहिलै गर आजै गर तुरुन्तै गर यो स्कोपभित्र सम्भव छैन, थिएन । एउटा भनाइ छ "We make our choices, choices creates the limitation and we are the slave of the choices" हामीले चयन गर्छौं चुनाव गर्छौं छनौट गर्छौं कुनै कुराको त्यसले एउटा लिमिटेसन क्रियट गर्छ र हामी अन्ततः लिमिटेसनको दास हुन्छौं । यो केवल भनाइ होइन It applies in real life रियल लाइफमा एप्लाई हुन्छ । यो अध्यादेशमार्फत आएको प्रतिस्थापनले क्रियट गरेको लिमिटेसनभित्र पाराडाइम सिफ्ट हुने किसिमको law को चेन्जेज कति स्भाविक होला सम्माननीय सभामुखमार्फत माननीयज्यूसमक्ष राख्न चाहन्छु । पाराडाइम सिफ्ट गर्ने कुरा डिस्कोस बदल्ने कुरा त्यसको लागि काफी छलफल नगरीकन ल्याउँदाखेरिको रिक्स लेभललाई हामीले हेर्या छौं ।

यी सबै कुराहरूलाई छलफल गर्दै गर्दै मान्छेसँग इन्गेज हुनुपर्छ उनीहरूसँग स्टेकहोल्डरहरूसँग इन्गेज हुनुपर्छ छलफल गर्नुपर्छ मान्छेहरूका सोचहरू हुन्छन् । मैले भनें प्रतिनिधि सभामा जवाफ दिँदा हदम्याद बढाउनै हुन्न भन्ने एउटा School of thought छ जो गलत हो । मैले भने पूरै हदम्याद खोल्दा पनि केही महाभारत हुँदैन हुँदैन महाभारत तर हाम्रो Law Enforcement Official Competent Enough छ कि छैन ? त्यसपछि त्यसलाई थेग्नको लागि हाम्रो सिस्टमले त्यो ब्यालेन्स मिलाउन सक्छ कि सक्दैन ? सन्तुलन कायम गर्न सक्छ कि सक्दैन ? यी सब कुराहरू नगरीकन हामीले

कानुन ल्याइदिँदा एकछिन चाहिँ रमाइलो हुन सक्छ तर अनइम्पिलिमेन्ट गयो भने के हुन्छ ? त्यसपछि अरू जब एउटा एउटा सोसाइटी एउटा यस्तो सेक्सन छ र यस्तो सिस्टम छ । जो हामीले यहाँ बसेर हामीले सोच्छौँ हामी नीति बनाउँछौँ तर स्टेटमा विभिन्न फोर्सेसहरू हुन्छन् । एउटा राज्यको जीवनमा विभिन्न फोर्सेसहरू हुन्छ जो कोही सिन हुन्छन् । कोही अनसिन हुन्छन । जसले यदि सहयोग गरेन भने धेरै ठुला समस्या हुने कुरा त हामीले विगतमा हामीले देख्यौँ नि ।

त्यसैले मेरो निवेदन गराइ के हो भने लामो नगइकन यति मात्रै निवेदन गर्छु । मलाई क्षमा माग्नुपर्छ भने अहिले भनदिनिस् म माग दिन्छु । के आपत्ति छैन । मन्त्रीले ल्याउन नसकेकोमा क्षमा माग्दा यदि माननीयज्यूलाई सम्माननीय अध्यक्षज्यूमार्फत सोध्न चाहन्छु । तैंले माग्नुपर्छ भन्दा मैले माग्न तयार छु मुलुकको लागि सरकारको पक्षमा र यहाँहरूको आवाजको पक्षमा मलाई माग्न कुनै अप्ठ्यारो छैन तर भन्न पाइएर पाइयो भन्दैमा यति सम्मानित सदनमा बिनाकारण मन्त्रीलाई क्षमा माग्नुभन्नु मलाई लाग्छ राष्ट्रिय सभा नियमावलीले कतै इजाजत दिँदैन कतै अनुमति दिँदैन । यति फेरि टिप्पणी राख्दै यहाँहरूले दिनुभएको सुझावको निम्ति सबैलाई धन्यवाद । संशोधन प्रस्ताव राख्ने माननीय सदस्यहरूज्यूलाई सम्माननीय अध्यक्षज्यूमार्फत संशोधन प्रस्ताव फिर्ता लिन आग्रह गर्दै अहिलेको यो लिगल भ्याकियुम क्रियट हुने भा' हुनाले यसको यो त by default by nature हो के अध्यादेशमार्फत आ'को चिजलाई । यो सम्भव नहुने भा' हुनाले त्यसलाई फिर्ता लिइदिएर यसलाई पारित गर्न सहयोग गर्न । म आह्वान गर्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सनेदशसहित प्राप्त "यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९" माथि प्राप्त संशोधन प्रस्तावहरूलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९" माथि संशोधन पेस गर्ने संशोधन

प्रस्तुतकर्ता माननीय सदस्य डा. विमला राई पौडयाललाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहन्छु भने उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु ।

<u>**माननीय डा. विमला राई पौडयाल (मनोनीत)**</u>:- सम्माननीय अध्यक्षज्यू, बढो जटिल अवस्थामा आइपुगेको छ मेरो हातमा माइक्रोफोन अहिले कानुन रिक्ता नहोस् भन्ने कुरामा हामी सबै सचेत छौं । यहाँ बोल्नुभएका सम्पूर्ण माननीय सदस्यहरूले मेरो संशोधन प्रस्तावको पक्षमा बोल्नुभएको छ । कोही पनि विपक्षमा बोल्नुभएको छैन । इभन मन्त्रीज्यूकै पनि आश्य सुन्दाखेरि वाहाँ पनि पक्षमै हो जस्तो पनि मलाई लाग्छ । तर पनि संशोधन फिर्ता लिदिए हुन्थ्यो भन्नुहुन्छ । With due respect of all what you said Mr. Minister हइ मलाई केही भन्नुछैन । मलाई खालि यति भन्न चाहन्छु म हजुरलाई जसरी सम्माननीयज्यूमार्फत नै मैले यो मन्त्रीज्यूलाई भन्दै छु हजुरलाई जसरी सङ्कल्प प्रस्तावलाई अहिले तुरुन्तै यसै विधेयकमा पास गरोस् भनेर नियमावलीले भनेको छैन पछि गर्दाखेरि पनि हुन्छ भन्ने लाग्यो त्यसै गरी मलाई के लागिराख्या छ भने राष्ट्रिय सभाले सङ्कल्प प्रस्ताव पास गरिसकेपछि त्यही विषयसँग मिल्दो जुल्दो त्यही प्रावधानसँग मिल्दो जुल्दो प्रावधान लिएर कानुनमा हामीले यहाँ विधेयक आध्यदेशकै रूपमा आ'को प्रतिस्थापन विधेयक भए पनि त्यही प्रावधान त्यो प्रावधान यदि त्यहाँ थिएन भने हामी यति छलफल गर्ने थिएन होला त्यही प्रावधानमा सङ्कल्प प्रस्ताव हामीले जेमा राख्यौं त्यही प्रावधानमा यहाँ हामीले यो अहिले तपाईंले प्रस्तुत गर्नुभएको विधेयक चाहिँ छलफल गरेर पास गर्नुपर्ने छ । अनि हामीले कसरी पब्लिकलाई भन्न सक्छौं । हामीले सङ्कल्प प्रस्ताव पास गरेका छौं त्यो पास गरेको प्रस्ताव हामी भोलि पार्सीतिर सम्बोधन गर्छौं अहिले त्यही प्रावधानमा यो पास गर्छौं हई भनेर अर्को पास गर्न हामीलाई यो नैतिक सङ्कट पर्छ कि पर्दैन ?

मैले यति भनिरहँदा सम्माननीयज्यू मलाई माफ गर्नुहोला । यो संसदमा म क्षमा माग्छु तर मैले के भन्दै छु भने सम्माननीयज्यूकै कुर्सीमा बसेर पनि सम्माननीयज्यूले पनि यो अहिलेको यो चाहिँ प्रस्तावित विधेयकलाई पास गर्न सकिँदैन । यदि सङ्कल्प प्रस्तावलाई फिर्ता नगर्ने हो भने किनभने यो राष्ट्रिय सभाले सङ्कल्प प्रस्ताव पास गरेको छ । त्यो सङ्कल्प प्रस्ताव फिर्ता भा'को छैन । अनि सङ्कल्प प्रस्तावमा हामीले जे भन्यो त्यही विषयमा आज यहाँ हामीले कानुन पास गर्दै छौं । अर्को विषयमा पास गरिराख्याका छैनौं सम्माननीय अध्यक्षज्यू । त्यसले गर्दाखेरि मेरो अनुरोध मैले दुइटा बाटो देखेको

छु । म कानुन पढेको विद्यार्थी होइन । माननीय मन्त्रीज्यूले मलाई अहिले फेरि सम्झाउनुहुन्छहोला । ठिक छ । म कानुन पढेको मान्छे होइन तर मैले दुइटा बाटो देखेको छु । एउटा बाटो भनेको सम्माननीयज्यूले अहिले नै दलका विभिन्न दलका यहाँका नेताहरूसँग छलफल गरेर मन्त्रीसँग छलफल गरेर with condition यहाँको राष्ट्रिय सभाको यो सङ्कल्प प्रस्तावलाई एट्याच गरेर with condition यो विधेयक पास हुन्छ भनेदेखि हामी पास गर्न सक्छौं । अर्को भनेको सबैसँग फेरि पनि छलफल गरेर नै सङ्कल्प प्रस्ताव फिर्ता लिइयोस् सङ्कल्प प्रस्ताव फिर्ता लिएर हामील यो पास गर्न सक्छौं हामीलाई नैतिक सङ्कटमा सरकारले पनि पार्न हुँदैन । किनभने पब्लिकलाई हामीहरूले पनि देखाउनुपर्छ अनुहार । त्यो भएर म एकदमै दुखसाथ मैले फेरि पनि भन्दै छु कानुनमा भ्याकियुम हुन्छ मलाई थाहा छ । त्यो भएर कानुनमा भ्याकियुम पार्न म चाहन्नँ बहुमतले पास गर्छ गर्नुहस् मलाई केही भन्नुछैन । तर म मेरो संशोधन फिर्ता लिनको लागि नैतिक रूपले नै असमर्थ छु । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>ः- माननीय सदस्यहरू, संशोधन प्रस्तावकर्ता माननीय सदस्य डा. विमला राई पौडयालले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ का सम्बन्धमा पेस गर्नुभएको संशोधन प्रस्ताव फिर्ता नलिनुभएकोले उक्त संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

माननीय सदस्यहरू, यसमा अझै प्रष्ट भएन म फेरि एकचोटि अवसर दिन्छु ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९" माथि संशोधन प्रस्तावकर्ता माननीय सदस्य डा. विमला राई पौडयालले राखुभएको संशोधन प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९" माथि संशोधन पेस गर्ने संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय डा. बेदुराम भुसाललाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहन्छु भने उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु ।

<u>माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:- सम्माननीय अध्यक्ष महोदय, वास्तवमा फेरि अर्को अप्ठ्यारो स्थितिमा आइपुगियो । यो मन्त्रीजीले यहाँ जेसुकै भने पनि राष्ट्रिय सभाका निर्णय र निर्देशलाई सरकारले उपेक्ष गरेको छ भन्ने कुरा त मैले आज विशेष समयमै बोल्या छु त्यसमा मेरो अडान फेरि पनि कायमै छ यो एउटा सङ्कल्पको मात्रै कुरा होइन धेरै कुरा जोडिएका छन् । मैले समय भएको भए यो स्वविस्तार गर्न सक्थे छोटो विषयमा मैले थोरै केही उदाहरणमात्रै राख्या छु । त्यो उपेक्ष त गरेकै छ । राष्ट्रिय सभा विभिन्न हिसाबले गरिएको छ । त्यो एउटा पाटो भो' त्यसमा म अहिले धेरै चर्चा गर्न चाहन्नँ । जहाँसम्म यो संशोधन फिर्ता लिने नलिने विषय छ । पारित नगरौं कानुनको रिक्तता जे अहिले आइरहेको छ । त्यही पनि जनताले नपाउने भए । त्यही पनि पीडितहरूले नपाउने भए । त्यसकारणले पारित नगर्दा एक प्रकारले जनतालाई अन्याय गरिने हो । पारित गरौं यो भनेजस्तो भएको छैन । आफूलाई मनले चाहिँ भनेजस्तो यो कानुन बनाइयो भन्ने लाइरहेकै छैन । त्यसकारणले एकदम सङ्कटमा उभिएर म के भन्छु भने यो केही सुधार भएको अर्थमा परिवर्तनको प्रक्रिया क्रमशः मात्रात्मक ढङ्गले अगाडि बढ्छ र एउटा निश्चित बिन्दुमा पुगेपछि मात्रै गुणात्मक फाड्को मार्छ भन्ने द्वन्द्ववादी सिद्धान्त बुझेको व्यक्तिको हिसाबले यसलाई केही सुधार भएको अर्थमा लिएर र आउने दिनमा थप सुधार पनि गर्न भन्ने प्रतिबद्धता पनि मन्त्रीले व्यक्त गर्नुभ'को माननीय मन्त्रीज्यूले व्यक्त गर्नुभ'को कुरालाई साँच्चै यो प्रतिबद्धता कार्यान्वयन गरियोस् भन्ने फेरि पनि जोडका साथ म हाम्रो यो जुन संशोधन छ त्यसलाई फेरि लिन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय डा. बेदुराम भुसालले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९" का सम्बन्धमा पेस गर्नुभएको संशोधन प्रस्ताव फिर्ता लिनुभएकोले उक्त प्रस्तावलाई निर्णयार्थ पेस गरिरहनुपरेन ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९" माथि संशोधन पेस गर्ने संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय गंगा कुमारी बेलबासेलाई आफ्नो संशोधन फिर्ता लिन चाहन्छु भने उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु ।

**माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी बिहानदेखि अहिलेसम्म यति गम्भीर ढङ्गले चाहिँ छलफलमा बसिराखेका छौँ र आजको विशेष समयमा उठेका विषय पनि यतिकै गम्भीर छन् । यहाँ विभिन्न माननीयज्यूहरूले विशेष समयमा बोल्नुभो' असाध्यै गम्भीर विषयमा हामी यहाँ छलफल गरिराखेका छौँ र आज चारओटा कानुन हामीले पास गर्दै छौँ ती सबै असाध्यै महत्त्वपूर्ण छन् र यो महत्त्वलाई हेरेर अध्यादेश ल्याएर हामीले चाहिँ अगाडि बढाइराखेका थियौँ र अहिले मलाई कस्तो लागिराखेको छ भने चितवनको सीता माँझी उनलाई वैवाहिक बलात्कार पनि समाजमा अपराध हो यसको चाहिँ कानुन हुन्छ भने थाहा पाएको भए ज्यान जाने थिएन उनले उजुरी गर्थिन् र त्यो अपराधी उनको श्रीमान् अपराधमा फास्थ्यो र उनको ज्यान जोगिन्थ्यो त्योभन्दा अगाडिका घटनाहरूले उनलाई के भयो भने यो अपराध हो भन्ने फिल भएन श्रीमान् श्रीमाती बस्नु हाम्रो समाजको एउटा कर्तव्य हो । जति सुकै दमन भए पनि श्रीमान्ले गरेको दमन यो कानुन होइन यहाँ चाहिँ नियम हुँदैन यहाँ चाहिँ कसैले सुनवाइ गर्दैन भन्ने समाजमा एउटा प्रचलन छ आज यहीकारणले चाहिँ थुप्रै महिलाहरूको ज्यान गरिरहेको छ । थुप्रै चाहिँ बालिकाहरू अपराधमा परिराखेका छन् । घटनामा परिराखेका छन् । यो कुरा हामीले देखिराखेका छौँ र बुझिराखेका छौँ जतिखेरि हामीले सङ्कल्प प्रस्ताव यो सदनमा पेस गर्यौं त्यतिबेला एउटा घटना घटिराखेको थियो जसको आठ वर्षसम्म चाहिँ त्यो अपराधीले चाहिँ अपराधअनुसारको कारबाही भएको थिएन र पीडितले मैले न्याय पाउँछु भन्ने उसले

बुझेको थिएन अब मैले राख्छु खोल्छु र यसबाट मैले न्याय पाउँछु भनेर जुन किसिमले चाहिँ यहाँ छलफलमा आयो समाजमा आयो कानुनमा गयो र कानुनको खोजी गर्दाखेरि अपराधीलाई कारबाही गर्ने कानुन नभइसकेपछि यो भएको एउटा व्यापक छलफल हो यस्तो घटना घटिराखेका छन् र आज अलिकति मत्थर भएको छ यौन घटनाका घटनाहरू आज एक हप्ता दुई हप्ता कम भएको अवस्थामा हामीले यो चाहिँ बिल पास गर्न लाइरहेका छौं यो हेर्दाखेरि हामीले सहन सक्ने अवस्था छैन । हामी समाजमा एउटा डाटाले के भन्छ भने हरेक महिला आफ्नो जीवनमा कम्तीमा पनि तीनपटक चाहिँ यौन हिंसा परेको छ भनेर भन्छ । यो मान्यता राख्ने हो भने म पनि चाहिँ तीनपटक यौन हिंसामा पर्छु मेरो जीवनमा त्यसो भ'को हुनाले यस्ता घटना महिलालाई मात्रै छुने बच्चाहरूलाई मात्रै छुने आमाहरूलाई मात्रै छुने जुन विषय यहाँ उठेको छ ।

यो एउटा चाहिँ गम्भीर खालको स्थिति यहाँ सृजना भएको छ र हामीले मन्त्रीज्यूलाई पनि भनेका थियौं यो एउटै समेटेर ल्याऊँ एकैचोटि गरौं प्रतिस्थापन विधेयक आउँदै छ । यसैमा चाहिँ बढाएर लैजाऊँ हइ भनेर भनेको थिएँ र मैले के भनेको छु भने यसलाई कम्तीमा अहिले उठेको समस्यालाई कानुनले वर्तमानमा भएको समस्यालाई सम्बोधन गर्नका लागि पनि के गर्नुपर्छ भने कम्तीमा १० वर्ष अहिले म्याद बढाएर जाऊँ हदम्याद बढाएर जाऊँ र पछाडि त्यसलाई सम्बोधन गर्ने बेलामा कस्तो परिस्थिति हुन्छ । कस्तो चाहिँ समाज हुन्छ । कसरी हामी जान्छौं घटाउने वा बढाउने त्यतिखेर हामीले जिम्मा दिउँला भनेर मैले यो सदनमा सम्मानित सदनमा बोलिराखेको छु र अहिले जे कुरा मन्त्रीज्यूले राख्नुभएको छु यसलाई तुरुन्तै अर्को ढङ्गले सम्बोधन गरिन्छ भन्ने कुराहरू आइसकेपछि र अहिले यो समयको अवस्थाको यो चापमा हामी भइसकेको हुनाले म एउटा सरकार पक्षको माननीय हुनुको कारणले मैले आफ्नो प्रस्तावलाई फिर्ता लिन चाहन्छु । हस्, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, संयुक्त प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय गंगा कुमारी बेलबासेले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९" का सम्बन्धमा पेस गर्नुभएको संशोधन प्रस्ताव फिर्ता लिनुभएकोले उक्त प्रस्तावलाई निर्णयार्थ पेस गरिरहनुपरेन ।

माननीय सदस्यहरू, अब म विधेयकको दफा २ देखि ५ सम्मका दफाहरू प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ को अङ्ग बनोस्" भने निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यहरूकोले "हुन्न" भन्नुहोस् ।

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले विधेयकको दफा २ देखि ५ सम्मका दफाहरू बहुमतले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

**<u>प्रस्तावना</u>**ः यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्न बाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. **<u>सङ्क्षिप्त नाम र प्रारम्भ</u>**ः (१) यस ऐनको नाम "यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

माननीय सदस्यहरू, अब म "यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ को प्रस्तावना र नाम विधेयकको अङ्ग बनाइयोस्" भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यको बहुमत भउकोले "यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ को प्रस्तावना र नाम विधेयकको अङ्ग बनाइयोस्" भन्ने प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री गोविन्द प्रसाद शर्मा (कोइराला) लाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु ।

**<u>माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)</u>**:- सम्माननीय अध्यक्ष महोदय, सम्माननीय अध्यक्षको अनुमतिले परम्परागत भन्दा भिन्द ढङ्गले प्रस्ताव राख्न चाहन्छु । त्यो चाहिँ भन्या के भन्दा मैले । हाम्रो समाजको लक्ष्यण हामीले यहींनिर देखौं । यति भन्दै अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०६९ पारित गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुनेमा माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुनेमा माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०७९ साल साउन २ गते सोमवार अपराह्न १:०० बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक मिति २०७९ साल साउन २ गते सोमवार अपराह्न १:०० बजे बस्ने गरी यो बैठक स्थगित भयो ।)

**स्थगितः- १५:२५ बजे ।**